१ वर्ष

# पूर्णिमा

३ अंक



[इतिहास–प्रधान त्रैमासिक पत्रिका]



संशोधन–मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।
—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइ-दिनुहोला । ]

# पूर्णिमा


१ वर्ष — ३ अङ्क

[ इतिहास-प्रधान त्रैमासिक पत्रिका ]



सम्पादक–

**गौतमवज्र वज्राचार्य**

**महेशराज पन्त**

प्रकाशक–

**भोलानाथ पौडेल**

( संशोधन-मण्डलद्वारा )

प्रबन्धक–

**धनवज्र वज्राचार्य**

सहयोगीहरू–

रामजी तेवारी

देवीप्रसाद भण्डारी

शङ्करमान राजवंशी

नयनाथ पौडेल

दिनेशराज पन्त

# विषयसूची

## (ऐतिहासिक निबन्ध)


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | लिच्छविकालको पञ्चाङ्गको एक झलक | —नयराज पन्त | १—१३ |
| २. | प्राचीन मूर्त्तिकलाको विषयमा | —गौतमवज्र वज्राचार्य | १४—१८ |
| ३. | आनन्ददेव, रुद्रदेव र अमृतदेवको समयमा एउटा विचार | —भोलानाथ पौडेल | १९—२६ |
| ४. | नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्ति हुन् | —शङ्करमान राजवंशी | २६—३७ |
| ५. | भूपालेन्द्र मल्ल | —रामजी तेवारी | ३७—४६ |
| ६. | चौकोटदरबार | —धनवज्र वज्राचार्य | ४६—५१ |
| ७. | दुर्गाकृत्यकौमुदी | —नयनाथ पौडेल | ५२—५८ |
| ८. | नालापानीको लडाइँ | —महेशराज पन्त | ५८—७२ |


## (ऐतिहासिक सामान)


| | | | |
|---|---|---|---|
| ९. | पृथ्वीपति शाहका समयका निश्चित संवत् र तिथिमितिहरू | —देवीप्रसाद भण्डारी | ७३—७८ |
| १०. | दलजित् शाहको धर्मपत्र र त्यसको ऐतिहासिक व्याख्या | —दिनेशराज पन्त | ७९—८० |


## (गणितविषयक निबन्ध)


| | | | |
|---|---|---|---|
| ११. | त्रिकोणमिति (ज्योत्पत्ति) | —नयराज पन्त | ८१—९४ |
| | हाम्रो वक्तव्य | | ९५—९६ |

# लिच्छविकालको पञ्चाङ्गको❁ एक झलक

—नयराज पन्त

आजभोलि काटमाडौं शहरका बासिन्दाहरुलाई विशेष गरेर नयाँ उमेरवालाहरुलाई साझा चढ्नु, सिनेमा हेर्नु, होटेलमा खानु सामान्य कुरो भएको छ। यी तीन कुराको परिचय नपाउने उमेरदारको संख्या कमै होला। अहिलेभन्दा २० वर्षअघि काठमाडौंमा यस्तो थिएन। अहिलेभन्दा ५५ वर्षअगाडिको काठमाडौंमा बिजुली थिएन। अहिलेभन्दा ६५ वर्षअगाडि मोटरको अबाज यहाँ आइपुगेको थिएन। अहिलेभन्दा ७० वर्षअगाड़िको काठमाडौंमा कलधारा थिएन। उनताका इनार, ढुङ्गे धारा, सुनधाराहरूको पानीले गृहस्थहरू निर्वाह गर्दथे। अहिलेभन्दा ६० वर्षअगाडिको काठमाडौंमा मट्टीतेल दियासलाई थिएनन्। उनताका राति बत्ती सल्काउन काठमाडौं गणेशस्थान आदि ठाउँमा रातभर बल्ने बत्तीकहाँ पुग्नुपर्थ्यो अथवा आफ्नो घरमा अगुल्टोलाई जोगाएर राख्नुपर्थ्यो। तोरी तिलहरूको तेलबाट बल्ने बत्तीलाई रातभर बाल्न सामान्य गृहस्थ सक्तैनथे। दसैं जस्ता विशेष पर्वमा मात्र रातभर बत्ती बाल्थे। यो कुराको संभना दसैंकोठामा नवरात्रभर अखण्ड बत्ती बाल्ने चलनले हामीलाई गराउँछ। यति भन्नाको तात्पर्य अहिलेका हामीहरूको जीवनचर्यालाई विचार गरेर सय वर्षअगाडिका काठमाडौंका बासिन्दाको जीवनचर्यालाई बुझन सकिंदैन भन्ने हो।

'हामीहरूले चाहे पनि नचाहे पनि हामीलाई वर्तमान विश्वको गतिले घिच्याउन लागेको छ। यस कारण हाम्रो यहाँ जीवनमा यस्तो परिवर्तन हुन लागेको हो। प्राचीन कालमा यस्तो थिएन र हाम्रो जीवन एक नाससँग चलेर आएको थियो' भन्ने कुरा पनि कोही मानिस गर्दछन्। तर विचार गरेर हेरेको खण्डमा यो सत्य देखिदैन। किनभने लिच्छविकालको जीवनचर्या

❁तिथि, वार, नक्षत्र, योग, करण यी पाँच कुरा मिलेपछि पञ्चाङ्ग बन्दछ। प्राचीन अभिलेखहरुमा वारको चर्चा पाइँदैन। इरण (मध्यभारत) मा रहेको बुधगुप्तको पालाको वि. सं. ५४१ को अभिलेखमा सबभन्दा पहिले वारको चर्चा परेको छ। नेपालका अभिलेखमा चाहि यसभन्दा धेरै पछिसम्म पनि वारको उल्लेख पाइँदैन। लिच्छविकालका कुनै अभिलेखमा पनि अहिलेसम्म वारको चर्चा देखिएको छैन। योग र करणहरूको उल्लेख पनि लिच्छविकालका अभिलेखमा पाइएको छैन। मानदेवको चाँगुको अभिलेखमा नक्षत्रको चर्चा परेको छ। लिच्छविकालका अहिलेसम्म पाइएका अरू अभिलेखमा महीना पक्ष तिथि मात्र पाइएका छन्।

लिच्छविकालको निर्णयको लागि उठाइएको यस कामको पहिलो खुड्किलो भएको यस निबन्धको अहिलेको स्थितिको अनुरोधअनुसार 'लिच्छविकालको पञ्चाङ्गको एक झलक' भन्ने नाम राखिएको छ तापनि उनताका अहिलेका पाँच अङ्ग अहिलेको रूपमा विकसित भइसकेका थिएनन् भन्ने स्पष्ट छ।

मल्लकालको जीवनचर्यासँग नमिलेको धेरै उदाहरण पाइएका छन् । लिच्छविकालको पञ्चाङ्गगणनापद्धति र मल्लकालको पञ्चाङ्गगणनापद्धतिमा ठूलो अन्तर देखिन्छ । मल्लकालको पञ्चाङ्गगणनापद्धति आजभोलिको पञ्चाङ्गगणनापद्धतिसँग धेरै मिल्दछ । तर लिच्छविकालको पञ्चाङ्गगणनापद्धति र आजभोलिको पञ्चाङ्गगणनापद्धतिमा भने ठूलो अन्तर परिसकेको छ । अहिले हाम्रो यहाँ चलेको पञ्चाङ्गसँग लिच्छविकालको पञ्चाङ्ग कति फरक थियो भन्ने कुरो देखाउन यो निबन्ध लेखिन लागेको छ ।

लिच्छविकालको इतिहासलाई गम्भीरतापूर्वक हामी नेपालीहरूले केलाई हेर्नुपरेको छ । हामीलाई थाहा भएअनुसार लिच्छविकालका अभिलेखहरू १२८ वटा आजसम्म प्रकाशित भइसकेका छन् । ती जम्मै संस्कृत भाषामा छन् । तिनका अनुवाद, व्याख्या तिनबाट आउने इतिहास इत्यादि विषयमा धेरै परिश्रम र धैर्यसँग हामीले काम गर्नुपरेको छ । यस विषयमा सबभन्दा अप्ठ्यारो त लिच्छविकालनिर्णयले हामीलाई पारेको छ । लिच्छविकालका संवत्को विषयमा उठेका सबै तर्कहरूलाई परीक्षा गरी यथार्थ कुरो टुङ्गो लाउने निश्चय संशोधन-मण्डलले गरेको छ । लिच्छविकालको संवत्को निर्णय गर्न विद्वान्हरूले लिच्छविकालको पञ्चाङ्गको खास गरेर अधिमासको उपयोग गरेका छन् । यस कारण जिज्ञासुहरूलाई यो कुरो बुझाउन यस निबन्धमा अधिमासको स्वरूप, अहिलेका हाम्रा पञ्चाङ्गका अधिमास तथा लिच्छविकालका अभिलेखमा पाइने अधिमासको चर्चा गरिन्छ । लिच्छविकालनिर्णयको यो एउटा खुड्किलो हो । यस्ता धेरै खुड्किला चढेपछि हामी आफ्नो लक्ष्यमा पुग्नेछौं ।

## चान्द्रमान

पूर्णिमाको दिन चन्द्रमा पूरा बाटुला हुन्छन् । त्यसको भोलिपल्ट चन्द्रमा अलिकता घटेका हुन्छन् । दिनका दिन घट्तै घट्तै गई पन्ध्र दिन जतिपछि औंसीमा चन्द्रमा नदेखिने हुन्छन् । त्यसको भोलिपल्ट वा पर्सिपल्टदेखि दिनका दिन चन्द्रमाका कला बढ्दै बढ्दै गएको देखिन्छ । पन्ध्र दिन जतिपछि चन्द्रमा पूरा बाटुला हुन्छन् । यिनै दिनलाई तिथि भन्दछन् । पुगनपुग तीस दिनमा चन्द्रमाको कला घट्ने बढ्ने क्रम पूरा भई दोहरिन लाग्छ । यो क्रम सँधै चलिरहेको हुन्छ । एउटा औंसीदेखि अर्को औंसीसम्ममा चन्द्रमाको कला बढ्ने घट्ने क्रम पूरा हुन्छ । यही दुइ औंसीको बीचमा रहेको समयको नाउँ 'मास' अर्थात् 'महीना' रह्यो । यी तिथि र महीना चन्द्रमाको कलासँग सम्बन्ध राख्छन् । चन्द्रमाको चालसँग यिनको प्रत्यक्ष सम्बन्ध छ । यसै कारण यिनलाई 'चान्द्र' भन्दछन् ।

## सौरमान

दिन र रातको बढ्नु घट्नु र गर्मी जाडोका समय पनि बराबर दोहरिरहन्छन् । यिनको चाहिं सूर्यको गतिसँग सम्बन्ध हुन्छ । सूर्यको चालसँग सम्बन्ध राख्ने दिन रात बढ्नु घट्नु र गर्मी जाडो हुनु यो क्रम जति समयमा पूरा भई दोहरिन थाल्छ त्यतिलाई 'वर्ष' भन्ने चलन चल्यो ।

बिहान सूर्य पूर्वमा उदाएर पश्चिमतिर सर्दै सर्दै अस्ताई भोलिपल्ट फेरि पूर्वमा आइपुग्छन्। जति समयमा यो क्रम (सूर्यको दुइटा उदय) पूरा हुन्छ, त्यति समयलाई 'सावनदिन' वा 'कुदिन' भन्दछन्। यस दिनलाई अर्थात् सावनदिनलाई सबैले थाहा पाउँछन्। तीन शय पैंसठ्ठी चानचुन (३६५$\frac{१}{४}$) सावनदिनले 'एक वर्ष' हुन्छ। एक वर्षमा दिन रातको बढ्नु घट्नु आदि क्रम पूरा भई दोहरिन थाल्दछ । यस वर्षलाई सौर भन्दछन्।

## सौरमान र चान्द्रमानको अन्तर

सादे उनन्तीस सावनदिनमा चन्द्रमाको कला बढ्ने घट्ने क्रम पूरा हुन्छ। यिनै सादे उनन्तीस सावनदिनलाई 'महीना' भन्ने चलन चल्यो। बाह्र महीनामा तीन शय चवन्न सावनदिन हुन्छन्। यी तीन शय चवन्न सावनदिनलाई 'चान्द्रवर्ष' भन्ने चलन छ। सौर (सूर्यको चालबाट भएको) वर्षलाई दिनरातको बढ्नु घट्नु आदि क्रमले पत्ता पाउन सकिन्छ। तर चान्द्रवर्षलाई पत्ता लगाउने कुरा केही छैन। यस कारण चान्द्रवर्ष साधारण मनुष्यलाई काम लाग्दैन। तर महीना 'चान्द्र' हुनाले 'चान्द्रवर्ष' लाई छोड्न पनि सकिँदैन। सौरवर्षमा भन्दा चान्द्रवर्षमा एघार दिन कम हुन्छन्। यस कारण वर्ष र महीनामा केही फरक पर्न आउँछ। प्रतिवर्ष ११ दिनको फरक पर्दै जान्छ। यो अन्तरलाई छोडिदियो भने पुगनपुग तीन वर्षमा 'चान्द्रवर्ष' 'सौरवर्ष' को एक महीना जतिको फरक पर्न आउँछ। यो अन्तर बढ्दै बढ्दै गई ३३ वर्ष जतिमा सौरवर्ष र चान्द्रवर्षमा १ वर्षको फरक पर्न आउँछ।

## अधिमास

यस कारण उहिलेका बुद्धिमान्हरूले यस्तो फरक पार्नु उचित संभेनन् र तीन वर्ष जतिमा बढ्न आएको एक महीनालाई थप्ने रीति बसाए। यही थपिएको महीना 'अधिकमास' नामले प्रख्यात भयो।

## सूर्य र चन्द्रमा पृथ्वीबाट कहिले टाढा कहिले नजीक भइरहन्छन्

पूर्णिमाका दिन चन्द्रमा बाटुला देखिन्छन्। तर हरेक पूर्णिमामा विचार गरेर हेर्दै गयो भने बाटुला चन्द्रमा पनि कहिले ठूला र कहिले साना देखिन्छन्। वास्तवमा चन्द्रबिम्ब नै घट्छ बढ्छ भनी कल्पना गर्न सकिँदैन। टाढा भए पदार्थ सानो र नजीक आए उही पदार्थ ठूलो देखिने हुनाले चन्द्रमा पनि पृथ्वीबाट कहिले टाढा र कहिले नजीक हुँदा रहेछन् भन्ने कुरा यस घटनाबाट मनमा उठ्छ। जुन पूर्णिमाको दिन चन्द्रमा सबभन्दा साना देखिए, त्यस दिन चन्द्रमा पृथ्वीबाट सबभन्दा टाढा पुगेका रहेछन् भनी भन्न सकिन्छ। पृथ्वीबाट सबभन्दा टाढा रहेको चन्द्रकक्षा [चन्द्रमा घुम्ने बाटो] को ठाउँलाई चन्द्रमन्दोच्च भन्दछन्।

यसै गरी दिनदिनै नियत समयमा सूर्यलाई हेर्दै गयो भने सूर्यको बिम्ब पनि ठूलो सानो भएको प्रत्यक्ष देखिन्छ। जुन दिन सूर्यको बिम्ब सबभन्दा सानो देखिन्छ, त्यस दिन सूर्य र पृथ्वीको बीचको दूरी सबभन्दा धेरै भएको रहेछ भन्न सकिन्छ। त्यस दिन सूर्य पुगेको ठाउँलाई सूर्यमन्दोच्च भन्दछन्।

## सौरमास ठूला साना हुनु र अधिमासको स्थान

टाढा रहेको पदार्थ विस्तारै हिंडेको देखिन्छ। नजीकै रहेको पदार्थचाहिँ चाँडो हिंडेको देखिन्छ। एकै चालले हिंडेमा पनि यस्तो देखिन्छ। यस कारण पृथ्वीबाट टाढा नजीक भइरहने सूर्यको चाल (गति) ढीलो चाँडो भएको देखिनु स्वाभाविक हो। यस कारण उक्ति बाटो (भचक्रको बाह्र खण्डको एक खण्ड अर्थात् १ राशि = ३०°) भोग गर्न सूर्यलाई कहिले धेरै समय कहिले थोरै समय लाग्नु स्वाभाविक हुन्छ। यस कारण कुनै सौरमहीना लामा, कुनै सौरमहीना छोटा हुन गएका हुन्।

वर्षमा बाह्रवटा पूर्णिमा वा औंसी पर्ने हुनाले वर्षमा बाह्र महीना मान्नु स्वाभाविक हुन आयो। सौर महीना सामान्यतः ३० दिन चानचुनको हुन आउँछ। चान्द्रमहीनाचाहिँ २९ दिन चानचुनको हुन आउँछ। साधारणतः सौरमासभन्दा चान्द्रमास सँधै सानो हुन्छ❋। यस कारणले सौरमासभित्र चान्द्रमास पर्न आउनु स्वाभाविक हुन्छ। यस कारण दुइटा संक्रान्तिको★ बीचमा (एक सौरमासमा) दुइटा औंसी अर्थात् एक चान्द्रमास पर्न गयो भने त्यसलाई अधिकमास नाउँ दिने चलन पहिलेकाले चलाए। यस्तो गरी उनीहरूले सौरमास र चान्द्रमासलाई मिलाए। यसबाट वर्ष सौर र महीना चान्द्र मान्ने प्रथामा एकता हुन आयो। सौरवर्ष प्रत्यक्ष गर्न सकिन्छ, तर सौरमहीना प्रत्यक्ष गर्न गाह्रो छ। चान्द्रमहीना प्रत्यक्ष गर्न सकिन्छ, तर चान्द्रवर्ष प्रत्यक्ष गर्न गाह्रो छ। सजिलैसँग प्रत्यक्ष गर्न सकिने सौरवर्ष र चान्द्रमहीनालाई अघिका विद्वान्हरूले आफ्नो गणनालाई सूर्य चन्द्रको गतिसँग मिलाई जाँच्न सुगम बनाए। यही कुरा मिलाउन उनीहरूले अधिकमास पनि माने। सो अधिकमास पनि जथाभावी नमानी जुन सौरमासभित्र सिङ्गै चान्द्रमास पर्न आउँछ, त्यसलाई अधिकमास भन्ने चलन चलाए भन्ने कुरा यति लेखबाट स्पष्ट हुन्छ।

माथिको यो नियमअनुसार हाम्रा अहिलेका पञ्चाङ्ग बन्दछन्। अब यहाँ हाम्रा अहिलेका पञ्चाङ्गमा देखिएका अधिमास दिइन्छन्। साधारणतः २९½ सावनदिनको चान्द्रमास र पुगनपुग ३०½ सावनदिनको सौरमास हुन्छ। तर पौष र माघका सौरमासका सावनदिन २९½ भन्दा निकै कम हुन्छन्। यस कारण पौष माघ यी दुइ सौरमासभित्र चान्द्रमास अटाउन सक्तैन। पौष, माघमा हाम्रा पञ्चाङ्गमा अधिकमास पर्दैनन्। जस्तै—

### वि. सं. १९०१ देखि २००० सम्मका अधिमास

| | | | |
|---|---|---|---|
| वि. सं. | १९०१ मा | श्रावण | महीनामा |
| ,, | १९०४ मा | ज्येष्ठ | ,, |
| ,, | १९०७ मा | वैशाख | ,, |
| ,, | १९०९ मा | भाद्र | ,, |
| ,, | १९१२ मा | आषाढ | ,, |

❋केही सौरमासभन्दा चान्द्रमास ठूलो हुन्छ।

★सूर्यले भचक्रको बाह्र खण्डको एक खण्ड = १ राशि = ३० अंश भोग गरी अर्को राशिमा सर्ने समयलाई संक्रान्ति भन्दछन्।

| | | | |
|---|---|---|---|
| वि. सं. | १९१५ मा | ज्येष्ठ | महीनामा |
| ” | १९१७ मा | आश्विन | ” |
| ” | १९२० मा | श्रावण | ” |
| ” | १९२३ मा | ज्येष्ठ | ” |
| ” | १९२६ मा | वैशाख | ” |
| ” | १९२८ मा | भाद्र | ” |
| ” | १९३१ मा | आषाढ | ” |
| ” | १९३४ मा | ज्येष्ठ | ” |
| ” | १९३६ मा | आश्विन | ” |
| ” | १९३९ मा | श्रावण | ” |
| ” | १९४२ मा | ज्येष्ठ | ” |
| ” | १९४४ मा | चैत्र | ” |
| ” | १९४७ मा | भाद्र | ” |
| ” | १९५० मा | आषाढ | ” |
| ” | १९५३ मा | ज्येष्ठ | ” |
| ” | १९५५ मा | आश्विन | ” |
| ” | १९५८ मा | आषाढ | ” |
| ” | १९६१ मा | ज्येष्ठ | ” |
| ” | १९६३ मा | चैत्र | ” |
| ” | १९६६ मा | श्रावण | ” |
| ” | १९६९ मा | आषाढ | ” |
| ” | १९७२ मा | वैशाख | ” |
| ” | १९७४ मा | भाद्र | ” |
| ” | १९७७ मा | श्रावण | ” |
| ” | १९८० मा | ज्येष्ठ | ” |
| ” | १९८२ मा | चैत्र | ” |
| ” | १९८५ मा | श्रावण | ” |
| ” | १९८८ मा | आषाढ | ” |
| ” | १९९१ मा | वैशाख | ” |
| ” | १९९३ मा | भाद्र | ” |
| ” | १९९६ मा | श्रावण | ” |
| ” | १९९९ मा | ज्येष्ठ | ” |

(पात्राबाट)

यो शय वर्षभित्र परेका सैतीसवटा अधिमासभित्र वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन, चैत्र यी सात महीनाभित्र मात्र अधिमास दोहरिरहेका देखिन्छन् । कार्तिक, मङ्सीर, पौष, माघ, फाल्गुन यति पाँच महीनाभित्र अधिमास परेका देखिदैनन् तापनि कार्तिक, मार्ग, फाल्गुनमा अधिमास परेका थोरै उदाहरण पाइन्छन् । (अधिमास-सारणी हेर्नुहोस् ।) केरोलक्ष्मण छत्रे आदिले वि. सं. १३५--२२४० सम्ममा पर्ने अधिमास प्रकाश गराएका छन् । पौषमा र माघमा अधिमास परेका उदाहरण ती सारणीमा देखिंदैनन्* ।

## लिच्छवि-अभिलेखमा पाइएका तिथिमिति

चाँगुको मानदेवको अभिलेखमा—

"संवत् ३८६ ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि मुहूर्त्ते प्रशस्तेभिजिति"

[संवत् ३८६卐 ज्येष्ठ महीना, शुक्ल पक्ष प्रतिपदा तिथि, रोहिणी नक्षत्रमा चन्द्रमा बसेमा असल अभिजित् मुहूर्त्तमा]

---

*सूर्यको मन्दोचको गति अत्यन्त अल्प भएको हुनाले सौरमासको सावनदिनसंख्या प्रायः स्थिर रहन्छ ।

सप्तभिः स्मरहरैः खभूमिभिः सागरैरिषुभिरीक्षणर्त्तुभिः।
वत्सरैर्दिनकराद्यथाक्रमं मन्दतुङ्गविकला विवर्धते ॥

(सिद्धान्तशिरोमणिको, भगणोपपत्तिको वासनावार्त्तिकबाट)

[सूर्यको मन्दोच्चको सात वर्षमा, मङ्गलको मन्दोच्चको एघार वर्षमा, बुधको मन्दोचको दश वर्षमा, बृहस्पतिको मन्दोच्चको चार वर्षमा, शुक्रको मन्दोच्चको पाँच वर्षमा, शनैश्चरको मन्दोच्चको ६२ वर्षमा एक विकला बढ्दछ ।]

वि. सं. १९६१ मा सूर्यको मन्दोच्च २ रा १७ अं. १७ क. २६ वि. थियो । (विद्यारत्ना ८ संख्यामा यसको गणना दिइएको छ) ।

यसरी सूर्यको मन्दोच्च स्थिर जस्तै भएको हुनाले सौरमासमा पर्ने सावनदिनसंख्यामा हजारौं वर्षमा पनि विशेष फरक पर्दैन ।

राम्रोसँग खुलाएर नलेखेसम्म यो विषय जिज्ञासुहरूको मनमा चढ्न सक्दैन । अहिले यहाँ प्रसङ्गवश थोरै मात्र कुरा लेखिएको छ । लिच्छविकालको पञ्चाङ्गगणनापद्धति दिंदा यस विषयमा विस्तारपूर्वक विचार गरिनेछ ।

卐लिच्छविकालका अभिलेखमा दुइ थरी संवत् पाइन्छन्, ती संवत्को निर्णय विभिन्न विद्वान्हरूले विभिन्न रूपले गरेका छन् । जस्तै—

यहाँको यो ३८६ संवत्लाई भगवान्लालले विक्रमसंवत्; ऐ. शि. बाबुराम आचार्य, दीनेशचन्द्र सरकारहरूले वि. सं. भन्दा १३५ वर्षपछि चलेको शकसंवत्, सिलवेन लेवीले वि. सं. भन्दा १६७ वर्षपछि उठेको लिच्छविसंवत, फ्लीट, काशीप्रसाद जायसवालहरूले वि. सं. भन्दा ३७६ वर्षपछि उठेको गुप्तसंवत् मान्नुभएको छ ।

लाजिमपाटको मानदेवको पालाको नरवर्माको अभिलेखमा—

"ज्येष्ठमासे शुक्लदिवा" [ज्येष्ठ महीना शुक्ल पक्षका दिन]

लाजिमपाटको र तिलगङ्गाको मानदेवको अभिलेखमा—

"वैशाखशुक्लदिवा" [वैशाख महीना शुक्ल पक्षका दिन]

लाजिमपाटको मानदेवकी रानी क्षेमसुन्दरीको अभिलेखमा—

"ज्येष्ठमासे शुक्लपक्षे दिव" [ज्येष्ठ महीना शुक्ल पक्षका दिन]

विशालनगर ढुँडालदेवीको मन्दिरको अभिलेखमा—

"ज्येष्ठमासे शुक्लदिवा" [ज्येष्ठ महीना शुक्ल पक्षका दिन]

देउपाटनको मानदेवको पालाको रत्नसंघको अभिलेखमा—

"आषाढ़मासे शुक्लदिवा" [आषाढ़ महीना शुक्ल पक्षका दिन]

टेबहालको मानदेवको पालाको गुहमित्रको अभिलेखमा—

"आषाढशुक्लस्य तिथौ पञ्चदश्यां" [आषाढ़ महीना शुक्ल पक्ष पूर्णिमा तिथिमा]

पञ्चदेवलको अभिलेखमा—

"माघपौर्णमास्याम्" [माघ महीमा पूर्णिमा तिथिमा]

पशुपतिको मानदेवको पालाको जयलम्भको अभिलेखमा—

"ज्येष्ठशुक्लदिवा" [ज्येष्ठ महीना शुक्ल पक्षका दिन]

लाजिमपाटको मानदेवकी रानी गुणवतीको अभिलेखमा—

"ज्येष्ठशुक्लदिवा" [ज्येष्ठ महीना शुक्ल पक्षका दिन]

---

यो गडबडीको समाधान गर्न हामीहरू शक्तिभर कोशिश गर्दैछौं। यो समाधान धेरैपछि हुनेछ। यस कारण अहिले हामीले यस विषयमा नबोल्नु नै श्रेयस्कर सम्झेका छौं।

लिच्छविकालको अङ्कको बारेमा पनि यस्तै गडबडी छ। जस्तै— पशुपतिको द्वितीय जयदेवको अभिलेखको संवत् १५३ भनी भगवानलालहरूले; १५९ भनी ऐ. शि. बाबुराम आचार्य, टुची का अनुयायीहरूले मान्नुभएको छ। संशोधन-मण्डलले चाहिं १५७ भनी सिद्ध गरेको छ। (इतिहास-संशोधनको ५५ संख्या हेर्नुहोस्।) लिच्छविकालका पाइएसम्मका सबै अङ्कका परीक्षा पनि पछि हामी गर्नेछौं। किनभने सो काम नगरी लिच्छविसंवत्को निर्णय गर्न सकिंदैन। यस कारण अहिलेलाई संवत्को अङ्क लेख्न पछि सिद्ध गर्नुपर्ने कुरा अघिबाट लेख्ता हेत्वाभास दोष पर्ने हुनाले सो दोषबाट दूर रहन अभिलेखमा पाइएका महीना, पक्ष, तिथिको मात्र यस निबन्धमा उद्धरण गरिन्छ। अङ्कबाट तिथिको उल्लेख भएको ठाउँमा चाहिं तिथिको उल्लेख पनि यस निबन्धमा गरिएको छैन।

अभिलेखहरू संपादन गर्ने सज्जनहरूका नाम हामीले धेरै ठाउँमा लिइसकेका छौं। पछि हाम्रो यो काम पूर्ण भएपछि पनि उहाँहरूको नाम लिनेछौं। यस कारण छोटकरीका लागि हामीले अभिलेखका संपादकहरूको नाम यहाँ लिएका छैनौं।

पलाञ्चोकको मानदेवको पालाको विजयस्वामिनीको अभिलेखमा—

"माघशुक्लपौर्णमास्याम्" [माघ महीना शुक्ल पक्ष पूर्णिमाका दिन]

चाँगुनारायणको मानदेवको पालाको निरपेक्षको अभिलेखमा—

"कार्तिकशुक्लदिवा" [कार्तिक महीना शुक्ल पक्षका दिन]

सूर्यघाटको मानदेवकी छोरी विजयवतीको अभिलेखमा—

"आषाढशुक्लदिव" [आषाढ महीना शुक्ल पक्षका दिन]

देउपाटनको मानदेवको पालाको प्रभुसंघको अभिलेखमा—

"माघशुक्लपक्षदिवा" [माघ महीना शुक्ल पक्षका दिन]

चाबहिलको अभिलेखमा—

"माघवर्षे काले आषाढशुदिव" [माघ वर्षमा आषाढ महीना शुक्ल पक्षका दिन]

पशुपतिको छत्रचण्डेश्वरको अभिलेखमा—

"चैत्रकृष्णपञ्चमी... ज्येष्ठशुक्लत्रयोदश्यां"

[चैत्र महीना कृष्ण पक्ष पञ्चमी तिथि... ज्येष्ठ महीना शुक्ल पक्ष त्रयोदशी तिथिमा]

थानकोट आदिनारायणको मन्दिरको अभिलेखमा—

"मार्गशीर्षशुक्लदिवा" [मार्ग महीना शुक्ल पक्षका दिन]

पाटन बाहालुखाको वसन्तदेवको अभिलेखमा—

"द्वितीयपौषे शुक्लदिव" [दोस्रो पौष महीना शुक्ल पक्षका दिन]

जैसीदेवलको वसन्तदेवको अभिलेखमा—

"आश्वयुजि शुक्लदिवा" [आश्विन महीना शुक्ल पक्षका दिन]

त्रिसिपिंडीको अभिलेखमा—

"प्रथमाषाढशुक्लदशम्याम्" [पहिलो आषाढ महीना शुक्ल पक्ष दशमी तिथिमा]

पाटन खपिंछेको वसन्तदेवको अभिलेखमा—

"पौषशुक्लतिथौ तृतीयस्याम्" [पौष महीना शुक्ल पक्ष तृतीया तिथिमा]

चौकीटारको वसन्तदेवको अभिलेखमा—

"ज्येष्ठशुक्लदिवा" [ज्येष्ठ महीना शुक्ल पक्षका दिन]

बलम्बु पासिंखरको वसन्तदेवको अभिलेखमा—

"ज्येष्ठकृष्णदिव" [ज्येष्ठ महीना कृष्ण पक्षका दिन]

भस्मेश्वरको अभिलेखमा—

"चैत्रशुक्लदिवा" [चैत्र महीना शुक्ल पक्षका दिन]

साँखु दुगाहिटीको वामनदेवको पालाको अभिलेखमा—

"ज्येष्ठशुक्लदिव अष्टम्याम्" [ज्येष्ठ महीना शुक्ल पक्ष अष्टमी तिथिमा]

पशुपति वत्सलादेखि पश्चिमपट्टिको अभिलेखमा—

"ज्येष्ठमासे तिथौ द्वितीयायाम्" [ज्येष्ठ महीना द्वितीया तिथिमा]

पशुपतिबाट मृगस्थली जाने बाटोको रामदेव र क्रमलीलको अभिलेखमा—

"वैशाखे शुक्लदिवापौर्णमास्यां" [वैशाख महीना शुक्ल पक्ष पूर्णिमा तिथिमा]

हाँडिगाउँको मानदेवकी छोरीका छोरा भारविको अभिलेखमा—

"फाल्गुणशुक्लदिवा" [फाल्गुन महीना शुक्ल पक्षका दिन]

फर्पिङको अभिलेखमा—

"वैशाखमासकृष्णपक्षे तिथौ द्वादश्याम्" [वैशाख महीना कृष्ण पक्ष द्वादशी तिथिमा]

ब्रह्मटोलको अभिलेखमा—

"द्वितीय आषाढ" [दोस्रो आषाढ महीना]

चौकीटारको गणदेव र भौमगुप्तको पालाको अभिलेखमा—

"श्रावणशुक्लप्रतिपदि" [श्रावण महीना शुक्ल पक्ष प्रतिपदा तिथिमा]

देउपाटन त्यागलटोलको गणदेव र भौमगुप्तको पालाको अभिलेखमा—

"प्रथमाषाढशुक्लद्वितीयायाम्" [पहिलो आषाढ महीना शुक्ल पक्ष द्वितीया तिथिमा]

चपलीगाउँको गणदेवको अभिलेखमा—

"श्रावणशुक्लदिवाद्वादश्याम्" [श्रावण महीना शुक्ल पक्ष द्वादशी तिथिमा]

पाटन च्यासलटोलको अभिलेखमा—

"फाल्गुनशुक्लदिवापञ्चम्याम्" [फाल्गुन महीना शुक्ल पक्ष पञ्चमी तिथिमा]

चापागाउँको शिवदेवको अभिलेखमा—

"वैशाखशुक्लपञ्चम्याम्" [वैशाख महीना शुक्ल पक्ष पञ्चमी तिथिमा]

पाटन भीमसेनस्थानको शिवदेव र अंशुवर्माको अभिलेखमा—

"वैशाखमासे शुक्लदिवादशम्याम्" [वैशाख महीना शुक्ल पक्ष दशमी तिथिमा]

भक्तपुर गोलमाढीटोलको शिवदेव र अंशुवर्माको अभिलेखमा—

"ज्येष्ठशुक्लदिवादशम्याम्" [ज्येष्ठ महीना शुक्ल पक्ष दशमी तिथिमा]

भक्तपुर तुलाछेटोलको शिवदेव र अंशुवर्माको अभिलेखमा—

"(शु)क्लदिवा (प)ञ्चम्याम्" [शुक्ल पक्ष पञ्चमी तिथिमा]

धर्मपुरको शिवदेव र अंशुवर्माको अभिलेखमा—

"प्रथमाषाढशुक्लदिवाद्वादश्याम्" [पहिलो आषाढ महीना शुक्ल पक्ष द्वादशी तिथिमा]

बूढानीलकण्ठको शिवदेव र अंशुवर्माको अभिलेखमा—

"प्रथमाषाढशुक्लद्वादश्याम्" [पहिलो आषाढ महीना शुक्ल पक्ष द्वादशी तिथिमा]

सतुङ्गलको...र अंशुवर्माको अभिलेखमा—

"प्रथमपौषशुक्लदिवाद्वादश्याम्" [पहिलो पौष महीना शुक्ल पक्ष द्वादशी तिथिमा]

टोखाको अभिलेखमा—

"शुक्लदिवादशम्याम्" [शुक्ल पक्ष दशमी तिथिमा]

धर्मपुरको अभिलेखमा—

"माघशुक्लद्वादश्याम्" [माघ महीना शुक्ल पक्ष द्वादशी तिथिमा]

खोपासीको शिवदेव र अंशुवर्माको अभिलेखमा—

"चैत्रकृष्णपक्षे तिथौ पञ्चम्याम्" [चैत्र महीना कृष्ण पक्ष पञ्चमी तिथिमा]

बनेपाको शिवदेव र...को अभिलेखमा—

"श्रावणमासे" [श्रावण महीनामा]

लेलेको शिवदेव र अंशुवर्माको अभिलेखमा—

"आश्वयुजशुक्लदिवा" [आश्विन महीना शुक्ल पक्षका दिन]

हाँडिगाउँको अंशुवर्माको अभिलेखमा—

"ज्येष्ठशुक्लषष्ठ्याम्" [ज्येष्ठ महीना शुक्ल पक्ष षष्ठी तिथिमा]

हाँडिगाउँको अंशुवर्माको अभिलेखमा—

"आषाढशुक्लत्रयोदश्याम्" [आषाढ महीना शुक्ल पक्ष त्रयोदशी तिथिमा]

साँगाको अंशुवर्माको अभिलेखमा—

"भाद्रपदशुक्लदिवा" [भाद्र महीना शुक्ल पक्षका दिन]

पाटन सुनधाराको अभिलेखमा—

"प्रथमपौषशुक्लद्वितीयायाम्" [पहिलो पौष महीना शुक्ल पक्ष द्वितीया तिथिमा]

बुङ्मतीको अंशुवर्माको अभिलेखमा—

"ज्येष्ठशुक्लदशम्याम्" [ज्येष्ठ महीना शुक्ल पक्ष दशमी तिथिमा]

कान्तिपुर ज्याबहालको अभिलेखमा—

"श्रा(वण)शुक्लदिवासप्तम्याम्" [श्रावण महीना शुक्ल पक्ष सप्तमी तिथिमा]

देउपाटनको अंशुवर्माको अभिलेखमा—

"वैशाखशुक्लदिवादशम्याम्" [वैशाख महीना शुक्ल पक्ष दशमी तिथिमा]

भन्सारहिटी नक्सालको अंशुवर्माको अभिलेखमा—

"अष्टम्याम्" [अष्टमी तिथिमा]

बटुको अंशुवर्माको अभिलेखमा—

"आषाढशुक्लदिवापञ्चम्याम्" [आषाढ महीना शुक्ल पक्ष पञ्चमी तिथिमा]

टुंडिखेलको हाल पुरिएको सात धाराको अंशुवर्माको पालाको विभुवर्माको अभिलेखमा—

"ज्येष्ठशुक्ल" [ज्येष्ठ महीना शुक्ल पक्ष]

पाटन छिन्नमस्ताको ध्रुवदेव र जिष्णुगुप्तको अभिलेखमा—

"कार्तिकशुक्ल" [कार्तिक महीना शुक्ल पक्ष]
मालटारको ध्रुवदेव र...को अभिलेखमा—

"(मा)घकृष्णद्वादश्यां" [माघ महीना कृष्ण पक्ष द्वादशी तिथिमा]
बलम्बुको भीमार्जुनदेव र जिष्णुगुप्तको अभिलेखमा—

"आश्वयुजशुक्लपञ्चम्याम्" [आश्विन महीना शुक्ल पक्ष पञ्चमी तिथिमा]
थानकोटको भीमार्जुनदेव र जिष्णुगुप्तको अभिलेखमा—

"शुक्लदिवाद्वि(तीयायाम्)" [शुक्ल पक्ष द्वितीया तिथिमा]
मालीगाउँको अभिलेखमा—

"फाल्गुनशुक्लसप्तम्यां" [फाल्गुन महीना शुक्ल पक्ष सप्तमी तिथिमा]
यङ्गालहिटीको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा—

"फाल्गुनशुक्लद्वितीयायाम्" [फाल्गुन महीना शुक्ल पक्ष द्वितीया तिथिमा]
सुनागूठी भृङ्गारेश्वरको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा—

"फाल्गुनशुक्लद्वितीयायाम्" [फाल्गुन महीना शुक्ल पक्ष द्वितीया तिथिमा]
पाटन तलेजुचोकको नरेन्द्रदेवको अभिलेखमा—

"पौषशुक्लपञ्चम्याम्" [पौष महीना शुक्ल पक्ष पञ्चमी तिथिमा]
पशुपति मन्दिरनिरको नरेन्द्रदेवको पालाको अभिलेखमा—

"ज्यैष्ठकृष्णदिवासप्तम्याम्" [ज्येष्ठ महीना कृष्ण पक्ष सप्तमी तिथिमा]
यङ्गालहिटीको नरेन्द्रदेवको अभिलेखमा—

"भाद्रपदशुक्लद्वितीयायाम्" [भाद्र महीना शुक्ल पक्ष द्वितीया तिथिमा]
देउपाटन कसाइँटोलको नरेन्द्रदेवको अभिलेखमा—

"कार्तिकशुक्लद्वितीयायाम्" [कार्तिक महीना शुक्ल पक्ष द्वितीया तिथिमा]
नक्साल भगवतीबहालको नरेन्द्रदेवको पालाको विष्णुदेवको अभिलेखमा—

"कार्तिकशुक्लनवम्याम्" [कार्तिक महीना शुक्ल पक्ष नवमी तिथिमा]
अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखमा—

"कार्तिकशुक्लैकादश्याम्...द्वादश्यां...माघशुक्लद्वादश्याम्...फाल्गुनमासेनज्येष्ठशुक्लैकादश्यां.......कृष्णदिवादशम्याम्"

[कार्तिक महीना शुक्ल पक्ष एकादशी तिथिमा...द्वादशी तिथिमा...माघ महीना शुक्ल पक्ष द्वादशी तिथिमा...फाल्गुन महीनाले...ज्येष्ठ महीना शुक्ल पक्ष एकादशी तिथिमा...कृष्ण पक्ष दशमी तिथिमा]
पाटन गैह्रीधाराको नरेन्द्रदेवको अभिलेखमा—

"भाद्रपदशुक्लदिवा (ष) ष्ठ्याम्" [भाद्र महीना शुक्ल पक्ष षष्ठी तिथिमा]
पाटन वटुकभैरवको अभिलेखमा—

"त्रयोदश्याम्" [त्रयोदशी तिथिमा]
बलम्बुविहारको अभिलेखमा—

"वैशाखशुक्लदिवादशम्याम्" [ वैशाख महीना शुक्ल पक्ष दशमी तिथिमा ]
पाटन च्यासलटोल गणेशस्थानको अभिलेखमा—

"पौषशुक्लदिवादशम्याम्" [ पौष महीना शुक्ल पक्ष दशमी तिथिमा ]
पशुपति वज्रघरको अभिलेखमा—

"ज्यैष्ठशुक्लदिवात्रयोदश्याम्" [ ज्येष्ठ महीना शुक्ल पक्ष त्रयोदशी तिथिमा ]
पाटन यागबहालको नरेन्द्रदेवको अभिलेखमा—

"ज्यैष्ठशुक्लसप्तम्याम्" [ ज्येष्ठ महीना शुक्ल पक्ष सप्तमी तिथिमा ]
बलम्बुको शिवदेवको अभिलेखमा—

"पञ्चम्याम्" [ पञ्चमी तिथिमा ]
पाटन मछिन्द्रबहालबाहिरको अभिलेखमा—

"वैशाखशुक्लदिव" [ वैशाख महिना शुक्ल पक्षका दिन ]
नाला लगनटोल भगवतीमन्दिरअगाडिको शिवदेवको पालाको अभिलेखमा—

"जेष्ठशुक्लदशम्याम्" [ ज्येष्ठ महीना शुक्ल पक्ष दशमी तिथिमा ]
लगन विष्णुमूर्तिको शिवदेवको अभिलेखमा—

"फाल्गुनशुक्लदिवादशम्याम्" [ फाल्गुन महीना शुक्ल पक्ष दशमी तिथिमा ]
सुनागूठी भृङ्गारेश्वरको शिवदेवको अभिलेखमा—

"भाद्रपदशुक्ल" [ भाद्र महीना शुक्ल पक्ष ]
पाटन च्यासलटोलको अभिलेखमा—

"ज्येष्ठशुक्लपञ्चम्याम्" [ ज्येष्ठ महीना शुक्ल पक्ष पञ्चमी तिथिमा ]
पाटन मीननाथको अभिलेखमा—

"पौषशुक्लदिवातृतीयस्याम्" [ पौष महीना शुक्ल पक्ष तृतीया तिथिमा ]
जैसीदेवलको अभिलेखमा—

"वैशाखशुक्लद्वितीयायाम्" [ वैशाख महीना शुक्ल पक्ष द्वितीया तिथिमा ]
पशुपतिको जयदेवको अभिलेखमा—

"कार्तिकशुक्लनवम्याम्" [ कार्तिक महीना शुक्ल पक्ष नवमी तिथिमा ]
ठिमीको अभिलेखमा—

"आश्वयुजि कृष्णषष्ठ्या (म्) [ आश्विन महीना कृष्ण पक्ष षष्ठी तिथिमा ]
नक्साल नारायणचौरको अभिलेखमा—

"पौषशुक्लपञ्चम्याम्" [ पौष महीना शुक्ल पक्ष पञ्चमी तिथिमा ]
पाटन मङ्गलबजारको अभिलेखमा—

"कार्तिक···दिवादशम्याम्" [ कार्तिक महीना दशमी तिथिमा ]

पाटन सुबहालको अभिलेखमा—

"माघशुक्लदिवा" [ माघ महीना शुक्ल पक्षका दिन ]

हनूमान्ढोकाको अभिलेखमा—

"आषाढकृष्णसप्तम्याम्" [ आषाढ महीना कृष्ण पक्ष सप्तमी तिथिमा ]

## लिच्छविकालका अभिलेखमा परेका अधिमास

पाटन वाहालुखाको वसन्तदेवको अभिलेखमा—

(१) "द्वितीयपौषे शुक्लदिव" [ दोस्रो पौष महीना शुक्ल पक्षका दिन ]

किसिपिंडीको अभिलेखमा—

(२) "प्रथमाषाढशुक्लदशम्याम्" [ पहिलो आषाढ महीना शुक्ल पक्ष दशमी तिथिमा ]

ब्रह्मटोलको अभिलेखमा—

(३) "द्वितीय आषा(ढ)" [ दोस्रो आषाढ महीना ]

देउपाटन त्यागलटोलको गणदेव र भौमगुप्तको पालाको अभिलेखमा--

(४) "प्रथमाषाढशुक्लद्वितीयाम्" [ पहिलो आषाढ महीना शुक्ल पक्ष द्वितीया तिथिमा ]

धर्मपुरको शिवदेव र अंशुवर्माको अभिलेखमा—

(५) "प्रथमाषाढशुक्लदिवाद्वादश्याम्" [ पहिलो आषाढ महीना शुक्ल पक्ष द्वादशी तिथिमा ]

बूढानीलकण्ठको शिवदेव र अंशुवर्माको अभिलेखमा—

(६) "प्रथमाषाढशुक्लद्वादश्याम्" [ पहिलो आषाढ महीना शुक्ल पक्ष द्वादशी तिथिमा]

सतुङ्गलको .. र अंशुवर्माको अभिलेखमा—

(७) "प्रथमपौषशुक्लदिवाद्वादश्याम्" [ पहिलो पौष महीना शुक्ल पक्ष द्वादशी तिथिमा]

पाटन सुनधाराको अभिलेखमा—

(८) "प्रथमपौषशुक्लद्वितीयायाम्" [ पहिलो पौष महीना शुक्ल पक्ष द्वितीया तिथिमा]

आजभोलि चलेको हाम्रो पञ्चाङ्गगणनाअनुसार वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन, चैत्र यी ७ महीनामा प्रायः अधिमास परेका देखिन्छन् । कार्तिक, मार्ग, फाल्गुनमा पनि विरलाकोटि अधिमास परेका देखिन्छन् । लिच्छविकालका अभिलेखबाट भने आषाढ र पौषमा मात्र अधिमास परेका देखिन्छन् । हाम्रा पञ्चाङ्गमा पौषमा अधिमास परेको उदाहरण पाइँदैन । तर लिच्छविकालमा पौषमा अधिमास परेका प्रशस्त उदाहरण पाइन्छन् ।

वैशाख, ज्येष्ठ, श्रावण, भाद्र. आश्विन; चैत्र यी ६ महीनामा लिच्छविकालमा अधिमास देखिंदैनन् । हाम्रा पञ्चाङ्गमा भने यी ६ महीनामा अधिमास दोहरिरहन्छन् । पौष महीनामा लिच्छविकालमा अधिमास देखिन्छ, तर हाम्रो अहिलेको पञ्चाङ्गमा पौषमा अधिमास देखिंदैन । यसरी अहिलेको गणनाअनुसार अधिमास पर्नुपर्ने महीनामा लिच्छविकालको गणनाअनुसार अधिमास नपर्ने र अहिलेको हाम्रो गणनाअनुसार अधिमास नपर्ने महीनामा लिच्छविकालको गणनाअनुसार अधिमास पर्न आएको देखिन्छ ।

यति कुराबाट लिच्छविकालको पञ्चाङ्गगणनापद्धति अहिले हाम्रो यहाँ चलेको पञ्चाङ्गगणनापद्धतिसँग मेल खाँदैनथ्यो भन्ने देखिन्छ ।

# प्राचीन मूर्तिकलाको विषयमा

—गौतमवज्र वज्राचार्य

कलाकारले आफ्नो अभ्यासद्वारा आर्जेको शिल्पशक्तिले ढुङ्गा तथा अरू धातु आदि निर्जीव पदार्थमा पनि सजीवता भरिदिन्छ । त्यसले दर्शकहरूको मनमा विभिन्न भाव उत्पन्न गराइदिन्छ । यस कारण मनुष्यजीवनमा कलाकृति एउटा आवश्यक वस्तुको रूपमा प्राचीन कालदेखि चलेर आएको पाइन्छ ।

आफ्नो समयका केही कुराको प्रतिविम्ब कलाकारले आफ्नो कलाकृतिमा छोडेर जाने हुनाले कुनै एउटा सानो कलात्मक वस्तु पनि त्यो रचना भए ताकाका केही कुरालाई प्रकाशमा ल्याउन समर्थ हुन्छ । देशको समुन्नत अवस्थामा बनेका कलाकृतिहरूमा अरू समयमा बनेका कलाकृतिहरूमा भन्दा निकै भिन्नता भेट्टाइन्छ । लिच्छविहरूको व्यवस्थित शासन प्रबन्धमा बनेको कुनै कलात्मक वस्तुसँग त्योभन्दा पछिल्लो कालको कुनै कलाकृतिको तुलना गरी हेरेको खण्डमा यो कुरा सजिलैसँग थाहा पाइन्छ ।

धर्ममा ठूलो आस्था राख्ने नेपालीहरूको कलाकृति पनि प्राचीन कालदेखि धर्मकै आश्रयमा हुर्केको देखिन्छ । जुन जुन समयमा जुन जुन संप्रदायको विशेष प्रचार भयो, सो सो संप्रदायका देवदेवीहरूका मूर्ति चित्र तथा मन्दिरहरू सो सो समयका भेट्टाइन्छन् । तिनै मूर्ति चित्र तथा मन्दिरहरूको आधारमा प्राचीन नेपाली कलाले आफ्नो सत्ताको संरक्षण गरेको छ ।

ढुंगा आदि चिरस्थायी पदार्थद्वारा निर्माण हुने हुँदा मूर्तिकलाको इतिहास चित्रकलाको भन्दा लामो हुनु स्वाभाविक छ । हाम्रो देशको प्रामाणिक इतिहास पाइने समयदेखि नै नेपाली मूर्तिकलाका नमूनाहरू उपलब्ध छन् । परन्तु नेपाली मूर्तिकलाका विवेचकहरूले यस क्षेत्रमा प्रमाणको आधारमा कलम चलाउने नगरेकाले आनकातान फरक पर्न गएको छ । प्रस्तुत निबन्धमा त्यसका केही उदाहरण पाठकहरूको समक्ष राखिएका छन् ।

वाइ. जी. कृष्णमूर्तिको 'किङ् महेन्द्र अफ् नेपाल' (नेपालका राजा महेन्द्र) भन्ने ग्रन्थ हुनै प्रकाशित भएको छ । सो ग्रन्थमा उहाँले 'मूर्तिकला' भन्ने प्रकरणमा बूढानीलकण्ठको चित्र दिनुभएको छ । सो चित्रको परिचयको लागि उहाँले यस्तो लेख्नुभएको छ—

"बुडानीलकण्ठ (विष्णु) लाइङ् अन् ए राफ्ट् अफ् स्नेक्स् ए सेकन्ड् सेन्च्युरि स्टोन् कार्भिङ्"

(८२ पृष्ठ)

[जकडिएर रहेका नागसमूहमा पल्टेका बूढानीलकण्ठ (विष्णु) ईस्वीको दोस्रो शताब्दीको ढुङ्गाको शिल्प]

यसरी उहाँले बूढानीलकण्ठलाई विक्रमको दोस्रो वा तेस्रो शताब्दीको भनी मान्नुभएको छ । तर सो मूर्ति सो शताब्दीको हो भन्ने कुरा सिद्ध गर्नाका लागि उहाँले कुनै प्रमाण सो पुस्तकमा दिनुभएको छैन । बूढानीलकण्ठको सो मूर्ति कहिले कसले बनाएको हो भन्ने कुरा निर्णय गर्ने साधन पाइएका छन् । यस कारण अब यहाँ यस विषयमा विचार गरिन्छ ।

अंशुवर्मापछि मूल राजगद्दीमा लिच्छवि राजा ध्रुवदेव बसे तापनि शासनको अधिकार जिष्णुगुप्तको हातमा रहन गएको थियो। केही समयपछि मूल राजगद्दीमा भीमार्जुनदेव बसे, शासनाधिकारचाहिं जिष्णुगुप्तकै हातमा रह्यो। यसको केही समयपछि मूल राजगद्दीमा भीमार्जुनदेव र शक्तिशाली शासकको रूपमा विष्णुगुप्त देखा पर्छन्। यो कुरा अहिलेसम्म प्रकाशमा आएका लिच्छविकालका शिलालेखले देखाउँछन्।

भीमार्जुनदेव र विष्णुगुप्तको काठमाडौं यङ्गालहिटीको अभिलेखमा जलशयन विष्णुको लोठू मूर्ति बनाउन चाहिने ढुङ्गा तानेर ल्याइदिएका हुनाले प्रसन्न भएर दक्षिणकोलीग्रामका बासिन्दालाई केही सुविधा गरिदिएको कुरा परेको छ। सो शिलालेखको केही भाग यस प्रकारको छ—

लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीभीमार्जुनदेवस्तत्सहितः ... श्रीविष्णुगुप्तः कुशली भविष्यतो नेपालभूभुजो यथार्हम्प्रतिमान्यानुदर्शयति विदितमस्तु भवतां...भगवतो विष्णोर्जलशयनरूपनिष्पादनयोग्यबृहच्छिलाकर्षणव्यापारपरितुष्टैरस्माभिर्दक्षिणकोलीग्रामस्य... सीमानिवासिनां पदककेयूरनूपुरान् वर्जयित्वान्यैः प्रसादाभरणपरिभोगैः प्रसादः कृतः...

(भीमार्जुनदेव र विष्णुगुप्तको यङ्गालहिटीको अभिलेखबाट। रेनिइरो नोलीद्वारा 'नेपालका गुप्ताक्षरी अभिलेख' मा ६१ संख्याको रूपमा यो अभिलेख प्रकाशित भएको छ।)

[लिच्छवि कुलका भण्डा जस्ता भएका भट्टारक (गद्दीनशीन) महाराज श्रीभीमार्जुनदेवसहित भएर (गाथमा) आराम रहेका श्रीविष्णुगुप्तले पछि हुने नेपालका राजाहरूलाई सम्मान गरेर बाटो देखाउनुभएको छ–तपाईंहरूलाई थाहा होस्...भगवान् विष्णुको जलशायी मूर्ति बनाउन लायकको ठूलो ढुङ्गा तानेर ल्याउने कामले खुशी भएका हामीबाट दक्षिण कोलीग्रामका बासिन्दाहरूलाई पदक (खुट्टामा लाउने गहनाविशेष, कल्ली) केयूर (बाजू) नूपुर (पाउजेब)लाई छोडेर अरु गहना लाउन हुने गरी निगाह गरियो।]

यसबाट विष्णुगुप्तले जलशयन नारायण बनाउन लगाएका थिए भन्ने कुरो बुझिन्छ। यहाँ स्थानको उल्लेख गरिएको छैन तापनि स्थिति मल्लको समयमा लेखिएको गोपालराजवंशावलीमा परेको विष्णुगुप्तको वर्णन पढेपछि विष्णुगुप्तले स्थापना गरेका ती ठूला जलशयननारायण वर्तमान बूढानीलकण्ठ नै हुन् भन्ने कुरा बुझिन्छ यस कारण गोपालवंशावलीको सो भाग उद्धृत गरिन्छ—

"राजा श्रीविष्णुगुप्त...तेन नरसिंहस्थाने महाच्छिलामय विष्णु जलसयन अतिसुन्दर आवाससहित कृतवान्..." [२२ पत्रबाट]

[राजा श्रीविष्णुगुप्त...उहाँले नरसिंहस्थानमा ढुङ्गाको अतिसुन्दर ठूला जलशायी विष्णु स्थापना गर्नुभयो, मन्दिर पनि बनाउनुभयो।]

यहाँ गोपालवंशावलीमा विष्णुगुप्तले नरसिंहस्थानमा जलशयन विष्णु स्थापना गरे भन्ने कुरा स्पष्ट रूपमा लेखिएको छ। 'नरसिंहस्थान' भन्ने उल्लेख यहाँ भएको हुँदा यस विषयमा निर्णय गर्न सजिलो भएको छ। किनभने त्यस ताका बूढानीलकण्ठ भेकको स्थानलाई नरसिंहस्थान भनिन्थ्यो। सो कुरा बूढानीलकण्ठको प्राङ्गणमा रहेको शिवदेव र अंशुवर्माको पालाको शिलालेखबाट थाहा पाइन्छ। जस्तै—

"भट्टारकमहाराजश्रीशिवदेवः कुशली आङ्लाबकसपितानरसिंहोभयपाञ्चालीनिवासिनो यथा-प्रधानङ्ग्रामकुटुम्बिनः कुशलमाभाष्य समाज्ञापयति"

[भगवानलाल ५ सं, नोली २७ सं.]

[ (गाथमा) आराम रहेका श्रीशिवदेवबाट आङ्लाबकसपिता भन्ने ठाउँ र नरसिंह भन्ने ठाउँका पाञ्चाली (पञ्चायत ?) भित्रका मुखियालगायत गृहस्थीहरूलाई कुशलमङ्गल सोधेर आज्ञा भएको छ। ]

जहाँका दुनियाँलाई कुरा बुझाउनु छ, त्यहींनिर यस्ता सनदशिलालेख राखिने हुँदा बूढानीलकण्ठको प्राङ्गनमा रहेको यस शिलालेखमा उल्लिखित नरसिंह स्थान भनेको त्यतैतिरको ठाउँ हो भन्ने कुरामा शङ्का छैन।

माथि उल्लिखित यी प्रमाणहरूको आधारमा वर्तमान बूढानीलकण्ठ विष्णुगुप्तले स्थापना गरेका हुन् भन्ने कुरा सिद्ध हुन्छ।

चिनियाँ यात्री युआनच्वाङ्गको वर्णनबाट अंशुवर्मा उत्तरभारतका सम्राट् हर्षवर्द्धन (वि. सं. ६६३—७०३) का सामानकालिक हुन् भन्ने कुरा देखिन्छ। अंशुवर्माभन्दा १९ वर्ष जति पछि हुने विष्णुगुप्त विक्रमको सातौं आठौं शताब्दीका हुन् भन्ने कुरा देखिन आउँछ। यसरी बूढानीलकण्ठ विष्णुकोस्थापना विक्रमको सातौं आठौं शताब्दीमा भएको हो भन्ने कुरा देखिन आउँछ।

यस कारण विक्रमको दोस्रो वा तेस्रो शताब्दीमा बूढानीलकण्ठको स्थापना भएको हो भनी वाइ. जी. कृष्णमूर्तिजीले जो लेख्नुभएको छ, सो सर्वथा अशुद्ध छ।

इतिहास-प्रकाश १ वर्ष १ अङ्कमा 'शकसूर्य' भन्ने शीर्षकले जनकलाल शर्मा साहित्यरत्नज्यूको एक लेख प्रकाशित भएको छ। त्यसमा उहाँले नन्दिकेश्वर बहाल पूर्वतिर रहेको ढुंगे धारानिर रहेको एउटा मूर्त्तिको चित्र दिई त्यस मूर्तिको लामो विश्लेषण गर्दै यस्तो लेख्नुभएको छ—

"नेपालको मूर्त्तिकलाको विकासक्रममा हामी सर्वप्रथम किरातकालीन मूर्ति पाउँछौं। त्यसपछि लगत्तै यिनै सूर्यमूर्त्ति।...यसबाट यो सिद्ध हुन्छ कि यो मूर्त्ति ईसा पूर्व १२०—११५ यता अथवा कमसे कम ईसापूर्व ५० देखि लिएर ईसाको ७७ भित्र बनेको हुनुपर्दछ।"

(५६ पृष्ठ)

यसरी उहाँले सो मूर्ति ई. पू. १२० देखि ई. सं. ७७ (वि. पू ६३ देखि वि. सं १३४) भित्र बनेको हुनुपर्दछ भनी लेख्नुभएको छ। प्रमाणको खोजी नगरी केवल कल्पनाको आधारमा यस मूर्तिको समय निर्धारण गरिदिंदा आकाशपातालको फरक पर्न आएको छ। वि. सं. २०१६ तिर पुरातत्वविभागले वीरपुस्तकालयमा देखाएको प्रदर्शनीमा नक्सालबाट सो मूर्त्ति पनि ल्याई प्रदर्शन गरिएको थियो卐। त्यस मूर्तिको पादभागमा र जलहरीमा प्राचीन नेवारी अक्षरमा अभिलेख कुँदिएको छ। यस कारण सो मूर्त्तिको समयको निर्धारण त्यसै मूर्तिमा कुँदिएको अभिलेखले गर्दछ। सो अभिलेख यस प्रकारको छ—

卐सो मूर्त्ति हाल नेपाल म्यूजियममा छ।

पादभागमा—

ॐनवशतद्विसहिते आषाढे सिते द्वितीया रुद्रगनादित्य स्थापित

जलहरीमा—

सम्वत् २७६ आषाढशुक्लद्वितीया सकलप्रतसन्तारिणि

[ ॐ नें. सं. २७६ ( वि. सं. १२१६ ) आषाढशुक्ल द्वितीयाका दिन सबै प्राणीको उद्धार गर्ने रुद्रगणादित्य स्थापना गरिए।]

यताबाट सो मूर्ति वि. सं. १२१६ मा बनेको रहेछ भन्ने स्पष्ट देखियो। यस कारण वि. पू ६३ देखि वि. सं. १३४ भित्र बनेको शककालिक मूर्ति यो हो भन्ने जनकलाल शर्माज्यूको भनाइ कतिसम्मको भ्रमात्मक छ भन्ने कुरा भनिरहनुपर्ने होइन। त्यत्रो कल्पना गर्नुभन्दा पहिले सो मूर्तिमा कतै अभिलेख कुँदिएको छ कि भनी कोट्याई हेर्नुभएको भए उहाँको भनाइ यस किसिमले उपहासास्पद हुने थिएन।

बालचन्द्र शर्माज्यूले आफ्नो ग्रन्थ 'नेपालको ऐतिहासिक रूपरेखा'मा मूर्तिकलाको समय निर्धारण गर्दा त्यत्तिकै भद्दा भूल गर्नुभएको छ। जस्तै-

"स्वयंभूको बाटोमा देखिने पत्थरका विशाल बौद्ध–मूर्तिहरूमा गुप्तकलाको छाया देखिएकोले यी कलाकृति लिच्छविकालकै हुन् भन्ने विचार हुन्छ।"

( १२६ पृष्ठ )

स्वयम्भूको डाँडामा पूर्वतिरको बाटोमा तल फेदमा र डाँडाको मध्यभागमा गरी दुइ ठाउँमा उहाँले भन्नुभए जस्ता तीन तीनवटा ठूलठूला बुद्धमूर्ति देखा पर्छन्। तिनमध्ये फेदको बुद्धमूर्तिमध्ये एउटामा ती मूर्ति स्थापना गर्दा राखिएको शिलालेख रहेको छ। सो शिलालेखको केही अंश यस प्रकारको छ--

" संवत् ७५७ माघमासे शुक्लपक्षे पञ्चम्यां तिथौ उत्रभद्रनक्षत्रे सिद्धियोगे यथाकरणमूहूर्त्ते बृहस्पतिवासरे...... अस्मिन् दिने श्री ३ धर्मधातो पूर्वदिग्भागे शिलामयपूर्व्वाभिमुखवज्रासन-अक्षोभ्य प्रतिमा अहोरात्र जज्ञ सपूर्ण्णा कृता। ॐ स्वस्ति नेपालविषये महाराजाधिराज श्रीश्रीलक्ष्मीनृसिंहदेवतनय श्रीश्रीप्रताप मल्लदेव, थव निज्ञ थाकुलस विजयराज्ये।

[ने. सं. ७५७ ( वि. स. १६९३] माघशुक्ल पञ्चमी बृहस्पतिबार उत्तरभाद्र नक्षत्र, सिद्धि योग, पर्नुपर्ने करण मुहूर्त्त परेको बेलामा नेपाल देश [कान्तिपुर] मा महाराजाधिराज श्रीश्रीलक्ष्मीनृसिंह देव र उहाँका छोरा श्रीश्रीप्रताप मल्लदेवको विजयराज्यमा स्वयम्भूनाथको पूर्व भागमा पूर्वतिर फर्केका ढुङ्गाका वज्रासन अक्षोभ्यका मूर्ति अहोरात्र होम गरी स्थापना गरिए।]

यताबाट ने. सं. ७५७ ( वि. सं. १६९३ ) मा यी मूर्ति स्थापना गरिएका हुन् भन्ने स्पष्ट थाहा हुन्छ।

डाँडाको मध्य भागमा रहेका तीन मूर्तिविषयक दुइ अभिलेख ती तीन मूर्तिमध्ये दुइ मूर्तिको पादपीठमा कुँदिएका छन्। तिनको केही अंश यस प्रकारको छ—

"नेपालदेशे ··· स्वयम्भूचेतसन्निधौ ··· श्रीमहाराजपीथिविविक्रमसाहदेवविजयराज्ये ··· श्रीसंगुया बातनस शिलामय अक्षम्य तथागत चैभा रव २ थापना याना जुल । सम्वत् १०१४ म्ति माघकृष्ण ९ स रो. १ दिन जुरो । *

[ने. सं. १०१४ (वि. सं. १९५०) माघकृष्ण नवमी आदित्यवारका दिन नेपालदेशमा श्रीमहाराज पृथ्वीवीरविक्रम शाहदेवको विजयराज्यमा स्वयम्भू चैत्यको नगीचै सिम्भूको डाँडाको मध्य-भागमा ढुङ्गाका अक्षोभ्य तथागतका दुइटा मूर्ति स्थापना गरिए।]

"संवत् १०२५ माघमासे कृष्णपक्षे द्वादशि उत्राषाढ वरियानयोग गुरुवाशरे ··· थो परमेश्वर स्थापना याङा"

[ने. सं. १०२५ (वि. सं. १९६१) माघकृष्ण द्वादशी बृहस्पतिवारको दिन उत्तराषाढा नक्षत्र वरीयान् योगमा यी परमेश्वर स्थापना गरिए।]

यी दुइ अभिलेखबाट यी तीन मूर्ति श्री ५ पृथ्वीवीरविक्रम शाहको पालामा अहिलेभन्दा ६०.७० वर्षअगाडि मात्र राखिएका हुन् भन्ने कुरा स्पष्ट हुन्छ।

बाजचन्द्र शर्माज्यूले आफ्नो ग्रन्थमा लिच्छविकालका भनी उल्लेख गरिएका ती बुद्धमूर्तिको चित्र पनि दिनुभएको छ। सो चित्र हेर्दा उहाँले भन्नुभएका ती मूर्ति डाँडाको मध्य भागमा रहेका बुद्धमूर्ति नै हुन् भन्ने देखिन्छ। यसरी अहिलेभन्दा ६०,७० वर्षअगाडि राखिएका मूर्तिलाई केवल कल्पनाको भरमा लिच्छविकालका हुन् भनी ठोकिदिनु उहाँ जस्ता इतिहासकारलाई मात्र सुहाउने कुरो हो। मैले भनेका ती मूर्ति डाँडाका मध्य भागका होइनन्, तलका हुन् भनी उहाँ भन्नुहुन्छ भने तापनि ती मूर्ति पनि सवा तीन शय वर्षभन्दा अघिका होइनन्।

अभिलेख पढ्ने रुचि, ढुङ्गाको रूपरङ्ग जाँच्ने क्षमता उहाँमा भएको भए यस्तो महान् भूल हुने थिएन। जे होस्, मूर्तिकलाविषयमा बाहिर जतिसुकै चाख देखाउने प्रवृत्ति आजभोलि देखिएको छ तापनि ऐतिहासिक दृष्टिले सिलसिला मिलाएर खोजी गर्ने कामको थालनीसम्म पनि राम्ररी भएको छैन भन्ने कुरा यसबाट व्यक्त हुन्छ।

माथि देखाइएका मूर्तिकलाविषयका तीन अशुद्धिको संशोधन केवल उदाहरणका रूपमा मात्र दिइएका हुन्। आजकाल सजधजसँग बाहिरी सौन्दर्यसाथ प्रकाशमा आएका मूर्तिकलासम्बन्धी विभिन्न पुस्तकपुस्तिकाहरूमा यस्ता भद्दा अशुद्धिहरू प्रशस्त मात्रामा परेका पाइन्छन्। खालि कल्पना नगरी अन्वेषणबाट पत्ता लागेको प्रमाणको आधारमा कुनै कुरा निर्णय गर्ने हाम्रो यहाँ परम्परा नबसेको हुँदा इतिहासको एउटा महत्त्वपूर्ण भागमा यसरी गडबडी भइरहेको छ।

—०—

* यो शिलालेख रहेको पेटीको माथितिर पनि "संवत १९५० सालमा" भनेर ठूलठूला अक्षरले ती मूर्ति स्थापना गरिएको समय लेखिएको छ।

# आनन्ददेव, रुद्रदेव र अमृतदेवको समयमा एउटा विचार

—भोलानाथ पौडेल

"सम्वत् २१६ वैशाषकृष्णपञ्चम्या उत्राषाढनक्षत्र श्रीशीहदेवपरमेश्वरस्य पुत्र श्रीआनन्ददेवस्य जात॥ अस्तवर्ष ६८॥ ···शुक्लत्रयोदशी रेवतीनक्षत्रे श्रीसीहदेवपरमेश्वरस्य जात (पुत्र) श्रीरुद्रदेवस्य जात॥ राजा अस्तवर्ष ६७॥ सम्वत् २३३ आश्विनिशुक्लतृतीया विषाशनक्षत्र श्रीसीहदेवप्रमेश्वरस्य पुत्र श्रीअमृतदेवस्य जात॥ राजा अस्तवर्ष ६६"

(गोपालराजवंशावली ३१ पत्रबाट)

"माघकृष्णसुचन्द्रमाप्रतिपदे सप्ताधिके षष्ठिके,
काते वर्षशतद्वये शुभदिने राज्यं वरः प्रापितो।
श्रीनेपालाः समस्तमण्डलमहात्राता प्रजानाशनम्
पीड्यं शास्त्र तदा सुनिर्मितगुणे श्रीनन्ददेवः प्रभुः॥

राजा श्रीआनन्ददेव वर्ष २०···राजा श्री रुद्रदेव वर्ष ८ मा १राजा श्रीअमृतदेव"

(गोपालराज – वंशावली २४, २५ पत्रबाट)

[नि. सं. २१६ (वि. सं. ११५६) वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) उत्तराषाढा नक्षत्रमा❁ श्रीसिंहदेव राजाका छोरा श्रीआनन्ददेवको जन्म भयो। ६८ वर्षमा स्वर्ग हुनुभयो। ···शुक्ल त्रयोदशी रेवती नक्षत्रमा श्रीसिंहदेव राजाका छोरा राजा श्रीरुद्रदेवको जन्म भयो। ६७ वर्षमा स्वर्ग हुनुभयो। ने. सं. २३३ (वि. सं. ११७०) आश्विनशुक्ल तृतीया विशाखा नक्षत्रमा▱ श्रीसिंहदेव राजाका छोरा राजा श्री अमृतदेवको जन्म भयो। ६६ वर्षमा स्वर्ग हुनुभयो।

ने. सं. २६७ (वि. सं. १२०३) माघकृष्ण (पूर्णान्तमानले फाल्गुनकृष्ण) प्रतिपदा सोमवारको* शुभ दिनमा श्रीआनन्ददेव सारा नेपालमण्डलका राजा हुनुभयो। शास्त्रबमोजिम काम गर्ने गुणवान् उहाँले प्रजाको दुःख हटाइदिनुभयो।

---

❁यहाँ उल्लेख भएका तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २१६ वि. सं. ११५६ वैशाखकृष्ण पूर्णान्तमानले ज्येष्ठकृष्ण

| ज्येष्ठ गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|
| १९ | [आइत] | पञ्चमी | ६०० | उत्तराषाढा | २५।४३ |

▱यहाँ उल्लेख भएका तिथिमितिको गणना यस प्रकारको छ—

ने. स. २३३ वि. स ११७० आश्विनशुक्ल

| आश्विन गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|
| १९ | [सोम] | तृतीया | १३५१ | विशाखा | ६०० |

*यहाँ उल्लेख भएका तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २६७ वि. सं. १२०३ माघकृष्ण पूर्णान्तमानले फाल्गुनकृष्ण

| माघ गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| १७ | सोम | प्रतिपदा | ५०५६ |

राजा श्रीआनन्ददेवले बीस वर्ष राज्य गर्नुभयो…श्रीरुद्रदेवले आठ वर्ष एक महीना राज्य गर्नुभयो। …अनि श्रीअमृतदेव राजा हुनुभयो। ]

"सिंहदेवका छोरा आनन्ददेवको वि. सं. ११५६ मा, रुद्रदेवको…मा अमृतदेवको वि. सं. ११७० मा जन्म भएको थियो, आनन्ददेव वि. सं. १२०३ माघमा राजा भई बीस वर्ष राज्य गरी ६८ वर्षको उमेरमा परलोक भए, दाजु आनन्ददेवको शेषपछि रुद्रदेव वि. सं. १२२३ मा राजा भए। आठ वर्ष चानचुन राज्य गरी ६७ वर्षको उमेरमा परलोक भए, त्यसपछि अमृतदेव राजा भए', भन्ने यताबाट देखिन्छ । आनन्ददेव रुद्रदेव अमृतदेव यी तीन भाइले लगातार शासन गरेका थिए भन्ने उपर्युक्त गोपालराजवंशावलीको कथनलाई अरू तात्कालिक प्रमाणहरूले पुष्टि गर्छन्। जस्तै—

## आनन्ददेवका समयका अभिलेखहरू—

१. "सम्वत् २६७ प्रथमाषाढकृष्णपञ्चम्यां पूर्व्वभद्रनक्षत्रे शुक्रदिने। श्रीमत्राजाधिराजपरमेश्वर-श्रीआनन्ददेवस्य विजयराज्ये।"

( केसर-पुस्तकालयको ३६ सं. को 'सर्वप्रकरणसंग्रह' बाट )

[ ने. सं. २६७ (वि. सं. १२०४) प्रथमाषाढकृष्ण पञ्चमी पूर्वभद्रा नक्षत्र शुक्रवारमा* श्रीराजाधिराज परमेश्वर आनन्ददेवको विजयराज्यमा। ]

२. "दृग्ऋतुभुजङ्गयुक्ते वत्सरे पौषमासे शिशिरकिरणवारे पौर्णमास्यां नृपेन्द्रे:।
भुवमवति समस्तां श्रीमदानन्ददेवे निखिलसुगतमातुः कारितास्याःप्रतिष्ठा ॥"

( बंगाल एशियाटिक सोसाइटीमा रहेको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट )

[ने. सं. २६८ ( वि. सं. १२०४) पौषशुक्ल पूर्णिमा सोमवारमा★ श्रीआनन्ददेव राजाले जम्मै पृथ्वीलाई पालना गरिरहनुभएको वेलामा प्रज्ञापारमिता लेखियो।]

---

* यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २६७ वि. सं. १२०४ आषाढकृष्ण पूर्णान्तमानले श्रावणकृष्ण

| आषाढ गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|
| २६ | शुक्र | पञ्चमी | ६ ४० | पूर्वभाद्र | ४७ २६ |

मूलमा प्रथमाषाढ भनी आषाढमा अधिकमास मानिएको छ। तर अहिले चलेको नियमअनुसार भने आषाढमा अधिकमास परेको छैन। त्यसको दुइ महीनापछि भाद्रमा अधिकमास परेको छ। जे भए तापनि यहाँ दिइएका तिथि वार नक्षत्र गणना गर्दा मिल्न आउँछन्। यस कारण यो दिन वि. सं. १२०४ आषाढ २६ गते शुक्रवार देखिन आउँछ।

★यहाँ उल्लिखित तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २६८ वि. सं. १२०४ मार्गशुक्ल

| पौष गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| १३ | सोम | चतुर्दशी | ४।२५ |

३. ''सम्वत् २७२ वैशाषशुक्लपौर्णमास्यां आदित्यदिने श्रीपरमेश्वरपरमभतारकमहाराजाधिराज-परमशैवआनन्ददेवप्रवर्द्धमानविजयराजे''

(राष्ट्रिय पुस्तकालयमा रहेको २१० संख्याको प्रज्ञापारमिताबाट)

[ने. सं. २७२ (वि. सं. १२०६) वैशाखशुक्ल पूर्णिमा आइतवारमा❁ श्रीपरमेश्वर परमभट्टारक महाराजाधिराज परमशैव आनन्ददेवको बढ्दो विजयराज्यमा]

४. 'सम्वत् २७२ श्रावणकृष्णएकादश्यां लिखितं मया। राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीमद्आनन्ददेवपादीयविजयराज्ये''

(ल्हासाको मठमा रहेको वादन्यायटीकाबाट)

[ने. सं. २७२ (वि. सं. १२०६) श्रावणकृष्ण (पूर्णान्तमानले भाद्रकृष्ण) एकादशीमा राजाधिराज परमेश्वर परमभट्टारक श्रीआनन्ददेवको विजयराज्यमा मैले यो ग्रन्थ लेखें]

५. ''सम्वत् २७३ अश्विनीशुक्लप्रतिपदाआदित्यदिने श्रीमहाराजधिराजपरमेश्वरश्र्यानन्ददेवस्य महाविजयराज्ये''

(वीरपुस्तकालयमा रहेको तेस्रो. ८०३ संख्याको चतुष्पीठमण्डलोपायिकमन्त्रबाट)

[ने. सं. २७३ (वि. सं. १२१०) आश्विनशुक्ल प्रतिपत् आइतवारमा* श्रीमहाराजाधिराज परमेश्वर श्रीआनन्ददेवको विजयराज्यमा]

६. 'सम्वत् २७५ चैत्रकृष्णपञ्चम्यां बृहस्पतिदिने। श्रीमद्राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीआनन्ददेवस्य विजयराजे

(क्याम्ब्रिजविश्वविद्यालयको पुस्तकालयमा रहेको पञ्चरक्षाबाट)

---

ने. सं. २६८ वि. सं. १२०४ पौषशुक्ल

| माघ | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | १४ | बुध | पूर्णिमा | ४४।२३ |

यहाँ पौषशुक्लको गणना गर्दा नमिलेपछि मार्गशुक्लको गणना गरियो। त्यसमा भने चतुर्दशी उप्रान्त पूर्णिमा सोमवार मिल्न आयो। यसरी मूलमा पौषशुक्ल भनेको तिथि अचेल चलेको नियमअनुसार मार्गशुक्ल देखियो। बुझ्न सजिलो होस् भनी ती दुवै गणना दिइएका हुन्। यो फरक अधिक मासले गराएको हुनुपर्छ। त्यसको विषयमा पछि विचार गरिनेछ।

❁यहाँ उल्लेख भएका तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २७२ वि. सं. १२०९ वैशाखशुक्ल

| वैशाख | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | २८ | आइत | पूर्णिमा | ५५ ३३ |

*यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २७३ वि. सं. १२१० आश्विनशुक्ल

| आश्विन | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | २४ | आइत | प्रतिपदा | ४७ ३ |

[ने. सं. २७५ (वि सं. १२११) चैत्रकृष्ण (पूर्णान्तमानले वैशाखकृष्ण) पञ्चमी बृहस्पतिवारमा* श्रीराजाधिराज परमेश्वर परमभट्टारक श्रीआनन्ददेवको विजयराज्यमा]

७. "सम्वत् २७६ प्रथमापौषकृष्णदिवा चतुर्थ्यां। श्र्यानन्ददेवस्य विजयराजे"

(वीरपुस्तकालयमा रहेको तेस्रो ६७६ संख्याको चान्द्रव्याकरणबाट)

[ने. सं. २७६ (वि. सं. १२१२) प्रथमापौषकृष्ण चतुर्थी श्रीआनन्ददेवको विजयराज्यमा]

८. "सम्वत् २७८ भाद्रपदमासे । श्रीमन्नेपालाभ्यन्तरे । श्रीभक्तपुरे । श्रीआनन्ददेवस्य राज्ये"।

(क्याम्ब्रिजविश्वविद्यालयको पुस्तकालयको प्रायश्चित्तसमुच्चयबाट)

[ने. सं. २७८ (वि. सं. १२१५) भाद्रमा नेपाल भक्तपुरमा श्रीआनन्ददेवको विजयराज्यमा]

९. "सम्वत् २७९ कार्त्तिकमासे । श्रीआनन्ददेवस्य राज्ये"।

(वीरपुस्तकालयमा रहेको पहिलो १६४७ संख्याको स्मृतिमञ्जरीबाट)

[ने. सं. २७९ (वि. सं. १२१५) कार्तिकमा श्रीआनन्ददेवको विजयराज्यमा]

१०. "सम्वत् २७९ भाद्रपदकृष्णाष्टम्यां आदित्यदिने परमेश्वरपरमभट्टारकराजाधिराजपरमेश्वर-श्रीमदानन्ददेवस्य विजयराज्ये"

(केसरपुस्तकालयमा रहेको ५३९ संख्याको स्वमलशास्त्रबाट)

[ने. स. २७९ (वि. सं. १२१६) भाद्रकृष्ण (पूर्णान्तमानले आश्विनकृष्ण) अष्टमी आइतवारमा% परमेश्वर परमभट्टारक राजाधिराज परमेश्वर श्रीआनन्ददेवको विजयराज्यमा]

११. "सम्वत् २८२ फाल्गुणशुक्लचतुर्थ्यां सोमवारे । श्रीमन्महाराजाधिराजपरमेश्वरपरमभट्टारक-श्रीआनन्ददेवविजयराज्ये"

(वीरपुस्तकालयमा रहेको तेस्रो ३६० संख्याको सप्तशतीबाट)

[ने. सं. २८२ (वि. सं. १२१८) फाल्गुनशुक्ल चतुर्थी सोमवारमा॥ । श्रीमहाराजाधिराज परमेश्वर परमभट्टारक श्रीआनन्ददेवको विजयराज्यमा]

---

*यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २७५ वि. सं. १२११ (चान्द्रमानले वि. सं. १२१२) चैत्रकृष्ण पूर्णान्तमानले वैशाखकृष्ण

| चैत्र गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| ३० | बृहस्पति | पञ्चमी | ३३ १५ |

%यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २७९ वि. सं. १२१६ भाद्रकृष्ण पूर्णान्तमानले आश्विनकृष्ण

| आश्विन गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| १० | आइत | सप्तमी | १५ ४७ |

॥यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २८२ वि. सं. १२१८ फाल्गुनशुक्ल

| फाल्गुन गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| २८ | सोम | तृतीया | ११ ५१ |

१२. "पृथ्वीं नृपे सकललोकहृदंम्बुहंसे युक्त्या प्रशासति रिपुद्विपकेशरीन्द्रे ।
वित्ते गुणैर्जगति चंद्रकलावदातैः श्र्यानन्ददेव इति सूर्यकुलप्रदीपे ॥
समाशतद्वये प्राते वसुवन्हिसमायुते । कृष्णाष्टम्यां कृता ज्येष्ठे प्रशस्तिः सोमवासरे ।"

(भ. पु. नारायणचोकको अभिलेखबाट)

[सबै प्रजाका हृदयरूपी जलमा हंस जस्ता भएका, शत्रुरूपी हात्तीमा सिंह जस्ता भएका, चन्द्रमाका कला जस्ता सफा गुणहरूले संसारमा प्रख्यात भएका, सूर्यवंशका बत्ती जस्ता श्रीआनन्ददेव राजाले जतनसँग पृथ्वीको पालना गरिरहनुभएको वेलामा । ने. सं. २८३ (वि. सं. १२२०) ज्येष्ठकृष्ण (पूर्णान्तमानले आषाढकृष्ण) अष्टमी सोमवारमा❀ प्रशस्ति बनाइयो । ]

१३. "श्रीमहाराजाधिराजपरमेश्वरपरमभट्टारकश्रीमदानन्ददेवस्य विजयराज्ये । सम्वत् २८४ माघ-शुक्लदिवष्टम्यां आदित्यदिने"

(वीरपुस्तकालयमा रहेको तेस्रो ७१३ संख्याको अष्टसाहस्रिकाप्रज्ञापारमिताबाट)

[ने. सं. २८४ (वि. सं. १२२०) माघशुक्ल अष्टमी आइतवारमा† श्रीमहाराजाधिराज परमेश्वर परमभट्टारक श्रीआनन्ददेवको विजयराज्यमा]

१४. "यातेब्दे मदनास्त्रनागनयने मासे सिते फाल्गुने सप्तम्यां
भृगुवासरे...श्र्यानन्दः सुमहीपतिः ...राज्ये तस्य"

(क्याम्ब्रिजविश्वविद्यालयको पुस्तकालयको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट)

---

❀यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ-—

ने. सं. २८३ वि. सं. १२२० ज्येष्ठकृष्ण पूर्णान्तमानले आषाढकृष्ण

| आषाढ | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | २ | सोम | अष्टमी | २२ ८ |

†यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २८४ वि. सं. १२२० माघशुक्ल

| माघ | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | ६ | शुक्र | अष्टमी | ४८ ५८ |

ने. सं. २८४ वि. सं. १२२० फाल्गुनशुक्ल

| फाल्गुन | गते | वार | तिथि | घ. प |
|---|---|---|---|---|
| | १० | आइत | अष्टमी | ३३ २ |

माघशुक्लको गणना नमिलेपछि फाल्गुनशुक्लको गणना गर्दा तिथि वार मिल्यो । यसरी यहाँ माघशुक्ल भनेको तिथि अचेलको नियमअनुसारको फाल्गुनशुक्ल देखियो । बुझ्न सजिलो होस् भनी दुवै गणना यहाँ दिइएका हुन् । तिनताकाको अधिकमास गन्ने पद्धति भिन्नै भएकोले यस्तो फरक पर्न गएको होला ।

[ने. सं. २८५ (वि. सं. १२२१) फाल्गुनशुक्ल सप्तमी शुक्रवारमा* असल राजा आनन्ददेवको राज्यकालमा]

१५. "सम्वत् २८५ श्रावणशुक्लष्टम्या मादित्यदिने श्रीमदानन्ददेवस्य विजयराज्ये"

(क्याम्ब्रिज–विश्वविद्यालयको पुस्तकालयको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट)

[ने. सं. २८५ (वि. सं. १२२२) श्रावणशुक्ल अष्टमी आइतवारमा❁ श्रीआनन्ददेवको विजयराज्यमा]

१६. "सम्वत् २८६ फाल्गुनशुक्लाष्टम्यां···[परम]भट्टारकपरमशैवमहाराजाधिराजश्रीमदानन्ददेव-प्रवर्द्धमानकल्याणविजयराज्ये"

(वीरपुस्तकालयमा रहेको तेस्रो. ८०३ संख्याको अष्टसाहस्रिकाप्रज्ञापारमिताबाट)

[ने. सं. २८६ (वि. सं. १२२२) फागुनशुक्ल अष्टमीमा परमभट्टारक परमशैव महाराजाधिराज आनन्ददेवको बढ्दो कल्याणकारी विजयराज्यमा]

१७ "सम्वत् २८६ फाल्गुनशुदि एकादश्यां आदित्यवारे । महाराजाधिराजश्रीमदआनन्ददेवस्य विजयराज्ये"

(रायल एशियाटिक सोसाइटीमा हड्सनको संग्रहमा रहेको गण्डव्यूहबाट)

[ने. सं. २८६ (वि. सं. १२२२) फाल्गुनशुक्ल एकादशी आइतवारमा▣ महाराजाधिराज श्रीआनन्ददेवको विजयराज्यमा]

---

*यहाँ उल्लेख भएका तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २८५ वि. सं. १२२२ फाल्गुनशुक्ल

| फाल्गुन | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | २८ | शुक्र | अष्टमी | २१ २२ |

❁यहाँ उल्लिखित तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २८५ वि. सं. १२२२ श्रावणशुक्ल

| श्रावण | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | २३ | आइत | अष्टमी | ३४ ३० |

▣यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २८६ वि. सं. १२२२ फाल्गुनशुक्ल

| फाल्गुन | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | २१ | शनि | एकादशी | ३६ ४८ |

ने. सं. २८६ वि. सं. १२२२ फाल्गुनकृष्ण पूर्णान्तमानले चैत्रकृष्ण

| चैत्र | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | ६ | आइत | दशमी | १३ ४१ |

## रुद्रदेवका समयका अभिलेखहरू

१८. "सम्वत् २८८ फाल्गुनकृष्णाष्टम्याम्''' रुद्रदेवस्य विजयराज्ये"

(साँखु वज्रयोगिनीको धाराको अभिलेखबाट)

[ने. सं. २८८ (वि. सं. १२२४) फाल्गुनकृष्ण (पूर्णान्तिमानले चैत्रकृष्ण) अष्टमीमा रुद्रदेवको विजयराज्यमा]

१९. "संवत्सरे २८९ पौष्यशुक्लदशम्यां बुधदिने । राजाधिराजपरमेश्वरश्रीरुद्रदेवराज्ये"

(वीरपुस्तकालयमा रहेको चौ. २०६ संख्याको कालोत्तरतन्त्रबाट)

[ने. सं. २८९ (वि. सं. १२२५) पौषशुक्ल दशमी बुधवारमा* राजाधिराज परमेश्वर श्रीरुद्रदेवको राज्यमा]

२०. "आकाशग्रहहस्तसङ्गिनिशते नेपालसम्वत्सरे पौषमासे तिथौ च पञ्चदशमे शुक्ल रवेवासरे''' श्रीरुद्रदेवनृपे"

(वीरपुस्तकालयमा रहेको प. १०७५ संख्याको शिवधर्मशास्त्रबाट)

[ने. सं. २९० (वि. सं. १२२६) पौषशुक्ल पूर्णिमा आइतवारमा卐 श्रीरुद्रदेवको राज्यमा]

२१. "सम्वत् २९१ कार्त्तिकशुक्लाष्टम्याम् राजाधिराजपरमेश्वरराज्ये श्रीरुद्रदेवस्य"

(कुम्भेश्वरको शिलालेखबाट)

[ने. सं. २९१ (वि. सं. १२२७) कार्तिकशुक्ल अष्टमीमा राजाधिराज परमेश्वर श्रीरुद्रदेवको विजयराज्यमा]

२२. "अब्दे याति भुजग्रहाद्विगुणिते मासे तथा कार्तिके रुद्राह्वे नृपतौ च शासति भुवं"

(पाटन वलटोलको शिलालेखबाट)

[ने. सं. २९२ (वि. सं. १२२८) कार्त्तिकमा, पृथ्वीमा रुद्रदेवको हुकूम चलेको वेलामा]

---

फाल्गुनशुक्लको गणना नमिल्दा फाल्गुनकृष्ण (पूर्णान्तिमानले चैत्रकृष्ण) को गणना गरियो। यसमा दशमीउप्रान्त एकादशी मिल्न आयो। यहाँ फाल्गुनवदि हुनुपर्नेमा शुदि हुन गएको देखिन्छ। बुझ्न सजिलो होस् भनी ती दुवै गणना यहाँ दिइएका हुन्।

*यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २८९ वि. सं. १२२५ पौषशुक्ल

| पौष | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | १७ | बुध | दशमी | ५२ १० |

卐यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. स २९० वि. सं. १२२६ पौषशुक्ल

| माघ | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | ११ | आइत | पूर्णिमा | ३७ १३ |

२३. "सम्वत् २९२ जैष्ठपूर्णम्यां श्रीराजाधिराजरुद्रदेवस्य विजयराज्ये ॥"

(कान्तिपुर कसाईटोलको शिलालेखबाट)

[ने सं. २९२ (वि. सं. १२२९) ज्येष्ठशुक्ल पूर्णिमामा श्रीराजाधिराज रुद्रदेवको विजयराज्यमा]

२४. "सम्वत् २९३ वैशाखकृष्णचतुर्थ्यां राज्ञः श्रीमद्रुद्रदेवस्य विजयराज्ये"

(राष्ट्रिय पुस्तकालयमा रहेको १५२ संख्याको धर्मसमुच्चयबाट)

[ने. सं. २९३ (वि. सं. १२३०) वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) चतुर्थीमा राजा श्रीरुद्रदेवको विजयराज्यमा]

२५. "सम्वत् २९४ चैत्रशुक्लपूर्णिमास्यां सोमदिने उत्तरफाल्गुणनक्षत्रे। श्रीपरमेश्वरपरमभट्टारक-महाराजाधिराजश्रीमद्रुद्रदेवस्य विजयराज्ये"

(वीरपुस्तकालयमा रहेको ते. ३७६ संख्याको पिङ्गलामतबाट)

[ने. सं. २९४ (वि. सं. १२३०) चैत्रशुक्ल पूर्णिमा उत्तरफाल्गुनी नक्षत्र सोमवारमा + परमेश्वर परमभट्टारक महाराजाधिराज श्रीरुद्रदेवको विजयराज्यमा।]

२६. "महाराजाधिराजश्रीरुद्रदेवस्य राज्ये। सम्वत् २९५ आग्रहणपूर्णमास्यां आदित्यदिने"

(एशियाटिक सोसाइटी बङ्गालमा रहेको भगवत्याः प्रज्ञापारमिताया रत्नसमुच्चयगाथाबाट)

[ने. सं. २९५ (वि. सं. १२३१) मार्गशुक्ल पूर्णिमा आइतवारमा* महाराजाधिराज श्रीरुद्रदेवको राज्यमा]

---

+ यहाँ उल्लेख भएको तिथिमतिको गणना यस प्रकारको छ—

ने. सं. २९४ वि. सं. १२३० फाल्गुनशुक्ल

| फाल्गुन | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| | २७ | सोम | पूर्णिमा | ३९ १० | पूर्वफाल्गुनी | ४१ १९ |

ने. सं. २९४ वि. सं. १२३० (चान्द्रमानले १२३१) चैत्रशुक्ल

| चैत्र | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| | २७ | बुध | पूर्णिमा | २३ ११ | हस्त | ११ ४२ |

चैत्र पूर्णिमामा नमिलेपछि उत्तरफाल्गुनी नक्षत्र भएको हुँदा फाल्गुन पूर्णिमाको गणना गरियो। त्यस दिनमा बार मिल्यो। नक्षत्रको घडीमाभने अलिकति अन्तर पऱ्यो बुझ्न सजिलो होस् भनी दुवै गणना यहाँ दिइएका हुन्।

*यहाँ उल्लेख भएका तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २९५ (वि. सं. १२३१) मार्गशुक्ल

| मार्ग | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| | १५ | आइत | पूर्णिमा | ४० ४० |

## अमृतदेवका समयका लेखहरू

२७. "सम्वत् २९६ चैत्रशुक्लपूर्णिमास्यां । राजाधिराजपरमेश्वरश्रीअमृतदेवस्य विजयराज्ये"

(वीरपुस्तकालयमा रहेको प. १५३६ संख्याको दशक्रियापद्धतिबाट)

[ने. सं. २९६ (वि. सं. १२३३) चैत्रशुक्ल पूर्णिमामा राजाधिराज परमेश्वर श्रीअमृतदेवको विजयराज्यमा]

२८. "सम्वत् २९६ जेष्ठशुक्लचतुर्थ्यां पुनर्व्वसुनक्षत्रे बृहस्पतिदिने…राजाधिराजपरमेश्वरश्रीमद्-अमृतदेवस्य विजयराज्ये"

(वीरपुस्तकालयमा रहेको प. १५८३ संख्याको कुशण्डीकर्मवैदिकमन्त्रसंग्रहबाट)

[ने. सं. २९६ (वि. सं. १२३३) ज्येष्ठशुक्ल चतुर्थी पुनर्वसु नक्षत्र बृहस्पतिवारमा* राजाधिराज परमेश्वर श्रीअमृतदेवको विजयराज्यमा]

२९. +"ऋतुग्रहसमायुक्ते सम्वत्सरशतद्वये
ज्येष्ठमाससिताष्टम्यां राज्ये श्यमृतभूपतेः ॥"

(चाँगुको शिलालेखबाट)

[ने. सं. २९६ (वि. सं. १२३३) ज्जेष्ठकृष्ण (पूर्णान्त मानले आषाढकृष्ण) अष्टमीमा श्रीअमृतदेव राजाको राज्यमा ।]

यसरी वि. सं. १२०४ को उठानदेखि वि. सं. १२२२ को अन्त्यसम्मका आनन्ददेवका राज्यकालका अभिलेखहरू पाइएबाट "आनन्ददेव वि. सं. १२०३ माघमा राजा भए र उनले पूरा बीस वर्ष राज्य गरे" भन्ने गोपालराजवंशावलीको माथि उद्धृत कथन सत्य देखिन्छ । त्यस्तै

---

*यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. २९६ वि. सं. १२३३ ज्येष्ठशुक्ल

| ज्येष्ठ गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|
| २० | बृहस्पति | तृतीया | १७।१० | पुनर्वसु | ५६।१६ |

+यहाँ उपयोग गरिएका १ देखि २९ संख्यासम्मका ऐतिहासिक सामानहरूका प्रकाशक-सम्बन्धी विवरण यस प्रकारको छ—

२, ११, २५, २६, २७ संख्याका पं. हरप्रसाद शास्त्रीद्वारा, ६, ८, १३, १४, १५, १७ संख्याका प्रा. सेसिल बेन्डालद्वारा, २४ संख्याको प्रा. सिलभेन लेभीद्वारा, ४ संख्याको श्रीराहुल सांस्कृत्यायनद्वारा प्रकाशित भएका छन् । फेरि श्रीलुशिएनो पेटेकद्वारा पनि यी प्रकाशित भएका छन् । १, ५, ७, ९, १०, १६, १९, २०, २८ संख्याको पेटेकद्वारा मात्र प्रकाशित भएका हुन् । १२, १८, २१, २२, २३, २९ संख्याका संशोधनमण्डलद्वारा प्रकाशित भएका हुन् । ३ संख्याको चाहिं राष्ट्रिय पुस्तकालयको सूचीपत्रमा प्रकाश भएको छ ।

वि. सं. १२२४ देखि वि. सं. १२३१ को निगल्दोसम्मका रुद्रदेवका पालाका अभिलेख भेट्टिएबाट "आनन्ददेवपछि उनका भाइ रुद्रदेवले आठ वर्ष राज्य गरे" भन्ने कुरा पनि मिलेकै देखिन्छ। यसै गरी "रुद्रदेवपछि उनका पनि भाइ अमृतदेव राजा भए" भन्ने उक्त वंशावलीको अमृतदेवविषयको कथन पनि ठीक छ भन्ने कुरा वि. सं. १२३३ का यिनका राज्यकालका माथि उद्धृत लेखहरूले देखाउँछन्।

भक्तपुर खौमाटोलको अमृतदेवको पालाको ने. सं. २९५ को अभिलेख यस प्रकारको छ—

१. ओं "सम्वत् २९५ वैशाखशुक्लतृतीयायां राजाधि-

२. राजश्रीअमृतदेवस्य विजयराज्ये। श्रीपशुपतीमृगस्थल्यां

३. विजैकत्रिभारी। दिवंगतपुत्रजैद्रव्यजीवस्य उदेसेनज-

४. लद्रोणिं दान कृता। जस्य स्वर्गत्वब्रह्मत्वविष्णुत्वरुद्रत्व-

५. संप्रातये। तेन दानपुंनेन मात्रा सुखी भवतु। शुभमिति।

[ने. सं. २९५ (वि. सं. १२३२) वैशाखशुक्ल तृतीयाको दिन राजाधिराज अमृतदेवको विजयराज्यमा पशुपति मृगस्थलीमा विजयकर्त्री भारी (भारदार्नी) ले (आफ्ना) दिवङ्गत छोरा जयद्रव्यको उद्देश्यले (यो) ढुंगेधारा दान गरिन्। जसबाट (छोरालाई) स्वर्ग ब्रह्मत्व, विष्णुत्व, रुद्रत्व प्राप्ति होस्। त्यो दानको पुण्यले आमालाई सुख होस्। शुभ]

यस अभिलेखमा कुँदिएको संवत्का अङ्कको प्रतिलिपि



यस प्रकारको छ।

यहाँका यी तीनवटा अङ्क २००, ९०, ५, का हुन्। यो कुरा तिनताका लेखिएका पुस्तकहरूबाट सजिलैसंग जान्न सकिन्छ। ÷

यस शिलालेखलाई योगी नरहरिनाथले इतिहासप्रकाश २ अङ्क ३ भागको ५४२ पृष्ठमा छपाउनुभएको छ। यस अभिलेखको संवत् उहाँले २८५ पढ्नुभएको छ र त्यसको बारेमा यस्तो टिप्पणी लेख्नुभएको छ।

"संवत् आथह्न (२८५) यसरी यथापूर्व लेखिएको छ। थकार[?] यसरी पुराना ककारलाई कुण्डलित गरेको छ।"

÷ राष्ट्रिय पुस्तकालयका ७६, १९५, २१० संख्याका पुस्तकका पत्रहरूमा एकातिर प्राचीन शैलीका र अर्कातिर नवीन शैलीका अङ्क दिइएका छन्। वीरपुस्तकालयमा पनि यस्ता पुस्तक प्रशस्त छन्। तिनबाट अङ्क चिन्न निकै सहायता पाइन्छ।

यहाँका तीनवटा अङ्कमध्ये दायाँ बायांका अङ्क २०० र ५ हुन् भन्ने कुरामा विवाद उठेको छैन। केवल बीचको अङ्कको ढङ्गो लाउनुपरेको छ। शून्य जस्तो डल्लोलाई एउटा ठाडो धर्सोले पेट चिरेमा असी र ठाडो तेर्सो दुइटा धर्साले पेट चिरेमा नब्बे हुन्छ। जस्तै —




यस शिलालेखमा कुँदिएको सवत्को बीचको अङ्क ठाडो एउटा धर्सोले मात्र पेट चिरेको नभई ठाडो तेर्सो दुइटै धर्काले पेट चिरिएको छ र डल्लोको स्पष्ट चार फ्याक लागेको छ। यस कारण यो अङ्क ८० होइन ९० हो भन्नामा अलिकता पनि शङ्का छैन।

आनन्ददेवदेखि अमृतदेवसम्मका माथि उल्लिखित हस्तलिखित पुस्तक शिलालेख तथा गोपाल-राजवंशावलीबाट "अमृतदेव ने. सं. २९५ (वि. सं. १२३२) मा मात्रै राजा भएका थिए। ने. सं. २८५ (वि. सं. १२२३) मा ता उनका दाजु आनन्ददेवको शासन चलिरहेको थियो" भन्ने कुरा सिद्ध भइसकेको छ। यस कारण ऐतिहासिक घटनाबाट पनि योगीजीले पढ्नुभएको पाठ अशुद्ध हो भन्ने स्पष्ट देखिन्छ। अङ्क अथवा ऐतिहासिक घटनामा उहाँले दृष्टि दिनुभएको भए यस्तो हुने थिएन।

—०—

# नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्ति हुन्

—शङ्करमान राजवंशी

वि. सं. १५४१ मा रत्न मल्लले कान्तिपुरका सामन्त शासक वैश्य महापात्रहरूलाई सिद्ध्याई* कान्तिपुरमा आफ्नो शासन कायम गरेदेखि वि. सं. १८२५ मा पृथ्वीनारायण शाहले कान्तिपुर विजय नगरुञ्जेलसम्म जम्मा २८४ वर्ष कान्तिपुर स्वतन्त्र राज्यको रूपमा रह्यो। राजकाज, धर्म, अर्थ आदि कुरामा नेपालराज्यभित्र त्यस वेला खडा रहेका अरू विभिन्न राज्यसँग टक्कर लिई कान्तिपुर राज्यले आफ्नो स्थिति कायम गरेको थियो। यस कारण नेपालको मध्यकालको इतिहास बुझ्नाका लागि यस राज्यसँग सम्बन्ध राख्ने विभिन्न कुरामा पनि इतिहासरसिकले विचार गर्नु बढिया छ।

*"इतिहास-संशोधनको प्रमाणप्रमेय" को १३६ पृष्ठ हेर्नुहोस्।

कान्तिपुर राज्यका संस्थापक रत्न मल्लको मृत्यु वि. सं. १५७७ मा भयो+। यसभन्दा पछि तथा प्रताप मल्लभन्दा अगाडिको कान्तिपुरको इतिहास राम्ररी प्रकाशमा आएको छैन। यसो हुँदा यस वेलाका राजाका क्रम, नाउँ आदि साधारण कुरामा पनि भ्रम फैलिएको छ।

वंशावलीकारदेखि वर्तमान कालसम्मका धेरैजसा इतिहासकारले "रत्न मल्लपछि उनका छोरा अमर मल्ल कान्तिपुरको गद्दीमा बसे, अमर मल्लपछि उनका छोरा सूर्य मल्ल राजा भए" भनी लेखेका छन्। परन्तु यो कुरा ठीक होइन। रत्न मल्लपछि उनका छोरा सूर्य मल्ल राजा भए, त्यसपछि सूर्य मल्लका छोरा अमर मल्ल कान्तिपुरको गद्दीमा बसेका हुन् भन्ने कुरा प्रमाणद्वारा सिद्ध भइसकेको छ÷।

यसै प्रसङ्गमा यस विषयको एउटा अर्को कुरो पनि विचार गर्नुपर्ने भएको छ। धेरै जसा तात्कालिक शिलापत्र ताडपत्रहरूमा नरेन्द्र मल्लको उल्लेख पाइन्छ, अमर मल्लको उल्लेख उस्तो पाइँदैन। प्रताप मल्लको अभिलेखमा कतै अमर मल्ल, कतै नरेन्द्र मल्ल लेखिएको देखिन्छ। श्रीनिवास मल्लको अभिलेखमा तथा पार्थिवेन्द्र मल्लका अभिलेखमा भने अमर मल्ल मात्र लेखिएको छ। भाषावंशावलीमा पनि अमर मल्लको मात्र नाउँ लेखिएको छ। यस कारण नरेन्द्र मल्ल र अमर मल्ल भिन्नाभिन्नै व्यक्ति हुन् कि एकै व्यक्ति हुन् भन्ने कुरा निश्चय गर्नुपरेको छ। प्रमाणद्वारा यसको टुङ्गो नलाएसम्म यस विषयमा भ्रम भइरहने* सम्भावना हुँदा अहिले पाइए जति सामानको आधारमा यहाँ यस विषयको टुङ्गो लाउने चेष्टा गरिन्छ।

---

+"इतिहास संशोधनको प्रमाणप्रमेय" को १४० पृष्ठ हेर्नुहोस्।

÷ " " " " १ पृष्ठ हेर्नुहोस्।

* हरप्रसादसूचीमा रहेको प्रा. सेसिल बेन्डालको "हिस्टोरिकल् इन्ट्रोडक्शन् (ऐतिहासिक परिचय)" नामक निबन्धमा कान्तिपुरको राजवंशक्रम यसरी दिइएको छ—

रत्न
।
अमर
।
सूर्य
।
नरेन्द्र
।
जयमहेन्द्र

यसैको पछि लागी श्रीबालचन्द्र शर्मा एम. ए. साहित्यरत्नले आफ्नो "ऐतिहासिक रूपरेखा"को १६३ पृष्ठमा यही वंशक्रम दिनुभएको छ।

सूर्य मल्लको मृत्यु वि. सं. १५८६ कार्तिकमा भयो÷। यसपछि नरेन्द्र मल्ल राजा देखा पर्छन्। नरेन्द्र मल्लका पालाका शिलालेख ताडपत्र पाइएका छन्। तिनका केही भाग यहाँ दिइन्छन्—

श्रीश्रीजयनरेन्द्र मल्लदेव प्रभु ठाकुरसन दृष्टसाक्षि जुरयं आज्ञा बिरयं प्रसन जुया…सम्वत् ६५८ आषाढकृष्णं पञ्चम्यायां तिथौ

(संशोधन-मण्डलको सङ्ग्रहमा रहेको ताडपत्रबाट ।)

[श्रीश्रीजयनरेन्द्र मल्लदेव प्रभु ठाकुरले दृष्टसाक्षी भई हुकूम दिनुभई निगाह गर्नु भयो।… ने. सं. ६५८ (वि. सं. १५९५) आषाढकृष्ण पञ्चमीको दिन।]

+राजाधिराज परमेश्वर परमभट्टालक श्रीश्रीजयनरेन्द्र मल्लदेव प्रभु ठाकुरस्य विजयराज्यः। …श्रीनेपालिकसम्वत ६६५ माघमासे कृष्णपक्षे × × × × तिथौ धनेष्ठनक्षत्रे ××××अंगारवासरे

(टेबहाल गणेशस्थानको शिलालेखबाट)

[राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयनरेन्द्र मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा… ने. सं. ६६५ (वि. सं. १६०१) माघकृष्ण××××तिथि धनिष्ठा नक्षत्र मङ्गलवारको दिन*।]

+श्री २ पशुपतिचरणकमलधूरधूसरितश्री२मन्मानेश्वरीवरपसादितप्रनामावनिपतिभकूटरघुवंसधर्म्म-नारायनवतारश्रीश्रीजयनरेन्द्रमल्लदेवप्रभुठाकुरस्य विजयराज्ये ॥ … समत् ६६५ चैत्रशुक्लपूर्णमास्यां तिथौ चित्रानक्षेत्रे हृषनजोगे शनिश्चरवासरे

(देउपाटन जयवागीश्वरीमन्दिरनिरको पाटीको शिलालेखबाट)

[श्रीश्रीपशुपतिको चरणकमलको धूलोले फुस्रा भएका, श्रीश्रीमानेश्वरीले वर दिएर निगाह गरिएका, राजाहरूका श्रीपेजले ढोगिएका, रघुवंशमा जन्मेका, धर्मनारायणका अवतार भएका श्रीश्रीजयनरेन्द्र मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा…ने. सं. ६६५ (वि. सं. १६०१) चैत्रशुक्ल

---

÷"सं. ६५० कार्तिकव ११ श्री २ सूर्य मल्ल दिवंगत दिन"

(धनेश्वर राजोपाध्यायसँग रहेको टिपौटे कागतबाट। "इतिहास-प्रकाश" २ अङ्क ३ भागको ५६८ पृष्ठमा योगी नरहरिनाथद्वारा यो छापिएको छ)

[ने. सं. ६५० (वि. सं. १५८६) कार्तिककृष्णएकादशीको दिन श्रीश्रीसूर्य मल्लको मृत्यु भयो]

+यो चिन्ह भएका अभिलेखका प्रतिलिपि वीरपुस्तकालयमा छन्। तिनकै आधारमा यहाँ यी उतार दिइएका हुन्।

*यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ६६५ (वि. सं. १६०१) माघकृष्ण (अमान्तमानले)

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | १६ | मंगल | चतुर्दशी | २८ | ५१ | धनिष्ठा | ३० | २८ |

पूर्णिमा चित्रा नक्षत्र हर्षण योग शनैश्चरवारको दिन÷ ।]

+श्रीश्रीजयनरेन्द्रमल्लदेवप्रभुठाकुरस्य विजयराज्ये…सम्वत् ६६६ माघकृष्ण दशम्यां तिथौ ज्येष्ठानक्षत्रे हर्षनजोगे जथाकर्णमुहुत्रे बुधवासरे

(देउपाटन फरटोल नारायणस्थानको पाटीको शिलालेखबाट)

[श्रीश्रीजयनरेन्द्र मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा…ने. सं. ६६६ (वि. सं. १६०२) माघकृष्ण दशमी ज्येष्ठा नक्षत्र हर्षण योग पनुं पर्ने करण मुहूर्त परेको वेलामा बुधवारको दिन® ।]

+श्रीनेपालमण्डलेश्वरः वरलब्धश्रीराजाधिराजः परमभत्तारकः परमेश्वरधर्मनारायनश्रीश्रीजय-नरेन्द्रमल्लदेवस्य विजयराज्ये । …सम्वत् ६६६ भार्दपदमासे शुक्लपक्षे षष्ठम्यायांन्तिथ्व अनुराध-नक्षेत्रेः विसकंभजोगे बुद्धवासरेः

(हाँडिगाउँ थःटोल नारायणमन्दिरको शिलालेखबाट)

[श्रीनेपालमण्डलका राजा, वर पाएका श्रीराजाधिराज परमभट्टारक परमेश्वर धर्मनारायण श्रीश्रीजयनरेन्द्र मल्लदेवको विजयराज्यमा…ने. सं. ६६६ (वि. सं. १६०३) भाद्रशुक्ल षष्ठी अनुराधा नक्षत्र विष्कम्भ योग बुधवारको दिन◫ ।]

+ श्रीश्री(जय)नरेन्द्र(मल्लदेवस्य) विजय(रा)ज्ये … … सम्वत् ६६६ चैत्रमासे कृस्नपक्षे अमावास्यां तिथौ

(चावहिल भुलांछेलको शिलालेखबाट)

[श्रीश्रीजयनरेन्द्र मल्लदेव को विजयराज्यमा… ने. सं. ६६६ ( वि. सं. १६०६ ) चैत्रकृष्ण अमावास्याको दिन ।]

---

÷यस दिनको गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ६६५ (वि. सं. १६०१) चैत्रशुक्ल

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | योग | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चैत्र | २९ | शनैश्चर | पूर्णिमा | २२ | २१ | चित्रा | ५० | ५० | हर्षण | ४६ | १६ |

®यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ६६६ (वि. सं. १६०२) माघकृष्ण (अमान्तमानले)

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | योग | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | १ | बुध | दशमी | २५ | २१ | ज्येष्ठा | २२ | ४९ | हर्षण | ४८ | २७ |

◫यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ६६६ (वि. सं. १६०३) भाद्रशुक्ल

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | योग | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आश्विन | २ | बुध | षष्ठी | ४१ | ५३ | अनुराधा | ५८ | ४३ | विष्कम्भ | ३७ | ५५ |

+श्रीश्रीजयनरेन्द्रमल्लदेवप्रभुठा(कु)रस्य विजयराज्ये...सम्वत् ६६९ चैत्र

(चाबहिल भुलांखेलको शिलालेखबाट)

[श्रीश्रीजयनरेन्द्र मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा...ने. सं. ६६९ (वि. सं. १६०६) चैत्र]

+राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयनरेन्द्रमल्लदेव...तस्य विजयराज्ये...सम्वत् ६७२ माघमासे कृष्णपक्षे द्वितीयायां तिथौ ×××× नक्षत्रे शुलयोगे शुक्रवासरे

(काटेसिम्भूको शिलालेखबाट)

[राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयनरेन्द्र मल्लदेव... उहाँको विजयराज्यमा...ने. सं. ६७२ (वि. सं. १६०८) माघकृष्ण द्वितीया ×××××× नक्षत्र शूल योग शुक्रवारको दिन❁ ।]

सम्वत् ६७५ अश्वीनिमासे ॥ कृष्णपक्षे ॥ सप्तमी प्र. अष्टम्यायान्तिथौ ॥ पुणवसु प्र प्वखे नक्षत्रेः सिद्धि प्र साध्ययोगे ॥ जथाकर्णमुहुत्रे सोमवासरे ॥ तुलरासिगते सवितरि क्रक्तराशिगते चंद्रमसि ॥ राजाद्धिराजपरमेस्वरपरमभट्टारकः श्रीश्रीजयनरेन्द्रमल्लदेवस्य विजयराज्य ॥

(राष्ट्रिय पुस्तकालयको हस्तलिखित ४४९ संख्याको महाशान्तिकाध्यायबाट)

[ने. सं. ६७५ (वि. सं. १६१२) आश्विनकृष्ण सप्तमीउप्रान्त अष्टमी तिथि पुनर्वसुउप्रान्त पुष्य नक्षत्र सिद्धिउप्रान्त साध्य योगमा पनु पर्ने करण मुहूर्त परेको वेलामा सोमवारको दिन* तुलाराशिमा सूर्य, कर्कट राशिमा चन्द्रमा गएको वेलामा राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयनरेन्द्र मल्लदेवको विजयराज्यमा]

+सम्वत् ६८० वैशाषशुक्लअष्टमिदिने ॥ ...राजाधिराजश्रीश्रीजयनरेन्द्रमल्लदेवस्य राज्येस

(सिम्भूचैत्यनिरको चैत्यको शिलालेखबाट)

[ने. सं. ६८० (वि. सं. १६१७) वैशाखशुक्ल अष्टमीको दिन... राजाधिराज श्रीश्रीजयनरेन्द्र मल्लदेवको राज्यमा]

---

❁यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ६७२ (वि. सं. १६०८) माघकृष्ण (अमान्तमानले)

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | योग | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | १७ | शुक्र | द्वितीया | १५ | २५ | उत्तरफाल्गुनी | १५ | २८ | शूल | ३१ | ३६ |

*यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ६७५ (वि. सं. १६१२) आश्विनकृष्ण (अमान्तमानले)

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | योग | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्तिक | ७ | सोम | सप्तमी | ३ | २५ | पुनर्वसु | २० | १० | सिद्धि | २२ | ५० |

वीरपुस्तकालयको तेस्रो ३८५ संख्याको गीताभाष्य भन्ने हस्तलिखित पुस्तकमा लक्ष्मणसंवत् ४३२मा अमर मल्लले कान्तिपुरमा राज्य गरिरहेको उल्लेख छ । जस्तै—

ल. सं. ४३२ भाद्रशुदि ७ शनौ ए दिने नेपालदेश···काष्ठमण्डपनगरे···परोपकाररसिक-ज्यौतिषवैद्यकस्मृतिप्रवीणकाव्यअलङ्कारबहुविधविद्यानिधानमहाराजाधिराजश्रीश्रीअमरमल्लदेवस्य··· ··· तस्याज्ञया लिख्यते श्रीमुकुन्दपाठकशर्म्मभिरिति

[ल. सं. ४३२ भाद्रशुक्ल सप्तमी शनिवारका दिन नेपालदेश··· काष्ठमण्डप शहरमा··· अरूको उपकार गर्न मन पराउने, ज्यौतिष आयुर्वेद धर्मशास्त्रमा निपुण, काव्य अलङ्कार आदि धेरै किसिमका विद्याका खानि भएका, महाराजाधिराज श्रीश्रीअमर मल्लदेवको······उहाँको हुकूमले श्रीमुकुन्द पाठक शर्माद्वारा यो पुस्तक सारियो ।]

वि. सं. १६७४ मा जगज्ज्योतिर्मल्लले लेखाएको, वीरपुस्तकालयको पहिलो ११८६ संख्याको स्वरोदयदीपिकाबाट त्यस ताका नेपालउपत्यकावासीहरू लक्ष्मणसंवत्को उठान कहिलेदेखि भयो भनी मान्थे भन्ने कुरा पत्ता लाग्छ । त्यस पुस्तकमा शकसंवत् १५३६ लक्ष्मणसंवत् ४६४ लेखिएको हुँदा शकसंवत् र लक्ष्मणसंवत्को अन्तर १५३६–४६४=१०४५ हुँदो रहेछ भनी थाहा पाइन्छ । १०४५+१३५=११८० हुने हुँदा लक्ष्मणसंवत्मा ११८० जोडिदियो भने विक्रमसंवत् आउने देखिन्छ ।

यस कारण लक्ष्मणसवत् ४३२=शकसंवत् (४३२+१०४५)=शकसंवत् १४७७=विक्रमसंवत् (१४७७+१३५)=विक्रमसंवत् १६१२ हुन्छ ।

वि. सं. १६१२ मा अमर मल्लले काठमाडौंमा राज्य गरिरहेका थिए भन्ने यताबाट बुझिन्छ* ।

माथि उद्धरण गरिएका अभिलेखहरूमा देखिएका नरेन्द्र मल्लको समयभित्र देखा पर्न आएका यी अमर मल्ल नरेन्द्र मल्लै त होइनन् भन्ने प्रश्न यताबाट उठ्छ । होइनन् भने यसरी एउटै राज्यमा एकै समयमा दुइ जना राजाको उल्लेख नपाइनुपर्ने हो । यसभन्दा अलि तलका यिनका वंशजहरूका अभिलेख पढेपछि यो कुरा निर्णय गर्न बढ्ता आधार पाइन्छ ।

तलेजु त्रिशूलडवलीको, हनूमान्ढोका कृष्णदेवलको र पशुपतिको अभिलेखमा प्रताप मल्लले आफ्नो वंशवर्णन गरेका छन् । तिनमा दुइटा अभिलेखमा सूर्य मल्लका छोरा अमर मल्ल, अमर मल्लका छोरा महेन्द्र मल्ल भनी लेखिएको छ । पशुपतिको अभिलेखमा चाहिं सूर्य मल्लका छोरा नरेन्द्र मल्ल, नरेन्द्र मल्लका छोरा महेन्द्र मल्ल भनी लेखिएको छ । जस्तै—

श्रीसूर्यमल्लोऽजनि सूनुरस्य···बभूव पुत्रोऽमरमल्लनामा···

*यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ल. सं. ४३२ (वि. सं. १६१२) भाद्रशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भाद्र | २४ | शनैश्चर | सप्तमी | ३४ | २० |

तन्नन्दनो निन्दितशर्वरीशो यशोभिपूरैर्नृपनीतिशुद्धः ।
महेन्द्रमल्लो रिपुचित्तभल्लो महानुभावो निजवंशकेतुः ॥

(प्रताप मल्लको कान्तिपुर तलेजु त्रिशूलडवलीको वि. सं. १६९९ को शिलालेखबाट । "संस्कृत-सन्देश" १ वर्ष २ अङ्कमा योगी नरहरिनाथद्वारा यो शिलालेख छापिएको छ ।)

[उहाँ (रत्न मल्ल)का छोरा सूर्य मल्ल जन्मनुभयो।···उहाँ (सूर्य मल्ल) का छोरा अमर मल्ल हुनुभयो।···उहाँ (अमर मल्ल) का छोरा कीर्तिसमूहले चन्द्रमालाई जितेका, राजनीतिमा सिपालु, शत्रुलाई थर्काउने, ठूला, आफ्नो वंशमा श्रेष्ठ महेन्द्र मल्ल हुनुभयो ।]

तस्मात् श्रीसूर्य्यमल्लोऽवनिपतिरभवत्तत्तनूजोमराख्यो
मल्लोभूत्तस्य पुत्रो रिपुगणविजयी श्रीमहेन्द्राख्यमल्लः ॥

(प्रताप मल्लको हनूमान्ढोका कृष्णदेवलको वि. सं. १७०५ को शिलालेखबाट । "इन्डियन् यॉन्टिक्वेरि (भारतीय प्राचीन तत्त्व)" ९ भागमा भगवान्लाल इन्द्रजीद्वारा यो शिलालेखको संस्कृत भाग छापिएको छ । पछि "संस्कृत-सन्देश" १ वर्ष ३ अङ्कमा शङ्करमान राजवंशी ज्ञानमणि नेपालद्वारा संपूर्ण यो शिलालेख छापिएको छ।)

[उहाँ (रत्न मल्ल)बाट राजा सूर्य मल्ल हुनुभयो । उहाँ (सूर्य मल्ल)का छोरा अमर मल्ल हुनुभयो। उहाँ (अमर मल्ल)का छोरा शत्रुहरूलाई जितेका महेन्द्र मल्ल हुनुभयो ।]

तत्पुत्रस्सूर्यमल्लो नरपतितिलकः प्रादुरासीत्प्रवीरः ॥
तस्मान्मल्लनरेन्द्रनामधरणीपालो बभूव प्रभु···
संजातस्तु महीन्द्रमल्लवसुधारत्नं ततस्तत्सुतः ।

(प्रताप मल्लको पशुपतिमन्दिरको वि. सं. १७१३ को शिलालेखबाट । "इन्डियन् यॉन्टिक्वेरि" ९ भागमा भगवान्लाल इन्द्रजीद्वारा यो शिलालेखको सस्कृतभाग छापिएको छ।)

[उहाँ (रत्न मल्ल)का छोरा, राजाहरूमा श्रेष्ठ वीर सूर्य मल्ल हुनुभयो । उहाँ (सूर्य मल्ल)-बाट ठूला राजा नरेन्द्र मल्ल हुनुभयो। उहाँ (नरेन्द्र मल्ल)का छोरा पृथ्वीतलका रत्न महेन्द्र मल्ल जन्मनुभयो ।]

यसरी महेन्द्र मल्लका बाबुको नाउँ अमर मल्ल र नरेन्द्र मल्ल दुवै लेखिएका हुँदा अमर मल्ल र नरेन्द्र मल्ल एउटै व्यक्ति हुन् भनी प्रताप मल्लले देखाएको स्पष्ट छ ।

पाटनका राजा श्रीनिवास मल्लको पाटन मूलचोकको अभिलेखमा महेन्द्र मल्लका बाबु अमर मल्ल भनी लेखिएको छ। जस्तै—

श्रीसूर्यमल्लोऽनलसूर्य्यतेजाः···तदीयपुत्रोऽमरमल्लभूपः···
तदात्मजोऽभूद्भुवि भूरिकीर्त्तिर्महेन्द्रमल्लो हि महीमहेन्द्रः ॥

(श्रीनिवास मल्लको पाटन मूलचोकको वि. सं. १७२३ को सुवर्णपत्रबाट । संशोधन-मण्डलको "अभिलेख-संग्रह" छैटौं भागमा यो सुवर्णपत्र छापिएको छ।)

[अग्नि र सूर्य जस्ता तेजिला सूर्य मल्ल हुनुभयो। उहाँ (सूर्य मल्ल)का छोरा राजा अमर मल्ल हुनुभयो। उहाँ (अमर मल्ल)का छोरा पृथ्वीतलमा धेरै कीर्ति फैलिएका पृथ्वीका इन्द्र महेन्द्र मल्ल हुनुभयो।]

प्रताप मल्लका छोरा पार्थिवेन्द्र मल्लको वंशवर्णन गरिएका दुवै अभिलेखमा महेन्द्र मल्लका बाबु अमर मल्ल भनी लेखिएको छ। जस्तै—

तत्पुत्रोऽमरमल्लभूपतिरभूत्तस्मान्महेन्द्रो नृपः…

(पार्थिवेन्द्र मल्लको पशुपतिमन्दिरको वि. सं. १७३५ को शिलालेखबाट। "संस्कृत-सन्देश" १ वर्ष १०-११-१२ संयुक्ताङ्कमा ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य, कुमारधर शर्माद्वारा यो शिलालेख छापिएको छ।)

[उहाँका छोरा राजा अमर मल्ल हुनुभयो। उहाँ (अमर मल्ल)बाट राजा महेन्द्र मल्ल हुनुभयो।]

श्रीसूर्यमल्लभ्सुविशुद्धभूषा तस्मादजायन्निजवंशपूषा ।…
सर्वाभिरामोमरमल्लभूपस्ततोस्य जातष्किलकामरूपः।…
तत्पुत्रोभवदुग्रवीर्यविभवः श्रीमन्महेन्द्रो नृपः…

(पार्थिवेन्द्र मल्लको कान्तिपुर तलेजुको वि. सं. १७३८ को शिलास्तम्भाभिलेखबाट। "इतिहास-संशोधनको प्रमाणप्रमेय" को १४२-४३ पृष्ठमा यो शिलास्तम्भाभिलेखको केही अंश छापिएको छ।)

[उहाँ (रत्न मल्ल)बाट आफ्नो कुललाई चम्काएका राम्रा सूर्य मल्ल जन्मनुभयो। उहाँ (सूर्य मल्ल)बाट कामदेव जस्ता राम्रा राजा अमर मल्ल हुनुभयो। उहाँ (अमर मल्ल) का छोरा ठूलो पराक्रम र ऐश्वर्य भएका राजा महेन्द्र मल्ल हुनुभयो।]

तात्कालिक अभिलेखमा भने महेन्द्र मल्लका बाबुको नाउँ नरेन्द्र मल्ल भनी लेखिएको पाइन्छ। जस्तै—

+राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयनरेन्द्रमल्लदेवस्य तनुजश्रीश्रीजयमहेन्द्रमल्लदेवस्य विजयराज्ये…सम्वत् ६६७ चैत्रमासे शुक्लपक्षे अष्टम्यां तिथौ पुनर्वसुनक्षत्रे…यथाकरर्णमुहूर्त्ते सोमवासरे मेषराशिगते ×××× मिथुनराशिगते चन्द्रमसि मेषसंक्रान्तिमहापर्वदिने

(प्युखाटोलको शिलालेखबाट)

[राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयनरेन्द्र मल्लदेव र उहाँका छोरा श्रीश्रीजयमहेन्द्र मल्लदेवको विजयराज्यमा…ने. सं. ६६७ (वि. सं. १६०४) चैत्रशुक्ल अष्टमी पुनर्वसु नक्षत्रमा… पर्नुपर्ने करण मुहूर्त परेको वेलामा सोमवारको दिन मेषराशिमा … मिथुन राशिमा चन्द्र गएको वेलामा मेषसंक्रान्तिको महापर्वमा❀।]

---

❀यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ६६७ (वि. सं १६०४) चैत्रशुक्ल

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | |
|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख | १ | सोम | अष्टमी | ५५ | ३६ | पुनर्वसु | ४० | ४० | मेषेऽर्कः १७।२८ |

+राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयनरेन्द्रमल्लदेवस्य तनयश्रीश्रीजयमहेन्द्रमल्लदेवस्य विजयराज्ये···सम्वत् ६७४ फाल्गुणमासे कृष्णपक्षे षष्ठ्यां तिथौ बृहस्पतिवासरे थ्व कुन्हु··· अहोरात्रछि यज्ञ याङन प्रतिष्ठा संपूरर्ण

(प्युखाटोलको शिलालेखबाट)

[राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयनरेन्द्र मल्लदेव र उहाँका छोरा श्रीश्रीजयमहेन्द्र मल्लदेवको विजयराज्यमा···ने. सं. ६७४ (वि. सं. १६१०) फाल्गुनकृष्ण षष्ठी बृहस्पतिवारको दिन अहोरात्र यज्ञ गरी प्रतिष्ठा संपूर्ण भयो❁।]

यसरी महेन्द्र मल्लका बाबुलाई प्रताप मल्लले एक ठाउँमा नरेन्द्र मल्ल र अर्को ठाउँमा अमर मल्ल लेखेको, प्रताप मल्लका गोतिया श्रीनिवास मल्ल र छोरा पार्थिवेन्द्र मल्लले अमर मल्ल लेखेको, तात्कालिक २ शिलालेखमा नरेन्द्र मल्ल लेखिएको देखिनाले तथा एकै समयका ताड़पत्र, शिलापत्र, पुस्तकमा नरेन्द्र मल्ल र अमर मल्ल दुवै नाउँको उल्लेख पाइएको हुनाले नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्तिको नामान्तर मात्र हो भन्ने कुरा सिद्ध हुन आउँछ।

—०—

# भूपालेन्द्र मल्ल

**—रामजी तेवारी**

कान्तिपुरका राजा भूपालेन्द्र मल्लको परिचय शासनकाल आदिको विषयमा इतिहासकारहरूले प्रायः गल्ती गरेका छन्। प्रतापमल्लका छोरा महीन्द्र मल्ल र भूपालेन्द्र मल्ल एउटै व्यक्ति हुन् आदि कुरा उनीहरू लेखेका छन्[१]। इतिहास-संशोधनहरूमा यस विषयमा प्रमाणसाथ हामीहरूले

❁यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ६७४ (वि. सं. १६१०) फाल्गुनकृष्ण (अमान्तमानले)

| | गते | वार | तिथि | घड़ी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | २७ | बृहस्पति | पञ्चमी | ३१ | ३६ |

अतः ३१ घडी ३६ पलाउप्रान्त षष्ठी लाग्ने हुनाले बृहस्पतिवार जाँदो बिहानपख फाल्गुन-कृष्ण षष्ठी हुने भयो।

यस अभिलेखमा अहोरात्र यज्ञ गरी प्रतिष्ठा सम्पूर्ण भयो भनी लेखिएको हुँदा प्रतिष्ठा गरी यो अभिलेख राखेको समय फाल्गुनकृष्ण पञ्चमीउप्रान्त षष्ठी बृहस्पतिवार जाँदो शुक्रवार लाग्दो बिहानपख रहेछ भन्ने बुझिन्छ।

[१]श्रीबालचन्द्र शर्मा एम. ए. साहित्यरत्नको 'नेपालको ऐतिहासिक रूप-रेखा'को १७१ पृष्ठ हेर्नुहोस्।

लेखिसकेका छौं[२] । तैपनि अहिलेसम्म पनि भूपालेन्द्र मल्लको शासनकाल आदि बारेमा अशुद्धि दोहोरिइरहेको नै देखिन्छ[३] ।

काठमाडौं तलेजु–मन्दिरको अगाडि तीनवटा ठूलठूला शिलास्तम्भ खड़ा रहेका छन् । तिनमा पूर्वपट्टिको स्तम्भमा पार्थिवेन्द्र मल्लको वि. सं. १७३८ को अभिलेख कुँदिएको छ[४] । त्यस अभिलेखबाट भूपालेन्द्रको वंशपरिचय पाइन्छ । त्यहाँ वर्णन गरिएको वंशक्रमको केही अंश यस प्रकारको छ—

लक्ष्मीनरसिंह मल्ल

।

प्रताप मल्ल

।

पार्थिवेन्द्र मल्ल + ऋद्धिलक्ष्मी

।

भूपालेन्द्र मल्ल

यताबाट भूपालेन्द्र मल्ल प्रताप मल्लका नाति तथा पार्थिवेन्द्र मल्लका छोरा हुन् भन्ने कुरा टुङ्गो लाग्छ ।

ठिमीनिवासी चन्द्रमान जोशीसंग रहेको ठ्यासफुबाट भूपालेन्द्र मल्लको जन्मदेखि मृत्युसम्मका मुख्य मुख्य कुरा बुझ्न सकिन्छन् । यस कारण प्रस्तुत विषय लेख्न सो ठ्यासफु अत्यन्त सहायक भएको छ । सो ठ्यासफुको वर्णनबाट वि. सं. १७३७ भाद्रमा भूपालेन्द्र मल्लको अन्नप्राशन (पास्नी) गरिएको थियो तथा वि. सं. १७३८ श्रावणमा उनी १ वर्ष ८ महीनाका थिए भन्ने बुझिन्छ । यसबाट भूपालेन्द्र मल्लको जन्म वि. सं. १७३६ मंसीरतिर भएको थियो भन्ने सिद्ध हुन्छ ।

वि. सं. १७४४ मा पार्थिवेन्द्र मल्लको विषयप्रयोगद्वारा मृत्यु भयो । यसको १३ दिनपछि भूपालेन्द्र मल्ल कान्तिपुरको गद्दीमा राखिए । यसरी गद्दीमा बस्दा भूपालेन्द्र मल्ल ८ वर्षका मात्र थिए । यसैले चौतारा लक्ष्मीनारायण जोशीले टकमा समेत राजाको साथै आफ्नो पनि नाउँ कुँदाई हर्ताकर्ता भई कान्तिपुरमा तीन वर्ष जति रमझम गरेको वर्णन हामीले अन्त गरिसकेका छौं* । वि. सं. १७४७ भाद्रमा लक्ष्मीनारायण जोशी मारिएपछि भएका अरू

---

[२] 'इतिहास-संशोधनको प्रमाण-प्रमेय'को १५६, २२५–३० पृष्ठ हेर्नुहोस् ।

[३] श्रीसूर्यविक्रम ज्ञवाली बी. ए. बी. टी. को 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास'को ११६ पृष्ठ तथा सावधान-पत्र ६ संख्या हेर्नुहोस् ।

[४] यस अभिलेखको केही अंश 'इतिहास-संशोधनको प्रमाण–प्रमेय'को १४२-४३ पृष्ठमा छापिएको छ ।

*माथिका कुराका प्रमाण 'इतिहास-संशोधनको प्रमाण-प्रमेय'को २७३-८४ पृष्ठमा हेर्नुहोस् ।

चौताराहरू लक्ष्मीनारायण जति शक्तिशाली भई हर्ताकर्ता हुन पुगेका देखिंदैनन् तापनि भूपालेन्द्र मल्लको शासनकालको आधा जति समयमा कान्तिपुरको राजकाजमा भारादारहरूकै बढ्ता हात रह्यो। यसो हुँदा भूपालेन्द्र मल्लको व्यक्तित्व कस्तो थियो भनी निश्चित रूपमा भन्न अलि गाह्रो छ। त्यस वेलाको कान्तिपुरको राजकाजको अवस्थाले गर्दा आफ्नो अन्तिम समयसम्ममा पनि उनलाई आफ्नो गाथगादीको रक्षाको निमित्त पीर भइरहन्थ्यो भन्ने कुरा वि. सं. १७५५ मा कान्तिपुर भक्तपुर ललितपुरका तीनै राजा मिली गरेको सन्धिपत्रबाट थाहा पाइन्छ* ।

भूपालेन्द्र मल्लको पहिलो विवाह लक्ष्मीनारायण जोशी चौतारा भएको वेलामा वि. सं. १७४६ माघमा भएको थियो★। त्यस वेला उनी १० वर्षका थिए। त्यस उत्सवमा भक्तपुरका राजा र राजपरिवार सामेल भएका थिए। ललितपुरतर्फबाट भने कुनै पनि त्यस विवाहोत्सवमा उपस्थित भएका थिएनन्। यसबाट यस वेला ललितपुरसंग कान्तिपुरको ठ्याँक नमिलेको अनुमान हुन्छ। यसको दुइ वर्षपछि वि. सं. १७४८ मा भूपालेन्द्र मल्लको दोस्रो विवाह भयो§। यसै साल भूपालेन्द्र मल्लले दीक्षा पनि लिए+ ।

विजयपुरका राजा विधाताइन्द्र सेन मकवानपुरमा लड्न जानाको लागि नेपालखाल्डाका राजाको मद्दत लिन वि. सं. १७४८ आश्विनमा कान्तिपुर आए। शहरबाहिर रानीपोखरीसम्म आफैं गई भूपालेन्द्रले उनको स्वागत गरे। त्यस वेला विधाताइन्द्र सेनले कान्तिपुरलाई कोसेलीको

---

*'ऐतिहासिक-पत्र-संग्रह (दोस्रो भाग)'को २२-४० पृष्ठमा सो सन्धिपत्र व्याख्यासहित परेको छ।

★"सं. ८१० माघकृष्ण चतुर्थी उत्रफाल्गुणी नक्षत्र अतिगण्ड प्र. शुकम्भ-योग शनैश्चरवार ॥ थ्व कुन्हु श्री २ भूपारेन्द्र मल्ल जुजुया इहि याङ । खप्वया राजा स्वह्म बा काय रानि पनि व॥" (ठ्यासफुबाट)

[ने० सं ८१०(वि. सं. १७४६) माघकृष्ण चतुर्थी उत्तरफाल्गुनी नक्षत्र अतिगण्डउप्रान्त सुकर्मयोग शनैश्चरवारका दिन श्रीश्रीभूपालेन्द्र मल्लको विवाह गरियो। भक्तपुरका राजा बाबु छोरा तीनै जना र रानीहरू पनि आउनुभएको थियो।]

§"सं. ८१२ फाल्गुनकृष्णः। चतुर्थी स्वाति नक्षत्र बृहस्पतिवार थ्व कुन्हु श्री२ भूपालेन्द्र मल्ल जुजुया परत इहि याङा दिन" [ठ्यासफुबाट]

[ने. सं. ८१२ (वि. सं. १७४८) फाल्गुनकृष्ण चतुर्थी स्वाति नक्षत्र बृहस्पतिवारका दिन श्रीश्रीभूपालेन्द्र मल्लको दोस्रो विवाह भयो।]

+"सं. ८१२ माघकृष्ण अमावासि शतभिषा नक्षत्र शिव योग आदित्यवार ॥ ॥ थ्व कुन्हु श्रीश्रीभूपारेन्द्र मल्ल जुजुया दीक्षा काया दिन। सूर्यग्रास च्या अंगुली जोङ गुरु विश्वम्भर उपाध्या." (ठ्यासफुबाट)

[ने.सं. ८१२ (वि.सं. १७४८) माघकृष्ण अमावास्या शतभिषा नक्षत्र शिव योग आदित्यवारका दिन गुरुज्यू विश्वम्भर उपाध्यायसंग श्रीश्रीभूपालेन्द्र मल्ल राजाले दीक्षा लिनुभयो। ८ अङ्गुल सूर्यग्रहण लागेको थियो।]

रूपमा एउटा हात्ती दिए। विधाताइन्द्र सेन २ महीनाजति नेपालउपत्यकामा बसे। यसै बीच हनूमान्ढोका दरबारको मोहनचोकमा चारै राज्यका राजा जम्मा भई सन्धि गरे। विधाताइन्द्र सेनलाई मद्दत दिने कुरा तीनै मल्ल राजाहरूले स्वीकार गरे। यसै सन्धिअनुसार कार्तिकमा मकवानपुरमा लड्न तीनै मल्ल राज्यबाट फौज प्रस्थान गऱ्यो। ललितपुरतर्फबाट राजा योगनरेन्द्र मल्ल आफैं हिंडेका थिए×। यस घटनाको के परिणाम निस्क्यो, सो थाहा पाइएको छैन। जे भए तापनि यस घटनाले कान्तिपुरको प्रभाव केही बढेको अनुमान गर्न सकिन्छ। राजा भूपालेन्द्र यस वेला १२ वर्षका मात्रै थिए। राजमाता ऋद्धिलक्ष्मी मिथिलादेशकी भएकी र केही जमामर्द पनि भएकीले पूर्वतिरको सम्बन्धमा उनैको बढ्ता हात भएको देखिन्छ। यसभन्दा डेढ वर्ष जति पहिले कान्तिपुर र भक्तपुरले आफ्ना भारादार सिंधुली पठाई मोरङका राजासंग सम्बन्ध जोडेका थिए*।

---

×सं. ८११ आश्विनशुक्ल। पञ्चमी अनुराध नक्षत्र बुधवार थ्व कुन्हु पूर्वया पातसाहजु यंस दुहा वव. न्हुरपुखुरतो श्री २ भूपारेन्द्र मल्ल जुजुनं र स्वर बिज्याक. मा किसि छ्य्ह देश बिव।

सं. ८११ आश्विनकृष्णः। सप्तमी पुनर्वसु नक्षत्र आदित्यवार थ्व कुन्हु स्व नगरं बंध जुव मोरङया पासाजु सुद्धान खप्वया स्वह्म एलयां मोहोर्नचुकस खुह्म नाप रात.

सं. ८१२ कार्तिककृष्णः॥ एकादशी हस्त नक्षत्र शुक्रवार थ्व कुन्हु स्व नगरं ह्म कानपुलि हतार न्ह्याङा. अलतो जुजु बिज्याक विधाताइन्द्र जोको च्यान्हुलिव ओन॥" (ब्यासफुबाट)

[ने. सं ८११ (वि. सं. १७४८) आश्विनशुक्ल पञ्चमी अनुराधा नक्षत्र बुधवारका दिन पूर्वका बादशाह✻ (मोरङका विधाताइन्द्र सेन) कान्तिपुरमा आए। न्हुः पुखु (रानीपोखरी)सम्म गई श्रीश्रीभूपालेन्द्र मल्लले स्वागत गर्न जानुभयो। एउटा ढोई देश (कान्तिपुर)लाई दिइयो।

ने सं. ८११ (वि. सं. १७४८) आश्विनकृष्ण सप्तमी पुनर्वसु नक्षत्र आदित्यवारका दिन मोरङका बादशाहसहित तीनशहरको सन्धि भयो। भक्तपुरका तीनै जना (राजाजितामित्र, कान्छा राजा उग्रमल्ल, युवराज भूपतीन्द्र), ललितपुरका (योगनरेन्द्र)समेत मोहनचोकमा ६ जनाले भेटघाट गरे।

ने. सं. ८१२ (वि. सं. १७४८) कार्तिककृष्ण एकादशी हस्त नक्षत्र शुक्रवारका दिन तीनै शहरले मकवानपुर युद्धका लागि प्रस्थान गरे। ललितपुरबाट राजा (योगनरेन्द्र मल्ल) आफैं जानुभयो। विधाताइन्द्रचाहिं आठ दिनपछि गए।]

*"सं ८१० फाल्गुणशुक्ल एकादशी आद्रा प्र पुनर्वसुनक्षत्र आदित्यवार यँया प्रमानपनि खप्वया पनि सिंधुलि वङाओ, पातसाहा नापरात ओङ॥"

(ब्यासफुबाट)

---

✻हरिहरसेनले हिन्दूपति पद लिएपछि उनी 'पर्वतका बादशाह' भनी कहलाउन लागे। सेनवंशावलीमा 'महाराजाधिराजपर्वतैकपातसाहहिन्दूपति ... मकवानीकुलावतंशश्रीहरिहर इन्द्रदेव' भन्ने विशेषण लाइएकोले यो कुरा थाहा पाइन्छ। पछि उनका सन्तानहरूले पनि यो पद लिए। यसो हुँदा यहाँ पूर्व मोरङका राजा विधाताइन्द्र सेनलाई 'पूर्वका बादशाह' भनी लेखिएको हो।

वि. सं. १७५२ मा भूपालेन्द्र मल्लले आफ्नी आमा ऋद्धिलक्ष्मीसंग हात्तीखेदा गर्न गई तीनवटा हात्ती पक्रेर ल्याए । राजा र राजमाता बाहिर गएको मौका पारी ललितपुर र भक्तपुरले कान्तिपुरलाई अँठ्याउन खोजे। परन्तु कान्तिपुरलाई एक्लो पार्नु सिवाय उनीहरूले केही गर्न सकेनन् । हात्तीखेदाबाट राजा र राजमाता स्वदेश फर्केको लगत्तै त्यस बेलाका चौतारा रघुवीर खोसिए, नवमीसिंह चौतारा बनाइए* । नयाँ चौताराले केही दिनपछि नै ललितपुरलाई आफ्नो पक्षमा मिलाई भक्तपुरलाई एक्लो पारे । अनि कान्तिपुर र ललितपुर मिली भक्तपुरको राज्यक्षेत्रमा आक्रमण गर्न पुगे+ । यसरी कान्तिपुरले आफ्नो इज्जत राख्यो ।

आमा ऋद्धिलक्ष्मीका साथ भूपालेन्द्र मल्लले निकै धर्मकर्म गरेको उल्लेख पाइन्छ । वि. सं. १७५० मा भूपालेन्द्र मल्लले चाँगुनारायणको जीर्णोद्धार गरे। चाँगुनारायणको पुरानो शिरोभाग फेरी नयाँ राखे, तोरण आदि चढाए, कोटिहोम गरी निकै दान पनि गरे÷ ।

---

[ने. सं. ८१० (वि. सं. १७४६) फाल्गुनशुक्ल एकादशी आर्द्रोउप्रान्त पुनर्वसु नक्षत्र आदित्यवारका दिन कान्तिपुरका र भक्तपुरका भारादारहरू सिंधुली गई बादशाहसंग भेटघाट गरे ।]

*"सं. ८१६ माघशुक्ल षष्ठी अश्विनी नक्षत्र बुधवार थ्व कुन्हु श्रीश्रीभूपारेन्द्र मल्ल जुजुपनि माजु हाति खेरा बिज्याक देशस मदयकं याकात तर खप्वजन ञल वउ जुर. वन किसि स्वह्म हव ॥ फाल्गुनकृष्ण सप्तमी आदित्यवार थ्व कुन्हु रहुवीर भाजु चौतारा कोकायाओ नवमीसिं भायात चौतारा बिर."

(ठ्यासफुबाट)

[ने. सं. ८१६ (वि. सं. १७५२) माघशुक्ल षष्ठी अश्विनी नक्षत्र बुधवारका दिन श्रीश्रीभूपालेन्द्र मल्ल राजा र राजमाताहरू हात्ती खेदा गर्न जानुभयो । राजा देशमा (कान्तिपुरमा) नभएका हुँदा भक्तपुर र ललितपुर मिली कान्तिपुरलाई एक्लै पारे । तीनवटा जङ्गली हात्ती पक्रेर ल्याइए । फाल्गुनकृष्ण सप्तमी आदित्यवारका दिन रघुवीरलाई खोसी नवमीसिंहलाई चौतारा बनाइयो ।]

+"सं. ८१६ चैत्रशुक्लः ॥ पूर्णमी अंगारवार थ्व कुन्हु खप्वज याकात तयाओ यं व ञल वउ जुरो । चैत्रकृष्ण पंचमी मूल नक्षत्र आदित्यवार थ्व कुन्हु वभू हतार न्ह्याक "(ठ्यासफुबाट)

[ने. सं. ८१६ (वि. सं. १७५३) चैत्रशुक्ल पूर्णिमा मङ्गलवारका दिन भक्तपुरलाई एक्लै पारी कान्तिपुर र ललितपुर मिले । चैत्रकृष्ण पञ्चमी मूल नक्षत्र आदित्यवारका दिन ओभू हमला गर्न गए ।]

÷"सं. ८१४ पौषकृष्ण षष्ठमी हस्त नक्षत्र शुक्रम्भयोग आदित्यवार थ्व कुन्हु श्रीश्रीभूपारेन्द्र मल्ल जुजु चंगुस कोत्याहुति जज्ञे आरम्भ यात अग्निस्थापन··· माघशुक्ल दशमी रोहणी नक्षत्र ऐन्द्र योग बृहस्पतिवार थ्व कुन्हु श्री ३ गरुडनारायणया शिर हिर, न्हापाया लिकायाओ, तोरण तर. ब्राह्मण भोज नकु. दक्षिणा छ मोहोर ह्मन. पिय डान्हुतो जज्ञे याङाओ फाल्गुणशुक्ल सप्तमी रोहणी नक्षत्र बुधवार थ्व कुन्हु जज्ञे पूर्ण यात ॥ सर ह्म १०८ सा ह्म १०८ चोर ह्म १०८ फसि ह्म १०८ किसि ह्म १ दान बिर ।"

(ठ्यासफुबाट)

गोसाइँकुण्ड कान्तिपुर इलाकामा पर्ने प्रसिद्ध तीर्थमध्ये थियो । पहिलेदेखि मल्ल राजाहरू बराबर गोसाइँकुण्ड महादेवको दर्शन गर्न जान्थे ÷। वि. सं. १७५१ मा भूपालेन्द्र मल्ल र ऋद्धिलक्ष्मीले

[ने. सं. ८१४ (वि. सं. १७५०) पौषकृष्ण षष्ठी हस्त नक्षत्र सुकर्मयोग आदित्यवारका दिन श्रीश्रीभूपालेन्द्र मल्ल राजाले चाँगुमा अग्निस्थापन गरी कोटिहोम आरम्भ गर्नुभयो । माघशुक्ल दशमी रोहिणी नक्षत्र ऐन्द्र योग बृहस्पतिवारका दिन श्री ३ गरुडनारायण (चाँगुनारायण) को अघिको शिरोभाग झिकी अर्को नयाँ राखियो, तोरण चढाइयो । ब्राह्मणभोजन गराइयो। जनैपिच्छे १।१ मोहर दक्षिणा दिइयो। ४५ दिनसम्म यज्ञ गरी फाल्गुनशुक्ल सप्तमी रोहिणी नक्षत्र बुधवारका दिन यज्ञ पूर्ण गरियो। १०८ घोडा, १०८ गाई, १०८ बाख्रा, १०८ भेँडा १ हात्ती दान दिइयो।]

भूपालेन्द्र मल्लको चाँगुको शिलालेखमा पनि यस कुराको वर्णन परेको छ। सो अभिलेख संस्कृत-सन्देश १ वर्ष ६ अङ्कमा पं. बुद्धिसागर पराजुली द्वारा प्रकाशित भएको छ ।

÷ वि. सं. १५०४ मा यक्ष मल्ल गोसाइँकुण्डमा गएको वर्णन तात्कालिक हस्तलिखित पुस्तकमा पाइएको छ—

"ॐ संवत् ५६७ भाद्रपदशुद्धि ३ श्रीश्रीजयजक्ष मलदेव ठाकुरत्वम् शिवलुति बिज्यायेया पस्थावन याङा दिवस। भाद्रपदशुक्ल द्वादशी श्रवण नक्षत्र बुधवार... थ्व कोन्हु शिवलुतिस स्नान याङाव दान दक्षना यानाव स्वंचा प्यन्हु शिवलुतिस बिज्याङाव सा दान याङा थ्वते धुनकाव कोओ बिज्याङा ॥ भाद्रपदवद्धि ४ थ्व कोन्हु चँगुँ श्रीनारायणसके सनान धुनकाव ॥ ग्वलं बिज्याङा। ग्वलंस श्रीपशु-पतिसके स्नान याङाव ॥ थ्वते सनान धुनकाव थ्व कोन्हुवु राजकुल बिज्याङा ॥"

(स्वर्गवासी हिज हाइनेस अतिरथी केसरशमशेर ज. ब. रा. को पुस्तकालयमा रहेको "सुमतिसिद्धान्तटीका" भन्ने पुस्तकमा टिपिएका वाक्य)

[ने. सं. ५६७ (वि. सं. १५०४) भाद्रशुक्ल तृतीयाका दिन श्रीश्रीजययक्ष मल्ल देव ठाकुर शिवलुति (शिलु=गोसाइँकुण्ड)तिर प्रस्थान गर्नुभयो, भाद्रशुक्ल द्वादशी श्रवण नक्षत्र बुधवारका दिन गोसाइँकुण्डमा स्नान गरेर दान दक्षिणा गर्नुभयो, तीन रात चार दिन गोसाइँस्थानमा बसी गाई दान दिनुभयो, यति गरी फर्कनुभयो, भाद्रकृष्ण चतुर्थीका दिन श्रीचाँगुनारायणलाई स्नान लगराई देउपाटनमा जानुभयो, देउपाटनमा श्रीपशुपतिनाथलाई स्नान गराई त्यही दिन राजदरबारमा जानुभयो।]

वि. सं. १७३८ मा पार्थिवेन्द्र मल्ल र महीपतेन्द्र मल्ल पनि गोसाइँकुण्डमा गएका थिए—

"सं. ८०१ श्रावणशुक्ल ॥ अष्टमी प्र. नवमी स्वाति नक्षेत्र बुधवार थ्व कुन्हुया बेला घटि १५ बेङाव घटि १८ थ्वतेनन्हा श्रीश्रीजयपार्थिवेन्द्र मल्लदेव भ्रातृश्रीश्रीमहीपतेन्द्र मल्ल थ्वपनि नेम्ह फुकिजं नीरकंठ बिज्याय धायाव, पश्चिमगमन यातकाओ छोया ॥ ...श्री ३ नीरकंठ हृदया दक्षिण श्रीश्रीजय-पार्थिवेन्द्र मल्लन शिवलिंग स्थापना याङा,"

(थ्यासफुबाट)

[ने. सं. ८०१ (वि. सं. १७३८) श्रावणशुक्ल अष्टमीउप्रान्त नवमी स्वाति नक्षत्र बुधवारका

पनि १५ दिन लाईकन गोसाइँकुण्डको यात्रा गरेका थिए [१]।

वि. सं. १७५३ मा कार्तिक महीनाभर भूपालेन्द्र मल्ल बुंकोमा (२) स्नान गर्न गए। आखिरी दिन उनले पशुपतिमा महास्नान गराई यज्ञ गराए। यसको भोलिपल्ट कार्तिककृष्ण प्रतिपदाउप्रान्त द्वितीयाका दिन उनका छोरा (भास्कर मल्ल)को जन्म भयो। छोरा जन्मेको खुशीयालीमा राजाले हात्ती घोडा लुगा आदि अनेक वस्तु बकस दिए। नाना किसिमका बाजा बजाई ठूलो हर्षसाथ यो उत्सव देशभर मनाइयो +।

यसको १३ दिनपछि पशुपतिनाथको जीर्णोद्धारको काम शुरू गरियो। ७ महीना जतिमा पशुपतिको मन्दिर जीर्णोद्धारको काम सिद्ध्याइयो। कोटीहोम पूजाआजा सिद्ध्याई राजा र राजामाता जात्रा गरीकन आफ्नो दरबारमा फर्के *।

---

दिन १५ घडीदेखि १८ घडीभित्र श्रीश्रीजयपार्थिवेन्द्र मल्लदेव, भाइ श्रीश्रीमहीपतेन्द्र मल्ल दुवै दाजु भाइ गोसाइँकुण्डमा जान भनी पश्चिमतिर जानुभयो। ··· श्री ३ नीलकण्ठरह (गोसाइँकुण्ड)को दक्षिणतिर श्रीश्रीजयपार्थिवेन्द्र मल्लले शिवलिङ्ग स्थापना गर्नुभयो।]

[१]"सं. ८१४ श्रावणशुक्ल सप्तमी स्वाति नक्षत्र बृहस्पतिवार थ्व कुन्हु श्री २ भूपारेन्द्र मल्ल जुजु श्री २ ऋद्धिलक्ष्मी माजु थकुजु म्ह ३ श्री ३ नीरकण्ठ बिज्याक जिम ङान्हु कुन्हु लिथेन"

(ठ्यासफुबाट)

[ने. सं. ८१४ (वि. सं. १७५१) श्रावणशुक्ल सप्तमी स्वाति नक्षत्र बृहस्पतिवारका दिन राजा श्रीश्रीभूपालेन्द्र मल्ल, राजमाता श्रीश्रीऋद्धिलक्ष्मी, थकुजु (?) जम्मा ३ जना श्री ३ नीलकण्ठ (गोसाइँकुण्ड) जानुभयो। १५ दिनपछि फर्केर आइपुग्नुभयो।]

३. ऐतिहासिक पत्र-संग्रह (दोस्रो भाग)को ४७ पृष्ठ हेर्नुहोस्।

*"सं ८१७ कार्तिककृष्ण: ॥ त्रयोदशी स्वाति नक्षत्र सौभाग्यपर शोभन योग बृहस्पतिवार थ्व कुन्हु श्री ३ पशुपतिया देवल गजुल कोकायाव देवल पिर।

संवत् ८१७ पौषकृष्ण षष्ठी हस्त नक्षत्र अतिगण्ड योग आदित्यवार थ्व कुन्हु श्री ३ पशुपतिस देवल निस्वङा दिन ॥

सं. ८१७ पौषकृष्ण एकादशी अनुराधा नक्षत्र वृद्धि योग शुक्रवार थ्व कुन्हु पशुपतिस देवलया खसि लुङा दिन ॥

सं. ८१७ चैत्रकृष्ण षष्ठी मूल नक्षत्र पलिघ योग शुक्रवार थ्व कुन्हु कोट्याहुत जज्ञे आरम्भ अग्निस्थापना, वैशाखशुक्ल एकादशी उत्रफाल्गुणी नक्षत्र व्याघाट योग बुधवार थ्व कुन्हु श्री ३पशुपतिस्के गजुली ङाकु छार. स्वान माल तर. तिकिनि छायाओ महासनान याक. महाबलि जा रुरकायकु. पतापं छाव. ज्येष्ठशुक्ल नवमी उत्रफाल्गुणी नक्षत्र सुद्धि योग बुधवार थ्व कुन्हु कोट्याहुति जज्ञे पूर्ण यात. थ्वयानं पेन्हुलिव चतुर्थी धुनकाओ श्रीश्रीभूपारेन्द्र मल्ल जुजु श्रीऋद्धिलक्ष्मी माजु देशस लिहा बिज्यात जात्रा याङाव."

(ठ्यासफुबाट)

यसरी राजमाता ऋद्धिलक्ष्मी धर्मकर्मतिर झुकेकी हुँदा भूपालेन्द्र मल्लको शासनकालमा चाँगुनारायण, पशुपतिनाथ आदिको जीर्णोद्धार भएको हुनाले धार्मिक इतिहासको दृष्टिले भूपालेन्द्र मल्लको समय उल्लेखनीय हुन आएको छ।

यसपछि राजा भूपालेन्द्र मल्ल र राजमाता ऋद्धिलक्ष्मीमा मेल नभई झगडा शुरू भयो। वि. सं. १७५४ आश्विनमा दसैं सिद्धिनेबित्तिकै राजा भूपालेन्द्र मल्ल राती नै दरबार छोडी गुह्येश्वरीमा बस्न पुगे। भोलिपल्ट प्रजाहरू गई बिन्तिभाउ गरी राजालाई दरबारमा फर्काई ल्याए। तैपनि आमा छोरामा मेल भएन। भूपालेन्द्र मल्ल कहिले कता कहिले कता गई रहन लागे। केही दिनपछि भूपालेन्द्र दरबारमा पसी आमाचाहिंलाई टोखामा पठाइदिए, यसको केही दिनपछि तौथलीमा पठाए卐। यसपछि आमाचाहिंको उल्लेख आउँदैन।

---

[ने. स. ८१७ (वि. सं. १७५३) कार्तिककृष्ण त्रयोदशी स्वाति नक्षत्र सौभाग्यउप्रान्त शोभन योग बृहस्पतिवारका दिन श्री ३ पशुपतिको देवलको गजूर झिकीकन देवल भत्काइयो।

ने. सं. ८१७ (वि. सं. १७५३) पौषकृष्ण षष्ठी हस्त नक्षत्र अतिगण्ड योग आदित्यवारका दिन श्री ३ पशुपतिको मन्दिर बनाउन शुरू गरियो।

ने. सं. ८१७ (वि. सं. १७५३) पौषकृष्ण एकादशी अनुराधा नक्षत्र वृद्धि योग शुक्रवारका दिन श्री ३ पशुपतिको देवलमा ढोका राखिए।

ने. सं. ८१७ (वि. सं १७५४) चैत्रकृष्ण षष्ठी मूल नक्षत्र परिघ योग शुक्रवारका दिन अग्निस्थापना गरी कोट्याहुति यज्ञ थालियो। (वि. सं. १७५४) वैशाखशुक्ल एकादशी उत्तरफाल्गुनी नक्षत्र व्याघात योग बुधवारका दिन श्री ३ पशुपतिमा···गजूर चढाइए। फूलमाला चढाइयो। महास्नान गराइयो। महाबलि दिइयो। पञ्चरङ्गी पताका चढाइए। ज्येष्ठशुक्ल नवमी उत्तरफाल्गुनी नक्षत्र सिद्धि योग बुधवारका दिन कोट्याहुति यज्ञ पूर्ण गरियो। यसको ४ दिनपछि चतुर्थी सिद्ध्याएर राजा श्रीश्रीभूपालेन्द्र मल्ल र राजमाता श्रीऋद्धिलक्ष्मी जात्रा गरीकन देश (कान्तिपुर राजधानी)-भित्र फर्कनुभयो।]

卐"सं. ८१७ आश्विनशुक्ल त्रयोदशी शतभिष नक्षत्र शनैश्चरवार थ्व कुन्हु माजु जुजु निम्हं मचा ल्वाङाव चान्हसा गुह्येश्वरीस तमचास्य जुजु बिज्याक. सति कुन्हु प्रजा सकल्य वङाओ जुजु लिबोङाओ हत. पूर्णमी कुन्हु कतिनीयात सेंगुस जुजु बिज्याक. सति कुन्हु पादुया चास तुलशी स्याङाओ भदारखारस जुजु अनन सक्वस बिज्यात. चिन्हिसं स्वचा पेन्हु अनन बिज्याङाओ निचा स्वन्हु गोरीस बिज्याङाव. माजु कुम्हर भतुलिचुकस तल. मोहोनचूकन पिकायाओ अष्टमी सोमवार कुन्हु देश दुहा बिज्याङाओ माजु तोखास थतिङाओ तयछोर॥ अननं तवथलि थतिङाओ तर."

(ठ्यासफुबाट)

[ने. सं. ८१७ (वि. सं. १७५४) आश्विनशुक्ल त्रयोदशी शतभिषा नक्षत्र शनैश्चरवारका दिन राजा र राजमातामा झगडा भयो र राजा रिसाएर राति नै गुह्येश्वरीमा बस्न जानुभयो। भोलिपल्ट सारा प्रजा गई राजालाई फर्काएर ल्याए। पूर्णिमाको दिन कतिनी (पूजा) को लागि

वि. सं. १७५५ मा भक्तपुरका मिरह्म जुजु ( कान्छा राजा ) कान्तिपुरमा शरण पर्न आए। यसपछि ललितपुरले भक्तपुरको साथ दिएकोले कान्तिपुर एकलो पऱ्यो। केही महीनापछि कान्तिपुरले एकलै भक्तपुरको ठिमी दख्खल गऱ्यो। यस वेला राजा भूपालेन्द्रका साथ भक्तपुरका मिरह्म जुजु पनि लड्न गएका थिए। परन्तु लगत्तै भक्तपुरेले कान्तिपुरेलाई धपाई ठिमी फिर्ता लिए*।

वि. सं. १७५७ को मध्यतिर नेपालउपत्यकाका तीनै राजामा मेल थियो। यसैले भूपालेन्द्र मल्लले तीर्थयात्रा गर्न जाने विचार गरे। दसैं सिद्ध्याएर केही भारदार साथ लिई भूपालेन्द्र मल्ल तीर्थयात्रा गर्न साइत गरी कान्तिपुरबाट प्रस्थान गरे। तीर्थयात्रा गर्दै जाँदा बाटामा अयोध्यानजीकै ब्रह्मनाभ भन्ने ठाउँमा कार्तिकमा उनको मृत्यु भयो। यसको दुइ महीना पाँच दिनपछि मात्र यो समाचार नेपाल-उपत्यकामा आइपुग्यो। मृत्युको खबर आइपुगेको दिन भूपालेन्द्र मल्लको चिना पलङमा राखी अग्निसंस्कार गरियो। एक जना रानीसमेत आठ जना सती गए। यसरी २१ वर्षको पट्ठो उमेरमा राजा भूपालेन्द्र मल्लको इहलीला समाप्त भयो+।

---

राजा सिम्भूमा जानुभयो। भोलिपल्ट प्रतिपदाको रातमा भण्डारखालमा तुलसी बिगारेर (?) राजा साँखुमा जानुभई त्यहाँ ३ रात ४ दिन बस्नुभयो। त्यसपछि देउपाटनमा जानुभई २ रात ३ दिन त्यहाँ बस्नुभयो।······अष्टमी सोमवारका दिन कान्तिपुर राजधानीभित्र पसी राजाले राजमातालाई मोहनचोकबाट निकाली टोखामा पठाइदिनुभयो। त्यताबाट पछि तवथलि=तौथली (पूर्व १ नं. मा हिमालय भेकमा पर्ने नेवारबस्ती भएको गाउँ) मा पठाइदिनुभयो।]

*"सं. ८१८ आश्विनकृष्ण त्रयोदशी शुक्रवार थ्व कुन्हु···खप्वया मिरह्म जुजु पिब्वाङ वर बुंकोस चोन ॥

सं. ८१९ माघशुक्लः ॥ एकादशी अंगारवार थ्व कुन्हु अल खप्व उग्र याकात जुस्यनं थेमि तेर वङ। श्रीश्रीभूपारेन्द्र मह्म जुजु, खप्वया मिरम्ह जुजुं वङाओ चछिं चोङाव···खप्वजन रितेर ॥"

(ठ्यासफुबाट)

[ने. सं. ८१८ (वि. सं. १७५५) आश्विनकृष्ण त्रयोदशी शुक्रवारका दिन भक्तपुरका "मिरम्ह जुजु (कान्छा राजा)" भागेर आए। बुंकोमा बसे।

ने. सं. ८१९ (वि. सं. १७५५) माघशुक्ल एकादशी मङ्गलवारका दिन ललितपुर र भक्तपुर मिले, कान्तिपुर एकलो भए तापनि ठिमी दख्खल गर्न गयो। राजा श्रीश्रीभूपालेन्द्र मल्ल र भक्तपुरका मिरम्ह जुजु पनि गई रातभर बसे।···पछि भक्तपुरेहरूले ठिमी फिर्ता लिए।]

मल्लकालमा गद्दीनशीन दाजु राजा र उनका भाइ प्रायः मिरम्ह जुजु ( कान्छा राजा ) कहलाउँथे। भक्तपुरमा राजा जितामित्र मल्ल छँदा उनका भाइ उग्र मल्ल "मिरह्म जुजु" भनी प्रसिद्ध थिए। यस वेला (वि. सं. १७५५मा) भक्तपुरमा राजा भूपतीन्द्र मल्ल थिए। काका उग्र मल्ल भतिजाका सहायक रूपमा देखिन्छन्। यहाँ कान्तिपुरमा भागेर आई ठिमीमा हमला गर्न पुग्ने मिरह्म जुजु उग्र मल्ल नै हुन् वा भूपतीन्द्र मल्लका भाइ हुन्, अहिले निश्चय गर्न सकिएन।

+ 'इतिहास-संशोधनको प्रमाणप्रमेय' को २२५-३० पृष्ठ हेर्नुहोस्।

वि. सं. १७६० मा भूपालेन्द्र मल्लकी रानी भुवनलक्ष्मीले आफ्ना स्वर्गवासी पति भूपालेन्द्र मल्लको र आफ्नो सुनको मूर्ति चांगुनारायणको मन्दिरसंगै स्थापना गरेकी थिइन्* ।

भूपालेन्द्र मल्लका बाजे प्रताप मल्ल 'आफूलाई "कवीन्द्र,कविराज" भन्न मन पराउँथे । उनको यो पदवी केही अंशमा सार्थक पनि थियो । प्रताप मल्लका छोरा पार्थिवेन्द्र मल्लले भरखरकै उमेरमा आफ्ना बाबुलाई उछिनी "कविराजराजा" भन्ने पदवी लिन थाले×। भूपालेन्द्र मल्लको ने.सं. ८२० को एउटा टकबाट उनले "कवीन्द्रचूडामणिसम्राट्" भन्ने पदवी लिएको थाहा पाइन्छ* । यसबाट भूपालेन्द्र मल्लले आफ्ना बाबु बाजे दुवैलाई माथ गरेको देखिन्छ । काठमाडौं गद्दीबैठकअगाडिको अग्लो देवलमा रहेको अभिलेखमा वि. सं. १७४६ मा भूपालेन्द्र मल्लले बनाएको स्तोत्र परेको छ + । त्यस वेला भूपालेन्द्र मल्ल १० वर्षका मात्र थिए । यस कारण संस्कृतमा लेखिएको सो स्तोत्र उनले नै बनाएको हो भनी विश्वास गर्न अलि गाह्रो छ । भूपालेन्द्र मल्लले बनाएको 'नलचरित' भन्ने मोटो नाटक पनि पाइन्छ ❁ । त्यस वेलाका पण्डितहरू ग्रन्थ बनाई राजालाई चढाई राजाकै नाममा ती ग्रन्थ दर्ता गराउँथे भन्ने कुरा तात्कालिक केही पुस्तकबाट देखिन आएको छ। शायद भूपालेन्द्र मल्ल "कवीन्द्रचूडामणिसम्राट्" बन्नामा यस्तै पण्डितहरूको उदारताको फल कारण भएको हुन सक्छ । यस विषयमा विशेष कोट्याउने काम यस निबन्धको होइन । जे होस्, प्रताप मल्लले विद्यामा चाख लिएका हुँदा उनका छोरा नातिहरू पनि विद्वान् छौं भनी देखाउनु आदर्श संझन्थे भन्ने कुरा यताबाट स्पष्ट झल्कन्छ ।

—०—

## चौकोटदरबार

**—धनवज्र वज्राचार्य**

इतिहासका घटना ठीकसँग बुझन त्यस वेला शासनको केन्द्रस्थल कहां थियो भन्ने कुरामा पनि विचार गर्नुपर्ने हुन्छ । यस कारण इतिहासरसिकले शासनको केन्द्रस्थलको रूपमा रहेर गएका विभिन्न राजदरबार आदिको विषयमा ज्ञान हासिल गर्नु आवश्यक छ ।

---

*यस विषयको अभिलेख संस्कृत-सन्देश १ वर्ष ६ अङ्कमा योगी नरहरिनाथद्वारा प्रकाश भएको छ।

×पार्थिवेन्द्र मल्लको तलेजुअगाडिको स्तम्भलेख हेर्नुहोस् ।

*सत्यमोहन जोशीको 'नेपाली राष्ट्रिय मुद्रा' को ८५ पृष्ठ हेर्नुहोस् ।

+इति श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमान-मानोन्नतश्रीरघुवंशावतार रविकुलतिलकहनुमद्ध्वजनेपालेश्वरमहाराजाधिराजसकलराजचक्राधीश्वरश्रीश्रीजय-भूपालेन्द्रदेवपरमभट्टारककृतश्रीशिवभुजङ्गप्रयातस्तोत्रं सम्पूर्णं ।

❁सो पुस्तक वीरपुस्तकालयमा तथा केसरपुस्तकालयमा छ ।

नेपालको प्राचीन कालको इतिहास धेरै अंशमा अज्ञात छ। लिच्छविशासनभन्दा अघि यहाँ किरातीहरूको शासन चलेको थियो भनी देखाउने केही आधारसामग्री पाइन्छन् तापनि किरातकालमा शासनपद्धति कस्तो थियो, शासनको केन्द्रस्थल ÷ कहाँ थियो इत्यादि प्रश्नको प्रामाणिक उत्तर अहिलेको अवस्थामा आउन सक्तैन। भविष्यमा बढी मिहिनेतसाथ विधिवत् अन्वेषण र अध्ययन गर्ने परम्परा बसाउन सकियो भने शायद यस्ता प्रश्नको पनि उचित उत्तर पाइएला।

लिच्छविकालमा पनि साधिकार कलम चलाउन इतिहासकारले हच्कनुपर्ने अवस्था छ तापनि यस वेलाका ऐतिहासिक सामान केही पाइएका र पाइँदै गएकाले लिच्छविकालको इतिहास केही जान्न सकिन्छ। लिच्छविकालका अभिलेखमा त्यस वेला शासनको केन्द्रस्थलको रूपमा रहेका मानगृह, कैलासकूटभवन, भद्राधिवासभवन आदि दरबारको उल्लेख पाइन्छ। परन्तु चिनिया दूतले गरेको वर्णन र अभिलेखहरूमा फाटफुट उल्लेख भएका यी दरबारसम्बन्धी विशेषण आदि केही कुरासिवाय यी दरबारका कुनै अवशेष अहिलेसम्म भेट्टिएका छैनन्। यस कारण यी दरबार कहाँ थिए, कुन रूपका थिए भनी निश्चित रूपमा अहिले भन्न गाह्रो छ।

लिच्छविकालपछि केही शताब्दीसम्मको नेपालको इतिहास त अन्धकारमा रहेको छ भने पनि हुन्छ। यस कारण त्यस समयको कुनै विषयमा पनि राम्ररी कलम चलाउनु अहिले सम्भव छैन।

मध्यकालको उत्तरार्धमा आएर नेपाल अनेक साना साना राज्यमा विभक्त भयो। हुँदा हुँदा ८ कोश लामो ६ कोस चौडा नेपाल उपत्यकाभित्र पनि तीन राज्य खडा हुन आए। पश्चिममा चौबीसी बाईसी राज्य, पूर्व भेकमा मकवानपुर चौदण्डी विजयपुर राज्य खडा भए। यी साना साना राज्यहरू परस्परमा एउटाले अर्कोलाई अँचेट्न सक्नु नै आफ्नो पुरुषार्थ सम्झी शयौं वर्षसम्म कायम रहे। यी विभिन्न राज्यका शासनको केन्द्रस्थलका रूपमा रहेका राजदरबारका अवशेष अहिले पनि पाइन्छन्। यताबाट ती दरबारका विषयमा तुलनात्मक रूपमा केही लेख्न सकिन्छ। परन्तु प्रस्तुत निबन्धका रचयिता "कूपमण्डूक" अर्थात् नेपालउपत्यकाबाट बाहिर जाने इच्छा हुँदा हुँदै पनि अहिलेसम्म उपत्यकाबाहिर नगएका हुनाले नुवाकोटदरबार गोरखादरबारका तसबीर देखेका, चौदण्डीदरबार विजयपुरदरबारका केही कुरा सुनेका भए तापनि त्यस विषयमा केही लेख्न सक्ने अवस्थामा अहिले छैनन्। यस कारण सीमित क्षेत्रमा आएर चौकोटदरबारको विषयमा केही लेख्न लागेको छु।

पृथ्वीनारायण शाहले नेपालउपत्यकाका तीन राज्य जिती कान्तिपुरलाई राजधानी बनाई आफू त्यहीं बसेका हुनाले कान्तिपुरको राजदरबार "हनूमान्ढोका" अहिलेसम्म पनि प्रसिद्ध छ। परन्तु ललितपुरको राजदरबार र भक्तपुरको राजदरबारको प्रसिद्धि भने कम हुँदै गयो। हुनत अहिलेसम्म पनि ती दरबारमा दसैंको पूजाविधान आदि केही कुरा पूर्वपरम्पराअनुसार राजोचित ढङ्गले नै गरिन्छन् तापनि तिनको प्रसिद्धि कम भएको कुराको अनुमान भक्तपुर र ललितपुरका राजदरबारको नाउँ के के थियो भन्ने प्रश्न गर्दा झट्ट उत्तर नपाइने हुनाले नै गर्न सकिन्छ।

---

÷ ललितपुरमा तथा बलम्बु चौकीटारमा किराती राजदरबार थियो भन्ने किंवदन्ती छ। परन्तु यसलाई सिद्ध गर्ने कुनै लक्षण त्यहाँ भेट्टिएको छैन।

भक्तपुरराजदरबारको एक भागको नाउँ ' थंथुराजदरबार" थियो भन्ने कुरा तात्कालिक अभिलेखबाट थाहा पाइन्छ ×। मालतीचोक (जिःस्वांचुक), कुमारीचोक, भैरवचोक, मूलचोक आदि सो दरबारका अङ्गका नाउँ पनि थाहा छन्। तर जम्मै दरबार के नामले प्रसिद्ध थियो, सो अहिलेसम्म थाहा पाइएको छैन।

ललितपुर-राजदरबारको नाउँचाहिं 'चौकोटदरबार" भन्ने रहेको थियो। यो कुरा पत्ता लाउने केही सामान अहिले थाहा पाइएका छन्।

वि. सं. १६८८ मा ललितपुरका प्रसिद्ध राजा सिद्धिनरसिंह मल्लले नेपाल उपत्यकाका जम्मै जोगीहरूलाई भोज खुवाएको कुरा एउटा तात्कालिक टिपौटे कागतमा + टिपिएको छ। त्यसमा भोज खुवाएको ठाउँको नाउँ "चौकाठ" भन्ने उल्लेख परेको छ। सो यस प्रकारको छ—

"स ७५१ श्रावणकृष्ण पञ्चमी चौकाठस श्रीश्रीसिद्धिनरसिंह मल्लन नेपाछिया संन्यासी भोज नका दिन जुरो"

[ने. सं. ७५१ (वि. सं. १६८८) श्रावणकृष्ण पञ्चमीका दिन चौकाठमा श्रीश्रीसिद्धिनरसिंह मल्लले नेपाल (उपत्यका) भरका संन्यासीहरूलाई भोज खुवाउनुभयो।]

भाषावंशावलीमा पनि तीन चार ठाउँमा ललितपुरको चौकोटदरबारका विषयको उल्लेख परेको छ—

" संवत् ७९६ (वि. सं. १७३३) वैशाखशुक्लमा (श्रीनिवास मल्लले) हतपात्रदेखि चौकाठसम्म दरवार बनाई संपूर्ण गऱ्या.

संवत् ८५४ (वि. सं १७९०) माघशुक्ल १ देखि आरंभ गरी चौकाठ नाम गरी अतिसुन्दर गरी प्रजा गुहार मागी ३ महीनाभित्रमा अंघि भयाको भत्काई (विष्णु मल्लले) दरबार बनाया.

तहाँपछि (विश्वजित् मल्ल) दरबारमा आया. यसै दिन चौकाठका भयालमा रह्याका थिया. उसै बखत चाकुबहाल परमानका छोराले ढुंगाले हानी भाग्यो. राजालाइ लागेन. "

भीमसेन थापाका प्रशंसक पण्डित सुन्दरानन्द बाँडाले 'त्रिरत्न-सौन्दर्य-गाथा" भन्ने पुस्तक वि सं. १८९० तिर बनाएका थिए। पण्डित सुन्दरानन्द ललितपुरका बासिन्दा हुँदा त्यस पुस्तकमा उनले ललितपुरको मल्लकालको अन्त्यको इतिहासको पनि केही चर्चा गरेका छन्। त्यसै प्रसङ्गमा सुन्दरानन्दले चौकोटदरबारको पनि उल्लेख गरेका छन्—

"चौकोट्वातायनस्थो विलसति दलमर्द्दननृपो लोकदृष्ट–<br>स्तत्काले कालिदासं परिवृतमनुगै राजमार्गेष्वपश्यत्।<br>हेरम्बं दन्तहस्ते परशुमितरके मोदकं स्वां च शुण्डां<br>बिभ्राणं तं निमेषावधि तदनु च सदनाभ्यन्तरे सोयमेव ॥५४॥

× यस विषयको विशेष चर्चा "पूर्णिमा" १ वर्ष २ अङ्कका १२–१३ पृष्ठमा हेर्नुहोस्।

+ यो टिपौटे कागत ऐश्वर्यधर शर्माको संग्रहमा छ।

एका दिन दलमर्दन साह चौकोटका लुंभ्यालमा राज गर्नुहुंदा सलाम दियाका वेलामा चाकरीवाला लोकका माझमा बसी बाटामा आयाका कालीदासकन दाहिना हातमा फर्सा बायाँ हातमा लड्डु र आफ्ना शुंड धारण गरी दिव्य सुन्दर हेरम्ब गणेशको औतारकन निमेषभर नजर गर्नुभया. ताहापछि चौकोटभित्र पस्न्या ताकमा सोही कालीदासै थिया ॥५४॥"

माथि उद्धृत तात्कालिक टिपौटे कागत, भाषावंशावली, त्रिरत्नसौन्दर्यगाथाका वाक्यबाट ललितपुरराजदरबारको नाउँ "चौक्वाठ" वा "चौकोट" थियो भन्ने बुझिन्छ। नेवारीभाषामा किल्लालाई "क्वाठ" भन्दथे। पछि यसको स्थान "कोट" शब्दले लियो। संस्कृतभाषामा किल्लालाई बुझाउन "कोट्ट" शब्दको प्रयोग हुन्छ। यसैले एउटै संज्ञावाचक शब्दमा पनि कहीं क्वाथ र कहीं कोट भनी लेखिएको पाइन्छ। उदाहरणार्थ "नुवाकोट" लाई देखाउन सकिन्छ। गोपालराज-वंशावलीमा नुवाकोटलाई कहीं "नवक्वाथ" र कहीं "नवकोट" शब्दको प्रयोग गरिएको छ। यसै गरी यहाँ पनि ललितपुरदरबारलाई "चौक्वाठ" तथा "चौकोट" दुवै शब्दको प्रयोग गरिएको देखिन्छ।

पहिलेको ललितपुरदरबारमा र वर्तमान ललितपुरदरबारमा कालक्रमले गर्दा केही अन्तर पर्नु स्वाभाविक छ। तैपनि वर्तमान ललितपुरदरबारलाई हेर्‍यौं भने पनि उक्त दरबारको पुरानो संस्थान केही अंशमा जान्न सकिन्छ। ललितपुरदरबारको सामुन्ने रहेको प्रसिद्ध कृष्णमन्दिरमा माथि चढी ललितपुरदरबारलाई हेर्‍यौं भने सुनको झ्याल भएको भागको माथि अहिलेसम्म पनि ३ कुनामा ३ बुर्जा हाम्रो आँखाको सामुन्ने पर्न आउँछन्। ती बुर्जालाई अलि बढी ध्यान दिएर हेरेको खण्डमा यी बुर्जा दरबार सिंगार्न वा त्यहाँ बसी आनन्द लिन बनाइएका होइनन् भन्ने तर्क हाम्रो मनमा स्वतः उठ्छ। किनभने ती बुर्जा विलासक्षेत्र बन्न सक्ने जति फराकिला तथा सुन्दर पनि छैनन्। तिनको तला पनि निकै होचो छ। यस कारण दरबार सिंगार्न वा विलासक्षेत्रको रूपमा ती बुर्जा बनाइएका भए यिनको आकारप्रकार निश्चय नै भिन्न रूपका हुन्थे होलान् भन्ने देखिन्छ। यस विषयमा त्यहाँका बूढापाकाहरूसंग सोधपूछ गर्‍यौं भने कसै कसैको मुखबाट "उहिले त्यहाँ दरबारको रक्षा गरी सिपाही बस्थे रे" भन्ने कुरा सुनिन्छ। यस किंवदन्तीलाई सुनेपछि यी बुर्जा किल्लाकै रूपका हुन सक्छन् भन्ने भाव हाम्रो मनमा जम्छ।

यताबाट चारतिर चार क्वाठ (किल्लारूपका बुर्जा) भएका हुँदा यस दरबारको नाउँ "चौक्वाठ" वा "चौकोट" रहन गएको रहेछ भन्ने थाहा पाइन्छ। चार कोट भएको यो भाग मुख्य हुनाले दरबारको अरू भागका नाउँ मूलचोक, सुन्दरचोक आदि रहे तापनि जम्मै ललितपुरदरबारको नाउँ चौकोटदरबार रहन गएको हो भन्ने देखिन्छ।

यस ताका दरबार बनाउँदा सुन्दरता र आनन्दप्रदतालाई मात्र ध्यान राखेर पुग्दैनथ्यो। परस्परमा बराबर युद्ध भइरहने हुँदा दरबार बनाउँदा सुरक्षाको पनि बढ्ता ख्याल राख्नु आवश्यक हुन्थ्यो। यस कुरालाई विचार गरेनौं भने वर्तमान सिंहदरबार जस्ता दरबार देखेका हामीले त्यस वेलाका पुराना दरबारका संस्थानको महत्त्व राम्ररी बुझ्न सक्दैनौं। जुनसुकै कुरा पनि अवस्थाभेदले महत्त्वपूर्ण र कम महत्त्वको हुन जान्छ। यसैले पुराना कुरालाई विचार गर्दा त्यस वेलाको अवस्थामा ध्यान राख्नुपर्छ। अनि मात्र त्यस वेलाको वास्तव कुरा बुझ्न सकिन्छ।

नुवाकोट जितेको केही कालपछि पूर्वतिर बढ्न सुबिधा भएको हुँदा पृथ्वीनारायण शाहले नुवाकोटलाई आफ्नो राजधानी बनाए। वि. सं. १८१६ मा पृथ्वीनारायण शाहले त्यहाँ दरबार बनाउन लाएका थिए। सो दरबार सुरक्षाको दृष्टिले किल्लाको रूपको हुँदा त्यहाँ राख्न लाएको अभिलेखमा "मैले असल किल्ला बनाएँ" भनी पृथ्वीनारायण शाहले बोलेका छन्×।

यसै गरी नेपालका त्यस वेलाका विभिन्न राज्यहरूमा पनि स्थानभेदले संस्थानमा केही भिन्नता भए तापनि राजदरबार प्राय: किल्लारूपकै हुन्थे। यसो हुनाले शत्रु शहरको ढोका फोरेर भित्र पसेपछि पनि दरबारभित्र झट्ट पस्न सक्दैनथे। उदाहरणार्थं पृथ्वीनारायण शाहद्वारा भक्तपुर विजय गर्न जाँदाखेरिको घटनालाई लिन सकिन्छ।

कान्तिपुर र ललितपुर विजय गरेको एक वर्ष जतिपछि वि. सं. १८२६ कार्तिकशुक्ल एकादशी उप्रान्त द्वादशीका दिन पृथ्वीनारायण शाहले भक्तपुरमा आक्रमण गरे। शहरको गढको❁ ढोका फोरी भित्र पस्न गोरखाली सैन्य एकै दिनमा समर्थ भयो। परन्तु दरबार कब्जा गर्न गोरखाली सैन्यलाई दुइ दिन लाग्यो+। हुनत नेपाल-उपत्यकाका तीनै राजा आत्मरक्षाको सक्दो प्रबन्ध गरी

---

×"पारावारद्विरदधरणीनायकैः १६८४ सम्मितेब्दे
राधे मासि त्रिदशगुरुणाधिष्ठिते मेषराशौ।
नेपालेशान् सपदि विगताहङ्कृतींस्तान् विरच्य
पृथ्वीनारायणनृपतिना निर्मितन्दुर्गरत्नम् ॥"

(नुवाकोटदरबारमा रहेको यो अभिलेख श्रीसूर्यविक्रम ज्ञवाली, योगी नरहरिनाथ, शङ्करमान राजवंशीद्वारा भिन्नाभिन्नै छापिएको छ।)

[शकसंवत् १६८४ (वि. सं. १८१६) वैशाख महीनामा, बृहस्पति मेषराशिमा बसेको वेलामा पृथ्वीनारायण शाहले नेपाल (खाल्डा) का राजाहरूको घमण्ड तोडी (यो) असल किल्ला (किल्ला-रूपको दरबार) बनाउनुभयो।]

❁त्यस वेला जम्मै शहर नै एउटा ठूलो गढको रूपमा थियो। यस विषयको विशेष विचार "पूर्णिमा" २ अङ्कका २२-२६ पृष्ठमा गरिएको छ।

+वि. सं. १८२६ कार्तिकशुक्ल एकादशीउप्रान्त द्वादशीका दिन पृथ्वीनारायण शाहले भक्तपुरमा आक्रमण गरी कार्तिकशुक्ल चतुर्दशी मङ्सीर १ गते भक्तपुर दखल गरेका थिए। ("इतिहास-संशोधनको प्रमाणप्रमेय" को ११६-१७ पृष्ठ तथा "सावधानपत्र" ८ संख्या हेर्नुहोस्।) एउटा अर्को कागतमा आक्रमण गरेकै दिन गोरखाली सैन्य देश (भक्तपुर शहर) भित्र पस्न सकेको र राजदरबारभित्र भने २ दिनपछि मात्र पस्न सकेको कुरा लेखिएको छ—

"८८६ का. शु. ११ षपौ दुदाल देश चाल, लायकुर मचाओं न्हु ३ कुन्हु चाल. श्रीजयप्रकाश तुपन कयाव सिक"

(संस्कृत-सन्देश १ वर्ष १०-११-१२ संयुक्ताङ्कको ८१ पृष्ठमा यो प्रकाश भएको छ।)

[ने. सं. ८८६ (वि. सं. १८२६) कार्तिकशुक्ल एकादशीको दिन भक्तपुरमा हमला गरियो। देश (शहर) खुल्यो। राजदरबार खुलेन र तेस्रो दिनमा मात्र खुल्यो। गोली लागी श्रीजयप्रकाशको मृत्यु भयो।]

त्यहाँ बसेका थिए। यसैले पनि गोरखाली सैन्य दरबारभित्र पस्न हच्के होलान्। परन्तु त्यत्रो मजबूत गढ फोरेर एकै दिनमा शहरभित्र पस्न सकेको फौजलाई सुरक्षाको विशेष व्यवस्था नभएको सामान्य दरबार भएको भए त्यहाँभित्र पस्न अवश्य पनि दुइ दिन लाग्ने थिएन। यताबाट सो दरबार केही अंशमा भए पनि किल्लारूपको× हुँदा नै भित्र पस्न गाह्रो भएको हो भन्ने सहजै अनुमान गर्न सकिन्छ।

यसै गरी ललितपुरको चौकोटदरबार पनि सामान्य दरबार थिएन। त्यहाँ आवश्यक सुरक्षाको पनि बन्दोवस्त गरिएको थियो भन्ने कुरा दरबारको राजा बस्ने मुख्य भागको चारैतिर किल्लारूपका बुर्जा रहेका हुनाले सिद्ध गर्छ।

चौकोटदरबार कहिले बन्यो भन्ने कुरा अहिले निश्चित रूपमा भन्न सकिएको छैन। सिद्धिनरसिंह मल्लहरूभन्दा अघिका ललितपुरका शासक महापात्र विष्णुसिंहका छोरा पुरन्दरसिंहहरूका अभिलेखहरू चौकोटदरबारकै आसपासमा पाइएका छन्। विष्णुसिंहका पुर्खा यंकलिवर्माका अभिलेख पनि सो दरबारको बगैंचाभित्र पाइएका छन्। यी विष्णुसिंहहरूले आफूलाई "मानिग्लाधिपति" भन्ने विशेषण लाएका छन्। यसो हुँदा उनीहरूको दरबार पनि यहीं भएको अनुमान हुन्छ। वंशावलीको माथि उद्धृत एउटा वाक्यबाट विष्णु मल्लले वि. सं. १७६० मा मात्र सो दरबार बनाई "चौकोट" नाम राखेको हो कि भन्ने भान पर्छ। परन्तु माथि उद्धृत टिपौटे कागतबाट तथा वंशावलीकै अर्को वाक्यबाट सिद्धिनरसिंह, श्रीनिवासहरूको पालामा पनि दरबारको मुख्य भागको नाउँ "चौकोट" भन्ने रहिसकेको थियो भन्ने थाहा पाइन्छ। विष्णु मल्लको पालामा सो दरबारको जीर्णोद्धार भएको हुनाले वंशावलीकारले त्यसो लेखेको हुनुपर्छ। अरू बढी सामान भेट्टाइएपछि यस विषयमा बढ्ता विचार गर्न सकिएला।

—o—

× जितामित्र मल्लको कुमारीचोकको वि. सं. १७३४ को अभिलेखबाट भक्तपुरदरबारको कुमारीचोकको संस्थानको झलक पाइन्छ। त्यस अभिलेखमा "क्वाथया क्वथु तास गौरीविवाहाया प्याखन दयकाव, थ्व खँ चोया, थंथूतास नेपालया नखात चोया (क्वाथ किल्ला) को तल्लो तलामा गौरीविवाह नाटक बनाई त्यसका कुरा लेखिए, माथिल्लो तलामा नेपाल (उपत्यका) का चाडपर्व लेखिए)" भन्ने उल्लेख परेको छ। यसबाट कुमारीचोकको पश्चिम लङ्को घर उहिले किल्लारूपको थियो भन्ने बुझिन्छ। सो घरको तल्लो तलाको एउटा कोठामा बाणका फलामे टुप्पा निकै मात्रामा अहिलेसम्म रहिरहेका छन् तथा खड्ग आदि अरू केही हतियार पनि त्यहाँ छँदैछन्। (भक्तपुरका श्रीउपेन्द्रराज· राजोपाध्यायको सौजन्यले यी कुरा हामीले हेर्न पाएका हौं।)

# दुर्गाकृत्यकौमुदी

—नयनाथ पौडेल

**ग्रन्थपरिचय—** वीरपुस्तकालयमा पहिलो १२५८ संख्यामा तथा १२७० संख्यामा गरी "दुर्गाकृत्यकौमुदी" का दुइ प्रति छन्। दुवै पुस्तक हरिताल लाएको नेपाली पाको कागतमा देवनागरी लिपिले लेखिएका छन्। ती दुवै प्रति सम्पूर्ण छन्।

१२५८ संख्याको पुस्तकमा जम्मा २६३ पत्र छन्। यी पत्र १४⅞ अंगुल लामा र ६ अंगुल चौडा छन्। यहाँ एक पृष्ठमा बढीमा ७ पंक्ति र घटीमा ४ पंक्ति छन्। पहिलो पत्रमा र अन्तिम पत्रमा एकातिर मात्र लेख लेखिएको छ। अन्यत्र दुवैतर्फ भरी लेख छ।

१२७० संख्याको पुस्तकमा जम्मा २७१ पत्र छन्। यी पत्र १४⅞ अंगुल लामा र ६ अंगुल चौडा छन्। यहाँ एक पृष्ठमा बढीमा १० पंक्ति र घटीमा ८ पंक्ति छन्। पहिलो पत्रमा र अन्तिम पत्रमा एकातिर मात्र लेख लेखिएको छ। अन्यत्र दुवैतर्फ भरी लेख छ।

नेपाल राष्ट्रिय पुस्तकालयमा ६११५ संख्यामा दुर्गाकृत्यकौमुदीको अर्को एक प्रति छ। यो पुस्तकमा जम्मा १४६ पत्र छन्। यी पत्र १६½ अंगुल लामा, ६ अंगुल चौडा छन्। यो पुस्तक देवनागरी लिपिमा लेखिएको छ। १ पत्रदेखि १४१ पत्रसम्म नेपाली पाको कागतमा लेखिएको छ। यी पत्रहरूमा धेरै जसोमा एकापट्टि र कुनै कुनैमा दुवैतर्फ हरिताल लाइएको छ। १४२ पत्रदेखि १५० पत्रसम्मका ९ पत्र हरिताल नलाएको मधिसे कागतमा लेखिएको छ। अन्तिम १५० पत्र भने हरिताल लाएको नेपाली कागतमा लेखिएको छ। यहाँ पंक्ति नियमित छैनन्। कतै कतै "इति सप्तमोल्लासः" यस्ता उल्लासान्त वाक्य पनि पत्रमा थप चिन्ह दिएर वरिपरि खाली रहेका ठाउँमा थपिएका छन्। यहाँ बीचमा २ पत्र टाँसिएका हुँदा पत्रसंख्याबाट १५१ पत्र देखिए तापनि १४६ पत्र मात्र छन्।

यस प्रतिमा "दुर्गाभक्तजनसन्देहविदारिकाख्ये" लेखेकोमा केरेर "दुर्गाकृत्यकौमुद्याख्ये" सच्याइएकोले यस पुस्तकको नाम पहिले "दुर्गाभक्तजनसन्देहविदारिका" रहेको थियो र पछि "दुर्गाकृत्यकौमुदी" भनी बदलेको देखिन्छ।

श्रीगुरु पं. नयराज पन्तको संग्रहमा पनि यो पुस्तकको अपूर्ण प्रति छ। यस पुस्तकमा २ देखि ९० सम्मका पत्र छन्। यी पत्र १६⅔ अंगुल लामा र ६⅔ अंगुल चौडा छन्। यो पुस्तक मधिसे कागतमा देवनागरी लिपिले लेखिएको छ। सबै पत्रको दुवैतर्फ भरी लेख छ। पंक्ति नियमित छैनन्। एक पृष्ठमा बढीमा ११ पंक्ति र घटीमा ८ पंक्ति छन्।

यस दुर्गाकृत्यकौमुदीमा जम्मा १० उल्लास छन्। प्रत्येक उल्लास सिद्धिंदा—

"इति श्रीमन्नेपालमण्डलाधीश्वरपृथ्वीनारायणमहाराजकुमारश्रीमद्बहादूरसाहकारिते श्रीमद्रामहृदय–पण्डितसूनुवाणीविलासविरचिते दुर्गाकृत्यकौमुद्याख्ये धर्मशास्त्रे प्रथमोल्लासः"

[नेपालमण्डलका महाराजाधिराज पृथ्वीनारायण शाहका महाराजकुमार बहादुर शाहले बनाउन लाउनुभएको, श्रीरामहृदय पण्डितका छोरा वाणीविलासले बनाएको "दुर्गाकृत्यकौमुदी" नाम गरेको धर्मशास्त्रमा पहिलो उल्लास सिद्धियो।] —यस प्रकारका वाक्य छन्।

ग्रन्थको अन्त्यमा यस ग्रन्थको रचनासमय यसरी दिइएको छ—

शाकेस्मिन्नष्टशून्यद्वितिधरधरणीसंयुते माघमासे
शुक्ले पक्षे प्रणीतं कुसुमशरतिथौ रौहिणेयस्य वारे ।
श्रीदुर्गाकृत्यकौमुद्यभिधमभिलसद्धर्मशास्त्रं विलोक्य
निःशंकं कर्मकर्त्तार्चनमिह कुरुतां निर्णयं पण्डितौघः ॥२॥

[शकसंवत् १७०८ (वि. सं. १८४३) माघशुक्ल त्रयोदशी बुधवारका दिन× बनाइएको "दुर्गाकृत्यकौमुदी" नामको यो असल धर्मशास्त्रलाई हेरेर पूजापाठ गर्ने मनुष्यले निःशङ्क भई पूजापाठ गरून् । पण्डितहरूले निःशङ्क भई निर्णय गरून् ॥२॥]

**ग्रन्थकारपरिचय**—दुर्गाकृत्यकौमुदीका रचयिता पं. वाणीविलास पाँडेले यस ग्रन्थमा आफ्नो विशेष परिचय लेखेका छैनन् । खालि "श्रीमद्रामहृदयपण्डितसूनुवाणीविलास" (श्रीरामहृदय पण्डितका छोरा वाणीविलास) मात्र लेखेका छन् । योभन्दा अघिका अङ्कमा गएका ग्रन्थमा उनले आफ्नो विषयमा बोलेका वाक्यका उद्धरणसाथ वाणीविलासको परिचय दिइसकिएको छ । त्यस कारण यहाँ ती दोहऱ्याइरहनु आवश्यक देखिदैन ।

**ग्रन्थरचनाहेतु**—दसैं हिन्दूहरूको ठूलो चाड हो । घटस्थापनादेखि १ पक्षसम्म भने जस्तै मनाइने यस पर्वमा आफ्नो आफ्नो संप्रदायअनुसार पूजापाठ गरिन्छन् । यस कारण यो पर्व चाडमात्र नभई पूजाआजासँग पनि धेरै सम्बन्ध भएको पर्व हो ।

यस पर्वमा कहिलेकहीं घटस्थापना कहिले गर्ने, खड्गस्थापना कहिले गर्ने आदि विषयमा वादविवाद उठ्छ । वि. सं. १५६७ मा क्षयमास पर्दा कार्तिकमा दसैं गरिएको थियो । वि. सं. १७३८ मा पनि क्षयमास परेको हुँदा दसैं कहिले गर्ने भन्ने खलबली उठ्यो र पण्डितहरूले धर्मशास्त्र हेरी यसको टुङ्गो लाई दसैं गरिएको थियो । परन्तु त्यस बेला सबै ठाउँमा एकैचोटि दसैं गरिएको थिएन । कान्तिपुर ललितपुर भक्तपुर गोरखामा कार्तिकमा र काशी तिरहुत पर्वत आदि देशमा आश्विनमा दसैं गरिएको थियो । वि. सं. १८७९ मा राजेन्द्रविक्रम शाहको पालामा यस्तै घटना परी कार्तिकमा नै दसैं गरिएको थियो । गत वर्ष मात्र पनि क्षयमास पर्दा दसैं कहिले गर्ने भन्ने कुरामा खलबली उठी धेरै विद्वान्हरूको शास्त्रार्थ भई कार्तिकमा दसैं गर्ने टुङ्गो लाइएको थियो❁ ।

---

×यस दिनको तिथिमिति यस प्रकारको छ—

शक सं. १७०८ वि. सं. १८४३ माघशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | २१ | बुध | त्रयोदशी | ३४ | ५४ |

[पात्रोबाट । यो पात्रो मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहमा छ ।]

❁दसैंसम्बन्धी विशेष विवरण "विद्यारत्न" १५ संख्यामा पढ्नुहोस् ।

ठिमीनिवासी चन्द्रमान जोशीकहाँ पाइएको ठ्यासफुमा पनि दसैंसम्बन्धी केही कुराहरू टिपिएका छन्। यसबाट नेपालउपत्यकैभित्र पनि दसैंको पूजाविधिमा मतभेद भइरहन्थ्यो भन्ने बुझिन्छ+।

+ ती टिपोटहरू यस प्रकारका छन्—

**(विद्यारत्ना १५ संख्यामा प्रकाशित भाग जतिलाई छोडेर अरू अप्रकाशित भाग जति यहाँ प्रकाश गरिन्छन्।)**

सम्वत् ७९७ आश्विनसुद्धि ॥ पादु कुन्हु नवरात्र स्वङा. सप्तमी प्र. अष्टमी कुन्हुया रात्रीस वेला घटि ५ बेङाव घटि ८ थ्वतेनन्हा. शनैश्चर केतु लग्न. वृष लग्नस खड्गस्थापन याङा जुरो ॥ अष्टमी अन्तर वंनका नवमीसं भोग बिया दशमी घटि १२ थ्व कुन्हुया वेला घटि २ बेङाव घटि ६ थ्वतेनन्हा अंगार बुध शुक्र लग्नस अंगार दल्य मेव बेर मदयाव तुला लग्नस शुक्रया बल दु धक तुल लग्नस याङा जुरो ॥ दिग आग्नेय ॥

[ने. सं. ७९७ (वि. सं. १७३४) आश्विनशुक्ल प्रतिपदाका दिन घटस्थापना गरियो। सप्तमीउप्रान्त अष्टमीका दिन राति ५ घडीदेखि ८ घडीभित्र शनैश्चर र केतु लग्नमा भएको वृष लग्नमा खड्ग-स्थापना गरियो। अष्टमीउप्रान्त नवमीमा भोग दिइएको। दशमीको १२ घडी थियो। यस दिन २ घडीदेखि ६ घडीभित्र मङ्गल बुध शुक्र भएको यस तुला लग्नमा मङ्गल (क्रूरग्रह) भए तापनि अरू समय नपाइएको हुनाले शुक्रको बल बढ्ता छ भनी तुला लग्नमा गरियो। दिशा आग्नेय।]

सम्वत् ७९८ भाद्रपदकृष्ण ॥ अमावाश्या प्र प्रतिपदा शुक्रवार थ्व कुन्हुया वेला घटि १९ बेङाव घटि २२ थ्वतेन(न्हा) नवरात्र स्वंङा जुरो ॥ आश्विनशुक्ल ॥ सप्तमी घटि ७ वि. १० प्र अष्टमी शुक्रवार-थ्व कुन्हुया वेला घटि ६ बेङाव घटि ११ थोतेन(न्हा) खएडं स्वंङा जुरो ॥ विछ लग्नस याङा ॥ आश्विनशुक्ल ॥ दशमी आदित्यवार थ्व कुन्हुया वेला घटि १९ बेङाव घटि २३ थ्वतेनन्हा चारण याङा ॥ लग्न धनु मकरसं केनक याङा ॥ दिग दक्षिण याङा ॥

[ने. सं. ७९८ (वि. सं. १७३५) भाद्रकृष्ण अमावास्याउप्रान्त प्रतिपदा शुक्रवारका दिन १९ घडीदेखि २२ घडीभित्र घटस्थापना गरियो। आश्विनशुक्ल सप्तमी ७ घडी १० पलाउप्रान्त अष्टमी शुक्रवारका दिन ६ घडीदेखि ११ घडीभित्र वृश्चिक लग्नमा खड्गस्थापना गरियो। आश्विन-शुक्ल दशमी आदित्यवारका दिन १९ घडीदेखि २३ घडीभित्र धनु मकर लग्नमा चालन गरियो। दिशा दक्षिण ॥]

सं. ७९९ आश्विनशुक्ल ॥ प्रतिपदा, बृहस्पतिवार, थ्व कुन्हुया घटि १३ बेङ्वा घटि १८ थ्वतेनन्हा नवरात्र, स्वंङा ॥ धनुलग्नस ॥ यंरया जुको शुक्र लग्न धक विच्छ लग्नस याक जुरो १ सप्तमी प्र अष्टमी बृहस्पतिवारया वेला घटि ५ बेङाव घटि ११ थ्वतेनन्हा विच्छ लग्नस खएड स्वङा. यंरया जुको, राजुदेव धक तुल लग्नस याक, खप्वयां विछ लग्नस जुरो ॥

[ने. सं. ७९९ (वि. सं. १७३६) आश्विनशुक्ल प्रतिपदा बृहस्पतिवारका दिन १३ घडीदेखि १८ घडीभित्र धनु लग्नमा घटस्थापना गरियो। पाटनेहरूले लग्नमा शुक्र छन् भनी

वृश्चिक लग्नमा घटस्थापना गरे। सप्तमीउप्रान्त अष्टमी बृहस्पतिवारका दिन ५ घडीदेखि ११ घडी-भित्र वृश्चिक लग्नमा खड्गस्थापना गरियो। पाटनेहरूले चाहिं राजुदेव (?) भनी तुला लग्नमा खड्गस्थापना गरे। भक्तपुरेहरूले पनि वृश्चिक लग्नमै खड्गस्थापना गरे।]

सम्वत् ८०० आश्विनशुक्ल॥ प्रतिपदा,सोमवार, थ्व कुन्हुया घटि १५ बेङाव घटि २० थ्वतेनन्हा धनु लग्नस, नवरात्र सोङा जुरो। चतुर्थी बाधि जुयाव, सप्तमी घटि १४ वि ३० प्र अष्टमी सोमवार कुन्हुया बेला घटि २१ बेङाव घटि २८ थ्वतेनन्हा मकर लग्नस कोहा बिज्यातकाव, कुम्भ लग्नस खड्ग स्थापन याङा जुरो॥ थ्वयान संति कुन्हु अष्टमी दल्यं भोगपूजा याङ॥ थ्वयान संति नवमी घटि २० वि. ४० थ्वते बेतकाओ दशमी बन्युवेला घटि २१ बेङाव घटि २३ थ्वते नन्हा चारण याङा जुरो, दिश पूर्व याङा, पायातथे हावया जुरो॥

[नि. सं.८०० (वि.सं. १७३७) आश्विनशुक्ल प्रतिपदा सोमवारका दिन १५ घडीदेखि २० घडीभित्र धनु लग्नमा घटस्थापना गरियो। चतुर्थी बढेको हुँदा सप्तमी १४ घड़ी ३० पलाउप्रान्त अष्टमी सोमवारका दिन २१ घडीदेखि २८ घडीभित्र मकर लग्नमा (तलेजु) तल ल्याई कुम्भ लग्नमा खड्ग-स्थापना गरियो। यसको भोलिपल्ट अष्टमीभित्रै भोगपूजा गरियो। यसको भोलिपल्ट नवमीको २० घडी ४० पल बिताएर दशमी लागेपछि २१ घडीदेखि २३ पलाभित्र पूर्व दिशा पारी चालन (खड्गचाल-नपूजाविधि) गरियो तथा खड्गयात्रा गरियो।]

सम्वत् ८०२ भाद्रपदकृष्ण॥ अमावाश्या घटि ४ विघटि २२ प्र. आश्विनशुक्ल प्रतिपदा हस्त नक्षत्र २२. ऐन्द्रयोगे ३९ बृहस्पतिवार थ्व कुन्हुया वेला घटि ८ वेङाव घटि १३ थ्वतेनन्हा पाप-ग्रहया छें जुरे शुक्र लग्न धक स्व नगरया उ वेलस नवरात्र स्वङा जुरो। आश्विनशुक्ल अष्टमी ६० पूर्वफाल्गुणी नक्षेत्र ३२ अतिगण्ड योग १८ बृहस्पतिवार थ्व कुन्हुया वेला घटि ७ वेङाव घटि १२ थ्वतेनन्हा पापग्रहया छें धक शुक्र लग्नस खप्वया नरहरिछेंया जोशिनं खण्ड स्वंङ जुरो॥ एया एरया जुको, शुक्र लग्नस गथे याय धक बेला घटि १८ बेङाव घटि २१ थ्वते नन्हा मकर लग्नस खण्ड स्वंनका॥ भीङ राजाया मभीङ. विश्वेश्वर उग्रमालया धक कुबुयाव मकर लग्नस यातका जुरो॥ अष्टमी बाधि आश्विनशुक्लःनवमी घटि ७ विघटि १२ प्र दशमी श्रवण. नक्षेत्र ४४ धृति योग १९ शनैश्चरवार थ्व कुन्हुया वेला ८ बेङाव १२ थ्वतेनन्हा एलया चारण शुक्र दव धका बिच्छ लग्नस जुक॥ खप्वया व यँया व जुको घटि १८॥ बेङाव घटि २१ थ्वतेनन्हा धनु लग्नस चारण याङा॥ दिग दक्षिण

[नि. सं ८०२ (वि. सं. १७३९) भाद्रकृष्ण अमावास्या ४ घडी २२ पलाउप्रान्त आश्विनशुक्ल प्रतिपदा हस्त नक्षत्र २२ घडी ऐन्द्र योग ३९ घडी बृहस्पतिवारका दिन ८ घडीदेखि १३ घडी-भित्र पापग्रहको घर (राशि) मा शुक्र बसेको लग्न हो भनी तीनै शहरको उही वेला घटस्थापना गरियो। आश्विनशुक्ल अष्टमी ६० घडी पूर्वफाल्गुनी नक्षत्र ३२ घडी अतिगण्ड योग १८ घडी बृहस्पतिवारका दिन ७ घडीदेखि १२ घडीभित्र पापग्रहको घर (राशि) मा शुक्र बसेको लग्न हो भनी नरहरिछेंका ज्योतिषीले भनेका हुँदा भक्तपुरमा खड्गस्थापना गरियो। काठमाडौंका र पाटनकाले भने शुक्र बसेको लग्नमा त कसरी गर्ने भनी १८ घडीदेखि २१ घडीभित्र मकर

लग्नमा खड्गस्थापना ,गरे। असल भए राजालाई खराप भए विश्वेश्वर र उग्रमाल्ललाई भनी कबोली मकर लग्नमा गरिएको हो । अष्टमी बढेको थियो। आश्विनशुक्ल नवमी ७ घडी १२ पलाउप्रान्त दशमी श्रवण नक्षत्र ४४ घडी धृति योग १६ घडी शनैश्चरवारका दिन पाटनेले ८ घडीदेखि १२ घडीभित्र शुक्र छन् भनी वृश्चिक लग्नमा चालनगरे । भक्तपुरे र कान्तिपुरेले चाहिं १८½ घडीदेखि २१ घडीभित्र धनु लग्नमा दक्षिण दिशा पारी चालन गरे।]

सम्वत् ८०३ आश्विनशुक्लः ॥ प्रतिपदा. हस्त नक्षत्र. अङ्गारवार थ्व कुन्हुया वेला घटि १६ बेङाव घटि २१ थ्वतेनन्हा नवरात्र स्वङा ॥ सप्तमी प्र. अष्टमीया वेला घटि २१ बेङाव घटि २५ थ्वतेनन्हा केतु दलें मक्र लग्नस खण्ड स्वंङा . चन्द्र द्वादशसं याङा यंलया चन्द्र दरे धनु लग्नस यात खप्पया बिछ लग्न घरि छिसं यात स्व नगरया स्व वेलं थ्वगुलि दश अन्तर वङ. दशमीया वेला घटि २॥ बेङाव घटि ७ थ्वतेनन्हा चारन याङा.पुरोगमन. श्रवण नक्षत्र कार आग्नेयश बृहस्पतिवार जुया. थ्वगुलि दश तरेजुया कुमालीयां तिसा खुयाव...

[ने. सं. ८०३ (वि. सं. १७४०) आश्विनशुक्ल प्रतिपदा हस्त नक्षत्र मङ्गलवार यस दिन १६ घडीदेखि २१ घडीभित्र घटस्थापना गरियो। आश्विनशुक्ल सप्तमीउप्रान्त अष्टमी २१ घडीदेखि २५ घडीभित्र केतु भएको मकर लग्नमा चन्द्रमा द्वादश स्थानमा रहेको वेलामा खड्गस्थापना गरियो । पाटनेहरूले चन्द्रमा भएको धनु लग्नमा गरे। भक्तपुरेले वृश्चिक लग्नको १ घडीभित्रै गरे। यसरी यो साल तीनै शहरमा समयमा अन्तर भयो। दशमीको २½ घडीदेखि ७ घडीभित्र चालन गरियो । पुरोगमन श्रवण नक्षत्रमा गरियो। दिशा आग्नेय, वार बृहस्पति। यसो भएको हुँदा यस वर्ष तलेजुको र कुमारीको गहना चोरियो।]

सं. ८०४ भाद्रपदकृष्ण. अमावाशी कुन्हु नवरात्र स्वंङा वेला घटि १॥ बेङाव घटि ६ थ्वतेनन्हा तुल लग्न. बुध दु चन्द्र द्वादश.दलें खिन चन्द्र धकाव खप्प एलया धनु लग्न केतु दरे यात . ...आश्विनशुक्ल सप्तमी प्र अष्टमीया वेला घटि १८ बेङाव घटि २५ थ्वतेनन्हा मक्र कुम्भ लग्नस खण्ड स्वङ। खप्व एलया धनु लग्न चन्द्र केतु दले यात। ···आश्विनशुक्ल नवमी प्र दशमीया वेला घटि २५ बेङाव घटि २८ थ्वतेनन्हा मीन लग्नस चारन याङा। दिग पूर्व याङा या यात. थाहा वव. गथप्याखनं दु थुगलि दंश खप्व एलया धनु लग्नस यात केतु दल्यं ॥

[ने. सं. ८०४ (वि. सं. १७४१) भाद्रकृष्ण अमावास्याका दिन १½ घडीदेखि ६ घडीभित्र तुला लग्नमा घटस्थापना गरियो। क्षीण चन्द्रमा भएको भनी भक्तपुरे र पाटनेहरूले केतु भएको धनु लग्नमा घटस्थापना गरे। आश्विनशुक्ल सप्तमीउप्रान्त अष्टमी १८ घडीदेखि २५ घडीभित्र मकर कुम्भ लग्नमा खड्गस्थापना गरियो। भक्तपुरे र पाटनेहरूले चन्द्रमा केतु भएको धनु लग्नमा गरे। आश्विनशुक्ल नवमीउप्रान्त दशमीका दिन २५ घडीदेखि २८ घडीभित्र मीन लग्नमा पूर्व दिशा पारी चालन गरियो, खड्गयात्रा गरियो, (देवता) माथि लगिए, गथुप्याखँ पनि नचाइयो। यस वर्ष भक्तपुरे र पाटनेहरूले केतु भएको धनु लग्नमा गरे।]

सं. ८०६ आश्विनशुक्लस प्र. दु नवरात्र स्वंङा सप्तमीया घटि २६ थ्वते फेङाओ अष्टिवयतुनू खण्ड स्वंङा दशमीन तुयकाव चारण याङा॥

यस कारण धर्मशास्त्रका ज्ञाता जजमानी वृत्ति लिएका पण्डितहरूको सामुन्ने दसैंसम्बन्धी विभिन्न प्रश्नहरु आइरहनु स्वाभाविक छ। पं. वाणीविलास पाँडेले यसै कारणले अनेक शास्त्र हेरी दसैंसम्बन्धी विभिन्न कुराहरूको टुङ्गो लाई राजकुमार बहादुर शाहको आज्ञाले यो ग्रन्थ बनाएका हुन्। सो कुरा उनले यसरी बोलेका छन्—

यत्र त्रैलोक्यनाथो जयति पशुपतिः संयुतो गुह्यकाल्या
प्रोद्धर्तुं भक्तवर्गान्नगरिपुनगरीभासमाने पुरेऽस्मिन्।
नेपाले कान्तिसंज्ञे क्षितिपरणबहादूरशाहे विभाति
पृथ्वीनारायणाख्यक्षितिपतितनयः श्रीबहादूरशाहः ॥२॥
विद्वद्वृन्दसुरद्रुमोऽरिनृपतेः संवर्तकालानलः
सभ्यानां शरदिन्दुरुद्यत इति स्त्रीणां शरीरी स्मरः।
वामाक्षीजनचित्तवृत्तिहरणव्यापारबद्धाशयो
ह्येकोपि क्षितिमण्डलोपरि सदा नानेव यो भासते ॥३॥
कारुण्येनैव विद्वत्कुलमुकुटमणिश्रेणिसंभासिताङ्घ्रि
ज्ञात्वा वाणीविलासाभिधमतिकरुणः सर्वलोकोपकृत्यै।
नीतिज्ञो मां स दुर्गोत्सवविधिरचनां त्वं कुरुष्वेत्यवादीद्
दृष्ट्वा ग्रन्थानतोऽस्मिन् जगति बहुविधांस्त तन्यतेऽयं प्रबन्धः ॥६॥
मदीयोयं ग्रन्थो जगति सुजनानां तु हृदयं
कदाचिद् दोषश्चेदपि सुखयिता दुर्जनकृतः।
तमोग्रस्तो दोषाकर उदित ईने लयमिते
कलङ्की चन्द्रोयं सुखयति जनान् किन्न कुटिलः ॥७॥
दधतां सुजनो निबन्धमेतं हृदये स्यादुपकारकः कदाचित्।
तरणिं तरणे तरङ्गिणीनां किमु तुम्बी न विनोपकारिकेयम् ॥८॥

---

[ने. सं. ८०६ (वि. सं. १७४३) आश्विनशुक्ल प्रतिपदाका दिन घटस्थापना गरियो। सप्तमीको २९ घडी बिताएर अष्टमी लागेपछि खड्गस्थापना गरियो। दशमी लागेपछि चालन गरियो।]

सं. ८२५ आश्विनशुक्लः ॥ प्रतिपदा घटि १० थ्वतेनन्हा नवरात्र स्वङा चंद्र द्वादश तुल लग्न। सप्तमी घटि २२ थ्वते फिङाओ बिष्टि वयकाओ अष्टिस देव कहाबिज्यातकर ॥ दशमी घटि १२ थ्वतेनन्हा बिछ लग्नस केतु दल्यं चारन यात देव थाहा बिज्याकर दक्षिण दिग ॥

[ने. सं. ८२५ (वि. सं. १७६२) आश्विनशुक्ल प्रतिपदा १० घडीभित्र चन्द्र द्वादश परि तुला लग्नमा घटस्थापना गरियो। सप्तमी २२ घडी बिताएर भद्रा नाघेपछि अष्टमीका दिन देवता तल ल्याइनुभयो। दशमी १२ घडीभित्र केतु भएको वृश्चिक लग्नमा चालन गरियो। देवता माथि लगिनुभयो। दिशा दक्षिण।]

पृ. ८

[जुन नेपाल देशमा भक्तहरूलाई उद्धार गर्नाको निमित्त पशुपति र गुह्यकाली रहनुभएको छ, अमरावती जस्तो त्यो कान्तिपुरमा राजा रणबहादुर शाहले राज्य गरिरहनुभएको बेलामा महाराज पृथ्वीनारायण शाहका छोरा बहादुर शाह रहनुभएको छ। ॥२॥

उहाँ बहादुर शाह विद्वान्हरूका लेखा कल्पवृक्ष (धन दिने), शत्रु राजाहरूका लेखा प्रलयकालका अग्नि (नाश गर्ने), सभासद्हरूका लेखा शरत्ऋतुका चन्द्रमा (आनन्द दिने), सुन्दरीहरूका लेखा राम्रा हुनुभएका हुँदा कामदेव (मन हर्ने) हुनुहुन्छ। यसरी उहाँ बहादुर शाह एउटै भए तापनि पृथ्वीमण्डलमा अनेक झैं भएर रहनुभएको छ। ॥३॥

विद्वान्हरूले मान गरिएको म वाणीविलास पण्डितलाई, दयालु, राजकाजमा सिपालु उहाँ बहादुर शाहले "दसैंविषयको ग्रन्थ बनाउनू" भनी दयापूर्वक अह्राउनुभयो। यसै कारण धेरै थरीका ग्रन्थहरू हेरेर मैले यो ग्रन्थ बनाएको हुँ ॥६॥

दुर्जनहरूले यस ग्रन्थमा केही गरी दोष देखाए तापनि मेरो यो ग्रन्थले सज्जनहरूको मनलाई आनन्द दिनेछ। सूर्य अस्ताएपछि उदाएका, राहुले ग्रस्त गरेका (ग्रहण लागेका), दाग लागेका, सम्पूर्ण विम्ब नभएका भए पनि के चन्द्रमाले मानिसहरूलाई आनन्द दिंदैनन् र? ॥७॥

सज्जनहरूले मेरो यो ग्रन्थलाई हेरी संभिराखून्। यसो गरे भने उनीहरूलाई कुनै दिन यो काम लाग्ला। खोला तर्न डुङ्गा नभएको बेलामा के तुम्बाले पनि काम दिंदैन र? ॥८॥]

वाणीविलास पण्डितको दसैंको पूजाविधानसम्बन्धी यो पुस्तक सम्पूर्ण प्रकाशमा आउन सकेको खण्डमा यस विषयमा चाख लिने व्यक्तिको लागि यो उपयोगी हुनेछ। यहाँ त त्यस पुस्तकको सामान्य परिचय मात्र दिइएको छ।

—०—

# नेपाल-अङ्ग्रेजयुद्ध

## नालापानीको लडाइँ

—महेशराज पन्त

वि. सं. १८७१ मा भएको नेपाल-अङ्ग्रेजयुद्धमा नालापानीको लडाइँको विशेष महत्त्व छ। सो युद्धको विषयमा अंग्रेजहरूले निकै कुरा लेखेका छन्। तिनैको आधारमा श्रीसूर्यविक्रम ज्ञवालीले आफ्नो "वीर बलभद्र" भन्ने पुस्तिकामा सो लडाइँको बयान दिनुभएको छ। हाल सो लडाइँ-विषयका केही चिठीहरू पनि पाइएका छन्। तिनबाट सो लडाइँमा बलभद्र र उनका साथीहरूले गरेका कामहरू निकै बुझिन्छन्। अरू सामानबाट थाहा पाइएका कुरासँग तुलना गरी ती पत्रबाट थाहा पाइएका कुरा यहाँ लेखिन्छन्। ती पत्र पनि यहाँ प्रकाश गरिन्छन्।

३५०० फौज र ११ तोप लिई गङ्गा र यमुनाको बीचको नेपाली प्रदेश जित्ने अभीप्रायले अंग्रेजतर्फबाट जर्नेल जिलेस्पी अगाडि बढेका थिए। उनको मुकाबिला गर्न देहरादूनभन्दा पुगनपुग २ कोश उत्तरपूर्वको नालापानी भन्ने ठाउँको ४०० हातजति अग्लो पहाडमा[1] कप्तान बलभद्र कुँवर केही सैन्य लिई बसेका थिए।

वि. सं. १८७१ कार्तिक ८ गते अंग्रेजी फौज देहरादूनमा आयो। कार्तिक १० गते अंग्रेजी फौज र नेपाली फौजको नालापानीमा लडाइँ भयो। तर यो युद्धमा असफल भई अंग्रेजी फौज देहरादून फर्क्यो[2]।

फेरि कार्तिक १७ गते नेपाली फौज र अंग्रेजी फौजको नालापानीमा लडाइँ भयो[3]। यही लडाइँमा अंग्रेज सेनापति जिलेस्पीले वीरगति पाए[4]।

यस लडाइँमा ८ जना अंग्रेज सेनापति र अंग्रेजी पल्टनका हजार बाह्र सय सिपाही परे तथा अंग्रेजपट्टिका सत्र अठार सय सिपाही घाइते भए[5]।

---

१. ह्यामिल्टनको "नेपालवर्णन", एॅट्किन्सनको "सन्धिपत्र, प्रतिज्ञापत्र र सनदपत्रहरूको संग्रह" "अक्सफोर्डभूचित्र", राहुल सांकृत्यायनको "गढवाल", सूर्यविक्रम ज्ञवालीका 'वीर बलभद्र" र "अमरसिंह थापा", ललितजङ्ग सिजापतिको "विशाल गोरखा राज्यका केही प्रसिद्ध राजाहरू" का आधारमा यस लेखमा स्थानपरिचय दिइएका छन्।

२. "पूर्णिमा" १ अङ्कको ४८ पृष्ठ हेर्नुहोस्।

३. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको टिपोटमा कार्तिक १७ गतेको लडाइँको विषयमा यस्तो टिपिएको छ—

"कर्णेल मानि[1] साहेब बहादुर कार्त्तिकवदि २[2] का दिन घरी ४ बाकी छदा[3] आयाको. येही बदि ३[4] का व्याहानमा नगराका बषतदेषि[5] चारै तरफबाट सोहरा लाई[6] कुधा[7] समाति भन्याङ् लायो.

(मोहननाथ पाँडेको पुर्ख्यौली सङ्ग्रहबाट)

४. "वीर बलभद्र" का ३–८ पृष्ठ हेर्नुहोस्।

५. यस लडाइँमा १०।१२ जना अंग्रेज सेनापति र अंग्रेजी पल्टनका ५।७ सय सिपाही मारिए भनी "इतिहास-प्रकाश" १ अङ्कका २५-३५ पृष्ठमा छापिएको पत्रमा लेखिएको छ। जस्तै—

"तेस्तैमा भोलीपल्ट दुनको नालापानी किल्लामा बलभद्र कवरले लडाञी मान्या. खूब जित्या. १०।१२ गोरा मारिया. ५।७ सय षेत रह्या भन्या षबर आयो.

(३१--३२ पृष्ठबाट)

अंग्रेजपक्षका जम्मा २६६ जना मारिए तथा घाइते भए भनी "वीर बलभद्र"को ९ पृष्ठमा लेखिएको छ।

---

१. मानि=माबी। २. कार्त्तिकबदि २ =कार्तिक १६ गते। घरी ४ बाकी छदा= दिनको साढे ३ बजे। ४. येही बदि ३=कार्तिकवदि ३=कार्तिक १७ गते। ५. नगराका व्याहानमा बषतदेषि =बिहान सबेरैदेखि। ६. सोहरा लाई=कराई। ७. कुधा=मूढा।

यस लडाइँमा पनि हारेर अंग्रेजी फौज फर्की गयो । नालापानीको लडाइँमा असफल भएपछि अंग्रेजी पल्टन त्यतातिर बाटो बनाउन आयो[1] । नेपालीहरूले बाटो बनाउन आएको अंग्रेजी पल्टनमा हमला गरे । आफ्ना केही सिपाही मरिएपछि अंग्रेजी फौज फर्की गयो[2] ।

---

१. बाटोघाटो राम्रो नभएपछि फौज, हातहतियार, रसदपानी ठीक समयमा ठीक ठाउँमा पुऱ्याउन गाह्रो हुने हुनाले लडाइँमा राम्रो बाटोघाटोको पनि निकै महत्त्व हुन्छ।

लडाइँमा सेनापति हिंड्नुभन्दा पहिलेबाटै कालीगड र ज्यामी लिई आफू गई हाकिमले बाटोघाटोको बन्दोबस्त गर्नू भनी आचार्य कौटल्यले बोलेका छन्।

जस्तै—

पुरस्तादध्वनः सम्यक् प्रशास्ता रक्षणानि च।
यायाद् वर्धकिविष्टिभ्यामुदकानि च कारयेत् ॥

(कौटलीय अर्थशास्त्र १०।१।१६)

[लडाइँको निमित्त सेनापति हिंड्नुभन्दा पहिलेबाट नै प्रशास्ता (सहरहरूको रक्षा गर्ने अभिभारा लिएका हाकिम) ले कालीगड र ज्यामीहरू लिई आफू गई चौकीको बन्दोबस्त गर्ने, बाटो बनाउने काम र पानी नभएको ठाउँमा पानीको बन्दोबस्त गर्नु पर्छ।]

२. वि. सं. १८७१ मङ्सीर १ गते बलभद्र कुँवरहरूले नालापानीबाट काठमाडौंमा श्री ५ गीर्वाणको हजुरमा पठाएको पत्रमा यस विषयमा यस्तो लेखिएको छ। अप्रकाशित यो पत्र सम्पूर्ण यहाँ दिइन्छ—

अर्जि[1]

उप्राँत. अघि कुइन्यासँग[2] लडाइ भै हटायाको ८ साहेब पऱ्याको बिस्तार अघिका अर्जिबाट जहार[3] भयो हो. देहरामा[4] गै बसिरहेछ. दिनही[5] उसको फौज षजाना तोप थंपीदैछ. उस दिनदेषी जोरीन[6] आयाको छैन.

कार्तिकका २९ दिन जांदा किल्लाको देषि उत्तरपट्टी जगा हेरी बाटो बनाउनलाई २ साहेब १ पलटन् र बेलदार[7] ली आयेथ्यो. जंगलबाट डेउढालाई हान्न पठांउंदा ५।७ घायेल भै हटेर गयो.

मंगसिरको संक्रान्तिका दिन किल्लादेषि दक्षिनपट्टी नालापानिको बाटो बनाउन ४ साहेब र १ पलटन् गोरास्मेत् बेल्दार लि आयेथ्यो. जंगलबाट डेउढावारी हाँन्न पठाउंदा ५ जना प्रेत रही ६।७ जना घायेल भै हटी अघि हिंड्दै पछी सोहरा लौंदै गयो. हांम्रा कसैलाई केही भयेन.

हजूरका पुण्यप्रतापले कुइन्यालाई काटी हटायाको छ. अझ पनि हटाइन्यैछ.

बिज्ञेषु प्रभु किमधिकमिति

---

१. अर्जि=बिन्तीपत्र । २. कुइन्यासँग=अंग्रेजसँग । ३. जहार=जाहेर। ४. देहरामा=देहरादूनमा । ५. दिनही=दिनकादिन । ६. जोरीन=जोरी खेल्न=लडाइँ खेलन । ७. बेलदार=माटो खन्ने ज्यामी ।

अंग्रेजी सैन्यलाई अहिले धपाए तापनि उनीहरूले नालापानीतिर जोड लाइरहेछन् भन्ने थाहा पाई नालापानीको किल्लामा बसेको नेपाली सैन्यको मद्दतको लागि सिरमोरको मुकाम नाहानबाट केही सैन्य नालापानीतिर हिंड्यो ।

नाहानबाट नालापानी आउने नेपाली सैन्यको बाटो छेक्न नाहानभन्दा दक्षिणपट्टिको सहर कालसीना १ पल्टन तथा अर्को पल्टन त्यहाँतिरकै एउटा नदीको घाटमा अंग्रेजहरूले राखेका थिए ।

नाहानबाट हिंडेको नेपाली सैन्यले नालापानीमा बसेका बलभद्रहरूलाई "हामी तपाईंहरूको मद्दतको लागि आइरहेछौं" भन्ने खबर पठाएपछि नालापानीबाट ७ जना सिपाही त्यो सैन्यलाई लिन हिंडे । यसै बीचमा अंग्रेजी पल्टनले नालापानीलाई घेरेकोले नाहानबाट आएको फौज नालापानीमा आउन पाएन र सहंनगाउँ भन्ने ठाउँमा गढी बनाई बस्यो ।

मङ्सीर ११ गते दिल्लीबाट ३ वटा ठूलठूला तोप आइपुगेपछि अंग्रेजहरू फेरि नालापानीमा हमला गर्न तंसे । आफ्ना वरपर छरिएका सबै सिपाहीहरूलाई एकट्ठा गरी, ती ३ वटा ठूलठुला तोप नालापानीको किल्लाको २ तर्फ लगी, अरू २०।२५ तोप पनि ल्याई अंग्रेजहरूले मङ्सीर १२ गते २॥ बजे दिउँसो नालापानीको किल्लामा हमला गरे[१] ।

---

कार्तिकसुदी ३ रोज २[१] मुकाम नालापानि[२] किल्ला शुभम्

इतः बंदा[३] सेबक बलभद्र कवर रिपुमर्दन् थापा भद्रवीर थापाकस्य कुर्न्यस बंदगी सलाम सलाम सलाम शुभम्—

१. नालापानीमा मङ्सीर १२ गते दिउँसो २॥ बजे देखि मङ्सीर १४ गते बिहानसम्म भएको लडाइँको केही वर्णन सुबेदार जगरूप खत्रीले चौ. वम शाहलाई लेखेको पत्रमा परेको छ । सो पत्र अप्रकाशित हुँदा यहाँ सम्पूर्ण दिइन्छ—

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिबिबिदबिरुद्दावलिबिराजमानमानोन्नतश्रीश्रीश्रीमत्-चौतरियाबडाबम्मसाहदेवेषु.—

इत सुबेदार जगरूप षतृको कीटि कोटि सेवा सलाम्.

इत निक तांहा पाउ कुसल प्रतिदिन मंगल छेम भया हाम्रो प्रतिपाल उद्धार होला. आगे ञाहांको समाचार भलो छ.

---

१. यस पत्रमा "कार्तिकसुदी ३ रोज २" लेखिएको छ। परन्तु वि. सं. १८७१ को पात्रो हेर्दा सोमवारको दिन ३॥ घडीसम्म कार्तिकशुक्ल द्वितीया रही त्यसपछि तृतीया लागेको देखिन्छ । सोही दिन मङ्सीर १ गते पनि पर्छ । यस कारण वि. सं. १८७१ मङ्सीर १ गते कार्तिकशुक्ल द्वितीया-उप्रान्त तृतीया सोमवारको दिन यो पत्र लेखिएको देखिन्छ ।

"मंगसिरको संक्रान्तिका दिन" भनेको चाहिं कार्तिक ३० गते देखिन्छ । किनभने रिपुमर्दन थापाले भीमसेन थापाहरूलाई पठाएको चिठीमा " मंगसीरका १५ दिन जांदा आदित्यबार " लेखिएको छ । परन्तु आदित्यवार मङ्सीर १४ गते पर्छ । यस कारण यहाँ संक्रान्तिमा १ दिन फरक परेको अड्कल हुन्छ ।

२. देहरादूनदेखि २ कोश उत्तरपूर्वमा नालापानी छ । ३. बंदा=सेवक ।

नालापानीको किल्लामा वज्र लाई जबरसँग बनाइएको पर्खालभन्दा माथि पनि पर्खाल थपी पर्खाल अग्लो पारिएको थियो । तर वज्र नलाएकोले थपेको भाग जति कमजोर थियो। यसैले

---

उप्रांत. नालापानिमा अघि २ लडाई भयाको बिस्तार पाउमा जाहारै होला. फेरि मंगसिरका १२ दिन जांदा शुक्रवारका दिन तेस्रा परह्देषि[१] नालापानीमा तोप चलन लागिरह्याछं. १४ दिन जांदा अैत्बारका[२] ब्याहानस्म चल्दैछं. वाहांका तोपले ञांहा उल्षास्म थरकंछं. येका सलक्‌मा ७ तोपको सलक सबद सुनिन्छ. लडाई भन्या ३।४ दिनस्मको छ. कसो कसो हुन्छ.

चंद्रबिर कवरकि[३] कप्तानि[४] पनि ञांहा आई बस्याका छं. ज्या[५] षबर आवला पछि लेषि चह्राउंला.

रैबंत कंवर काजी[६] पनि श्रीनगरमा[७] आईपुग्या. २ काजि[८] भेला भई रयाछं.

नाहानका तिल्कपूरमा[९] पनि लडाई जोरिरहेछ भन्छं. पश्चिम नाला सहर पंलासिमा पनि बैरि बाकलो भै आईरहेछं भन्छँ.[१०]

ञांहा गढको चित्रमनि सिबराम कासिराम सकन्यानि पनि आप्ना कुलकबिला[११] लि बैरितिर पस्या. यो षबर यतातिरको छ.

पूर्वतिर तांहाका घाटाबाटाको षबर चरणलाई जाहारै होला. लालसिं लाला पनि तांहांलाई तयार छ भनि षवर सुनिन्छ. ञांहा कोटद्वारका घाटामा पनि ६ हजार लस्कर[१२] लि भंत्रुषा आईरहेछ.

ठाउठाउमा पानि जाम्यो[१३]. गढको पनि भर छैन. सपै जगाको[१४] जाहार पाउमा छं. सैसंबार[१५] राष्या जाला.

लेषदामा भुलुचुक सरअपसर बक्स्या जाला. किमधिकं बिज्ञेषु.

इति संवत १८७१ मीति मंगसिर १४ गते मुकाम उल्षागढि[१६] शुभम.

---

१. तेस्रा परह्देषि = दिउँसो २।। बजेदेखी । २. अैत्बारका = आदित्यवारका । ३. चंद्रबिर कवरकि = कप्तान बलभद्र कुँवरका बाबु चन्द्रवीर कुँवरकी । ४. कप्तान्नि = कप्तानी (पत्नी) । ५. ज्या = जो । ६. रैबंत कवर काजी = काजी रेबन्त कुँवर (काजी रणजीत कुँवरका छोरा) । ७. श्रीनगर गढवालको मुकाम हो । नालापानीबाट श्रीनगर पूर्वदक्षिणमा छ । ८. २ काजि = काजी बखतबारसिंह बस्न्यात र काजी रेबन्त कुँवर ।यस वेला बखतबारसिंह बस्न्यात श्रीनगरमा बसेका थिए । ("पूर्णिमा" दोस्रो अङ्कको ७३ पृष्ठ हेर्नुहोस् ।) ९. नाहानबाट ३ कोश फरकमा तिलकपुर पर्छ । १०. हन्डुरको दक्षिण तराईमा सतलज नदीको किनारमा पलासी छ । पलासीबाट उत्तरतर्फ चुरेको पहाडमा नालागढ पर्छ । वि. सं. १८७१ कार्तिक १९ गतेदेखि कार्तिक २२ गतेसम्म नालागढमा नेपाली र अंग्रेजको लडाइँ भई नेपालीहरूले हारी आत्मसमर्पण गरेका थिए । ("अमरसिंह थापा" का ६१-६३ पृष्ठ हेर्नुहोस् ।) ११. कुलकबिला = जहान×छोराछोरी । १२. लस्कर = फौज । १३. जाम्यो = जम्यो । १४. जगाको = ठाउँको ।१५. सैसंबार = स्याहारसंभार । १६. उल्खागढ = गढवालको ५२ गढमध्येको एउटा गढ ।

अंग्रेजी तोपका गोलाले सो पर्खालको थपेको, जति भाग चाँडै नै भत्कियो। वज्र भएको भाग जति पनि तोपका गोलाले लतातारसँग हान्दा आधा जति भत्कियो।

मङ्सीर १४ गते बिहान सवा ९ बजेतिर अंग्रेजी फौज नालापानी किल्ला अंचेट्न अघि बढ्यो। डाँडामा उक्लन लागेको अंग्रेजी पल्टनलाई गोली, बाण, ढुंगा, ईंटले नेपालीहरूले हाने। माथि उक्ली पर्खाल चढ्न लागेका शत्रुहरूलाई समात्दै मार्दै नेपालीहरूले तलतिर खसालिदिए। यस्तैमा नेपालतिरका ३ जना अधिकारी शत्रुका गोली लागी ठहरै परे। दिउँसो ३॥ बजेसम्म लडाइँ चल्यो। आखिर अंग्रेजी फौज हार मानी फर्क्यो।

यस लडाइँमा ७ जना अंग्रेज सेनापति र अंग्रेजी पल्टनका ४०० जना सिपाही परे तथा अंग्रेज-पट्टिका ८१९ जना घाइते भए।[१]

अब हाकाहाकी लडेर नेपालीहरूलाई कायल पार्न नसकिएकोले अंग्रेजहरूले अर्कै चाल खेले।

नालापानीको किल्लामा किल्लाभन्दा बाहिरबाट पानी जान्थ्यो। त्यो पानी अंग्रेजहरूले नालापानीको किल्लामा जान दिएनन्। नेपालीहरूले सवा सय जति घ्याम्पामा पनि पानी भरेर राखेका थिए। घ्याम्पामा राखेको पानीबाट पनि नेपालीहरू केही दिन धान्न सक्थे। नेपालीहरूले पानी जम्मा गरी राखेका छन् भन्ने थाहा पाई अंग्रेजहरूले पानी राखेका घ्याम्पामा पनि गोलाले हानी घ्याम्पा फुटाइदिए।

अंग्रेजहरूका हतियारका चोटले किल्लाभित्र बसेका नेपालीहरूमा केही मरे, केही घाइते भए। यसैले नालापानीमा नेपालीहरूको सैन्यसंख्या निकै घट्यो। अंग्रेजी तोपका गोलाले नालापानीको किल्लाको पर्खाल पनि निकै भत्कियो।

मङ्सीर १५ गतेको आधा रातको कुरा हो। कमान बलभद्र कुँवर, सरदार रिपुमर्दन थापा, चामु बस्न्यात, गङ्गसिंह थापा खान लागेका थिए। भातसम्म पकाउन पनि पानी नभएर ती नेपाली सेनापति काँचो चामल चपाइरहेका थिए। यसै वेला बाँकी रहेका सैनिक नालापानीको किल्ला छोडी निस्के। तिनीहरूले आफ्नो साथमा आआफ्ना नालनिशान पनि लिई गएका थिए। खाइरहेका सेनापति-पतिहरूले यो खबर सुनी उठेर आई हेर्दा आफ्ना सिपाहीहरूलाई किल्लाबाहिर देखे। "तिमी-हरूले किल्ला छोडी गएको खण्डमा तिमीहरूलाई असल हुने छैन" भनी नेपाली सेनापतिहरूले भने। तलतिरबाट भने अंग्रेजहरूले किल्ला छोडी भएका नेपाली सैनिकहरूलाई "हाम्रो पक्षमा मिल्न आओ" भनी डाकिरहेका थिए। नेपाली सेनापतिहरूले धम्की दिएपछि धेरैजसो सैनिक नालापानीको किल्लामा फर्के, केही मात्र फर्केनन्।

---

१ "वीर बलभद्र" को १० पृष्ठमा अंग्रेजपक्षका जम्मा ४८३ जना मारिए तथा घाइते भए भनी लेखिएको छ।

बाहिरबाट पानी नआएकोले र भित्र जम्मा गरी राखेको पानी पनि पोखिदिएकोले किल्ला भित्र पानीको हाहाकार भयो। अंग्रेजी पल्टनले हानेका गोलीहरू पर्खाल भत्केकोले किल्लाभित्रै आउन थाले। यसो हुँदा बाँकी रहेका मानिसमा पनि धेरै मानिस मरे तथा घाइते भए। आफ्ना साथी-हरूमा कोही मरेका र कोही घाइते भएका देखेर तथा पानी खान नपाएर बाँकी रहेका नेपाली सैनिक विह्वल भएका थिए। यस अवस्थामा बाँकी रहेका ती सैनिकले हातखुट्टा छोडिदिनु सम्भव थियो।

"हामी मर्नै परे पनि किल्लाभित्रै मर्छौं, हामी किल्ला छोड्दैनौं, हामीसँग लड्न आएकासँग लडेर मात्र मर्छौं" भन्ने आशयको कबूल माथि उल्लेख गरिएका बलभद्र कुँवरसमेतका ४ जना सेनापतिले मंसीर १६ गते सैनिकहरूलाई गराई ती सैनिकको नाउँ लेखाए। कबूल गर्नेहरूको संख्या ८५ पुग्यो।

नालापानीकै आसपासको अर्को सानो किल्लामा कालानलकम्पनी बसेको थियो। नालापानीको किल्लाको त्यो हबिगत भएको देखी मङ्सीर १६ गते राति सो कम्पनी किल्ला छोडी नालनिशान लिई देहरादूनतिर हिंड्यो। सो कम्पनी किल्ला छोडी हिंडेको थाहा पाई नालापानीको किल्लामा रहेका साथ दिन्छौं भनी कबोल गर्नेहरूमध्येका केही सैनिक पनि कालानलकम्पनीको पछि लागी गए। यसो हुँदा नालापानीको किल्लामा ५०।६० जना सैनिक मात्र बाँकी रहे।

अंग्रेजहरूले आइलाग्न आएको खण्डमा हामी पनि जाइलागौंला भनी बसिरहेका नेपाली सेनापतिहरू कालानलकम्पनीले तथा आफ्ना केही सैनिकले पनि किल्ला छोडी गएका हुँदा र पर्खाल भत्केकोले पनि हतोत्साह भए।

अब देहरादून हारियो तापनि पहाड त थाम्नैपर्छ भन्ने विचार गरी १६ गते राति नेपाली-हरूले नालापानीको किल्ला छोडे।

बलभद्रहरूसँग भएका ८ तोपमध्ये पर्खालमा खिएका ३ तोप पर्खाल भत्कदा किल्ला बाहिर पर्न गएका र २ तोप बिग्रेकाले किल्लाभित्र जम्मा ३ तोप मात्र सद्दे थिए। तोप बोकी लैजान गाह्रो हुने हुनाले ती तोप र २।३ मुरी बारुद किल्लामै छोडी अरू हातहतियार नेपाली-हरूले आफ्नो साथ लगे।

नेपालीहरूले किल्ला छोडी बाहिर निस्केको देखी अंग्रेजी पल्टनले नेपालीहरूमाथि हमला गर्‍यो। नेपालीहरू पनि अंग्रेजी पल्टनसँग मुकाबिला गर्दै अगाडि बढे। नेपालीहरू १७ गते बिहाउँदो द्वारामा आइपुगी त्यो दिन त्यहीं बसे।

"लडाइँमा मरेका आफ्ना सैनिकका लाश तथा घाइतेहरू अंग्रेजहरूले माग्दा हामीहरूले दिएका थियौं। यस कारण अब हामी पनि आफ्ना घाइते मागौं" भनी बलभद्रहरूले अंग्रेजकहाँ मान्छे पठाउँदा "घाइतेहरूको औषधिको व्यवस्था हामीहरू नै गर्छौं" भनी अंग्रेजहरूले जवाफ दिए। नालापानीको किल्लामा भएका जम्मा १८० जना घाइतेहरूको उपचार अंग्रेजहरूले गरिदिए।

भोलिपल्ट मङ्सीर १८ गते किल्ला कहाँ बनाउने हो भन्ने विचार गर्दा द्वारामा किल्ला बनाउँदा शत्रुलाई आउन सजिलो पर्ने देखिएकोले गोपीचन्दको डाँडामा किल्ला बनाउने विचार गरी नेपालीहरू द्वाराबाट हिंडे।

गोपीचन्दको डाँडामा पुगी नेपालीहरू त्यो रात त्यहीं बसे। आधा रातमा अंग्रेजी फौजले त्यहाँ आई गोली बर्साउन थाल्यो। शत्रु आएको कुरा आफ्ना बिकटबाट थाहा पाई नेपालीहरू शत्रुमाथि जाइलाग्न गए। यस्तैमा दाहिने पाखुरामा शत्रुतर्फबाट छुटेको गोली लागी सरदार रिपुमर्दन थापा घाइते भए। रिपुमर्दनले हिंड्न नसकेकाले उनलाई उनको जमादारले डोऱ्याई केही माथिसम्म लग्यो। आखिर हिंड्न नसकी उनी त्यहीं बसे। अरू नेपाली सैनिकहरूचाहिं डाँडा चढ्न लागे।[१]

भोलिपल्ट मङ्सीर १९ गते बलभद्रले लिन पठाएका मानिसहरूले रिपुमर्दनलाई बोकी चमुवामा ल्याए। चमुवामा काजी रणदीपसिंह बस्न्यात पनि आइपुगेका थिए। मङ्सीर २० गते काजी रेबन्त कुँवर पनि त्यहीँ आइपुगे।

नेपालीहरूले नालापानीमा वा त्यसको नजीकै औषधि गराउने प्रबन्ध गरेका थिएनन्। गढवालको मुकाम श्रीनगरमा मात्र नेपालीहरूले वैद्य राखेका थिए[२]। यसैले रिपुमर्दनसमेतका ७५ जना घाइतेहरू श्रीनगर पठाइए।

यसपछि काजी रणदीपसिंह बस्न्यातलाई चमुवामा राखी काजी रेबन्त कुँवर र कप्तान बलभद्र कुँवर जौंटगढीमा गई बसे।

गढवालको रक्षा गर्न बसेका काजी बखतबारसिंह बस्न्यातले घाइते भई आएका रिपुमर्दन थापाहरूको औषधिको राम्रो प्रबन्ध गरिदिए।

यसरी नालापानीमा नेपालीहरूले लडाइँ गर्न अत्यावश्यक भएका कति कुराको अभाव हुँदाहुँदै पनि अंग्रेजसँग मुकाबिला गरी आफ्नो वीरता देखाए।

अब रिपुमर्दन थापाले नालापानीको युद्धको विस्तृत वर्णन गरी काठमाडौंमा पठाएको पत्रको मूल रूप दिइन्छ—

---

१. 'वीर बलभद्र" को १२ पृष्ठमा यो लडाइँ भएको ठाउँको नाउँ "डूबरीगाउँ" वा "डूबरागाउँ" लेखिएको छ।

२. चिकित्सक, परिचारिका र चिकित्साका सामान लडाइँमा लैजाने चलन प्राचीन कालमा पनि थियो। लड़ाइँमा वैद्य र चिकित्साका सामान लगी घाइतेहरूको ओखती गराएको वर्णन रामायण महाभारतमा पनि पाइन्छ। (राजगुरु हेमराज शर्माको "काश्यपसंहिताको उपोद्घात" को १५४-५५ पृष्ठ हेर्नुहोस्।) लड़ाइँमा औषधि आदिको प्रबन्ध गर्ने विषयमा कौटल्यले यस्तो बोलेका छन्—

'चिकित्सकाः शस्त्रयन्त्रागदस्नेहवस्त्रहस्ताः स्त्रियश्चान्नपानरक्षिण्यः पुरुषाणामुद्धर्षिण्यः पृष्ठतस्तिष्ठेयुः।"

(कौटलीय अर्थशास्त्र १०।३।५३)

[शस्त्रयन्त्र (चिरफार गर्ने सामान), औषधि, स्नेहन गर्ने वस्तु (मलहम आदि), कपड़ा साथमा लिएका वैद्यहरू र खानपानको रेखदेख गर्ने तथा लोग्नेमान्छेहरूको उत्साह बढाइदिने स्वास्नीमान्छेहरूलाई पनि पछिल्तिर राख्नुपर्छ।]

पू. ६

स्वस्ति श्रीसर्वोपमायोग्येत्यादिसकलगुणगरिष्ट राजभारोद्धारणसामर्थ श्रीश्रीश्रीजर्नैल भीमसेन थापा श्रीश्रीश्रीकाजी रणध्वज थापामहासयेषु[१] श्रीरिपुमर्दन थापाको आसीषपूर्वकपत्रमिदम्[२].

इत नीक ताहां कुसल मंगल भया मेरो प्रतिपाल उद्धार होला. क्रपापत्र[३] आयो. बिस्तार सिर चह्राञ्युं. आगे आहांको समाचार भलो छ. उप्रांत ; जो लेषनुभयाको बिस्तार जोग्य हो.

नालापानि किलामा कुईन्यासंग कार्तिकका दिन १० जांदा र १७ दिन जांदा भारि लडाई भई कुईन्याको जर्नैल कर्नैल कलटर[४] कपतान मेजर ठुला साहेबस्मेत् ८ साहेब र गोरा तिलंगा[५] गरी[६] हजार बाह्र सै षेत रह्याको[७] र फरीजन साहेबस्मेत् सत्र अठार सै घायेल गयाका लोत[८] (लेलिन आउन्या हल्काराहरुले कह्याको अघि लेषिगयाको हो.) बिस्तार मालूम[९] भयो हो.

तांहांपछि नालापानितिर र नागलतिर[१०] रस्ता[११] बनावन आयेथ्यो. पट्टी षटाई हांन पठाउंदा २ तर्फका गरी २०।२५ मारीदिंदा र केही घायेल हुंदा हटि गुरद्वारा गयाको त्यो बिस्तार अघि बिंति गरी पठायाको हो. पुगी मालूम भयो हो.

नाहांनबाट[१२] सुब्बा चन्द्रबीर थापा र कालानलकम्पनि १ श्रीकाजी जसपाउका पट्टि ३ गोरषका पट्टि २ रनसूर थापाको पट्टि १ सुबेदार चामू बस्न्यात र समेरुसर्बजंकम्पनि १ स्मेत् नालापानि लाई गुहार दिन पठायाथ्या.

नालापानिमा मन्याका र घायेल जत्ति पनि भयेनथ्या. ठुलो लडाई जीत्याउछि कुईन्याको मन षसी-गयोथ्यो. ८ साहेबका लोत कलकत्ता पुन्याउन पठाउंदा र घायेत्या बसारदा घायेत्यासंग मानिस पठाउंदा नाहानबाट हांन्न आउंछन भन्या सोहराले — २ — का घाटमा १ पलटन् कालसीमा[१३] १ पलटन् पठाउंदा उसको लस्कर पातलो[१४] पनि थियो. मन पनि षस्याको थियो. उस ताक हांम्रो बल भया डांक हान्या पनि[१५] पुग्न्या जस्तो थियो. नालापानिलाई गुहार भनि पठायाको फौज नआईपुगदा नालापानिमा कोहि षेत रहदा कोहि घायेल हुँदा हांमरो लस्कर पातलो थियो.

---

१. काजी रणध्वज थापाको परिचय "पूर्णिमा" २ अङ्कको ७० पृष्ठमा हेर्नुहोस् ।

२. भीमसेन थापा र रणध्वज थापालाई रिपुमर्दन थापाले "आसीषपूर्वकपत्रमिदम्" भनी लेखेकाले रिपुमर्दन नातामा भीमसेन थापा र रणध्वज थापाका मान्यजन रहेछन् भन्ने बुझिन्छ । ३. क्रपापत्र=कृपापत्र । ४. कलटर=कलेक्टर । ५. तिलंगा=सिपाही । ६. गोरा तिलंगा गरी =अंग्रेज र हिन्दुस्थानी सिपाही गरी । ७. षेत रह्याको=मरेको । ८. लोत=लाश । ९ मालूम= थाहा । १०. नालापानीदेखि दक्षिण पश्चिममा नागल पर्छ । ११. रस्ता=बाटो । १२. गढवालदेखि पश्चिममा यमुना नदी छ । यमुनापारि सिरमोर छ । सिरमोरको मुकाम नाहान हो । नालापानीदेखि पश्चिममा नाहान छ । १३. नाहानदेखि दक्षिणपट्टि, नालापानीदेखि पश्चिमपट्टि कालसी शहर छ । १४. पातलो=थोरै । १५. डाक हान्या पनि= अकस्मात् हमला गरे पनि ।

नाहानबाट श्रीकाजी रणदीपसिंहले[१] हांमि आञ्यु भन्या षबर जौनपूरबाट[२] पठायाथ्या. चांडै रातबिरात[३] गरी आवनु भनि ७ जना तिलंगा पठाउंदा राजपूर[४] आईपुग्नुभयेथ्यो. त्यस्तै बीचमा हांमिलाई घेरा दिहाल्यो. पसन पायेनन् र सरुंनगाउंका टीपामा षलंगा हालि बसनुभयो.

कुईन्याले आगराबाट[५] ठुला तोप ३ ल्याई सर्वत्रको आपनो पलटन फउज कटा गरी मंगसीरका १२ दिन जांदा गुरद्धाराबाट उठी येकतर्फ मुष नालापानिका रस्ता येक मुष डांडालषूंडको रस्ता येक मुष नागलको रस्ता येक मुष अस्तलको रस्ता चारैतर्फ समस्त गरी आयो. चारैतर्फ तोप २०।२५ ल्याई तीरका कोठा बनाई ल्याई माटो हालि आड बनाई पूर्वतर्फ उत्तरतर्फ कांडका दन्यासमा[६] ल्याई ठुलो तोप लायो. नसिद्धियाको किला चुनवटदेषि माथि हांमिले थप्याको ढुंगा एकै एकै ठुला तोपका गोलाले भतगाईहाल्यो. चुनवट भयाको पर्षालमा भन्या षालि ढुंगा भत्‌गदा भैं भत्‌गेन. रातदिन एक छिन षालि नरहि तोप लाउंदा चूर्न चूर्न गरी भतगाया. उत्तरपट्टिको परषाल आधा बुदो भतगाई १५ दिन जांदा आदित्यबार[७] घरी ७ दिन जांदा[८] हेला दियो.[९] बंन्दूक कांड[१०] ढुंगा ईटले उस्का फौजलाई हामिले हानिउं. पर्रा लाई[११] कुंधा झांकरा पक्री[१२] उकलदा हांम्रा सोहोराले उकल्याकालाई मारी पर्षालदेषि षसालि दोहोरो जूझ[१३] हुन लागीरहेथ्यो. त्यसै बेलामा सुब्बा चन्द्रबीर थापा नाथू मांझी सुबेदार दलजीत कँवर ई ३ जनालाई गोलि लागी ठहरै पाऱ्या. यो हेला एसै डवलसंग[१४] दिनमान[१५] जूझदै रहिउँ. घरि ४ दिन बांकि छ भन्दा[१६] हेला छोडि तोपषानामा गयो. फेरि तोपका सोहरा लावन लाग्यो.

भोलिपलट बिह्यान नारानदासको बामन[१७] कुईन्याका चाकरीमा लाग्याको रहेछ. उ सैलाई लत मांगन पठायो र लोत दिञ्युं[१८]. हिजोका हेलामा कति मारिया भनि सोधदा आगराबाट तोप

---

१. काजी रणदीपसिंह बस्न्यात (काजी अभिमानसिंह बस्न्यातका माहिला छोरा ।) ("इतिहास-प्रकाश" २ अङ्क ३ भागको ४४६-५० पृष्ठ हेर्नुहोस् ।)

२. नालापानीबाट टेहरी पूर्व पर्छ । टेहरीको एक भाग जौनपुर हो । ३. रातबिरात = रातारात । ४. नाहानदेखि पूर्वपट्टि, देहरादूननजीकै उत्तरमा राजपुर छ । ५. "वीर बलभद्र" को ६ पृष्ठमा दिल्लीबाट तोप ल्याइए भनी लेखिएको छ । ६. कांडका दन्यासमा = जति टाढाबाट हानेको बाण आइपुग्छ, त्यति टाढाबाट । ७. मङ्सीर १४ गते आइतवार परेकोले १४ दिन जाँदा हुनुपर्छ । ८. घरी ७ दिन जांदा = बिहानको सवा ९ बजे । ९. हेला दियो = भिडिन आयो । १०. कांड = बाण । ११. पर्रा लाई = गोली छोडी । १२. कुंधा झांकरा पक्री = मूढा हाँगाबिंगा समाती । बडेबडे मूढा र हांगाबिंगा काटी चारैतिर दोहोरो पङ्क्ति गरी ती मूढा र हाँगाबिंगा गाडी दोहोरो पङ्क्तिको बीचमा ठूलठुला ढुङ्गा हाली मजबूत पर्खाल बनाई सो पर्खालभित्र आफ्नो फौजलाई बस्न बनाइएको ठाउँलाई आड भनिन्छ । आडका मूढालाई कुंधा र हाँगाबिंगालाई झांक्रा भनेको देखिन्छ । १३. जूझ = भिडन्त । १४. डवलसंग = छाँटसँग । १५. दिनमान = दिन भरी । १६. घरि ४ दिन बांकि छ भन्दा = दिउँसो ३॥ बजे । १७. बामन = बाहुन । १८. लडाइँमा मारिएका अंग्रेजी पल्टनका सिपाहीका लाश तथा घाइतेहरू लिन आएका अंग्रेजहरूलाई नेपालीहरूले ती लाश र घाइते सुम्पिदिएको कुरा "वीर बलभद्र" को १९ पृष्ठमा पनि लेखिएको छ ।

ल्याउना रीचठ साहेबस्मेत् ७ साहेब र गोरा तिलंगा ४०० षेत रह्या. ८१६ जना घायेल भया भनि षबर कह्यो.

बाहीरको पानि बन्द गरीहाल्यो.[१] सै छबिसि[२] घैला घांम्पा पानि भरी अंगद कपतानले बनायाका बुर्जामा राष्याको थियो. त्यसै बुर्जामा बम्बगोला रालगोला २०।२५ पारी पानिका घडा घांपा फोरी पानि पोषिदियो. बम्बगोला रालगोला तोपका छराले मानिस मारी चोटाहा[३] गरी-सकीहाल्यो. पूर्वपटि र उत्तरपटीका पर्षाल भतगाई जीमिबरोबर[४] गरिसकिहाल्यो.

जो भयाका मानिस सोमबारका आधा रातिमा हडबडाई सबै निसान लि दूनतर्फ[५] कुंधा भ्रांकराबाहिर निस्क्याछन्. श्रीकपतान[६] म चामू बस्न्यात गंजसिं थापा काचा चावंल षान लागीरह्याथ्यूं. मानिस त सबै निस्क्याछं. निसान लि भाग्या भनि सुन्दा चारै जना निस्की हेर्दा सबै निसकि गयाछं. निसान पनि निकासीहाल्याछं. तम्रा जिउधनमा धका लागला फर्क भनि हांमिले हाक पारदा तलबाट बैरिले सोहोरा लायो. केहि चुहि छिरी जान्या गया. अरु निसानस्मेत् फिरी कीलाभेत्र आया. तेस रात तेती भो.

भोलिपलट् मंगलबारमा मानिस मर्न्या र चोटाहा हुन्या ढेरै भया. पर्षाल केहि नरहंदा र पानि नषान पाउंदा बंम्बगोला रालगोलाले छर्राले सक्याको देषदा मानिसको चित्त थातमा[७] रहेन. अब र हांमिले भन्या किलाभेत्र मनुं योग्य छ. तम्रो साथ दिंछौ भन्या जो हुंनछं. कबौल गराई नाउं लेषिलिउं र हेला गर्न आवला. तरवार गरी मरौंला भनि श्रीकपतानले र मैले भंदा तेसै हो भनि चामू बस्न्यात गंजसिं थापाले पनि भन्या र मतो गरी कबोलाई लेषावन लाउंदा जागीऱ्या ढाक्र्या गरि सबै ८५ जना लेषिया.

मलेछ कालानलकम्पनिको वडा पछिमतर्फ धूलपूर कुंधा भ्रांक्रा गर्‍याको बुर्जामा थियो. मंगसीरका १७ दिन जांदा तेसै मंगलवारको[८] आधा रातिमा मलेछ कालानलकम्पनि आफ्ना नालनिसान[९] लि दूनको तर्फ गरी निस्क्याछंन्, साथ दिउंला भनि लेषन्या पनि उसै कम्पनिसंग मिसी केहि निस्की गयाछं. सबै ६०।५० को अंदाजा जामादार हुदा सिपाहि रह्याका रह्याछन. जून घरी हेला गरी मिचन आवला तरवार गरि मरौंला भनि बसिरह्याथिउं.

मलेछ कालानल पनि हिंड्यो. मानिस पनि रहेनन. मुंड वतन्या[१०] जगा तोपले राषेन. किला थामन ऐतिकै[११] भयो. हातका नालनिसान उकासी दूनको किला गयो तपनि पाहाड थामन्या काम होला. तिमि २ ले मरी क्या हुंछ. हींड भनि हातमा समाति कपतानलाई र मलाई घिसारी दूनतर्फ कुंधाबाहिर निकाल्या. आडवारी बैरीको फउज बस्याको थियो. उसले पनि सोहरा

---

[१]अंग्रेजहरूले नालापानीको किल्लाभित्र आउने पानी बन्द गरेको कुरा "वीर बलभद्र" को १० पृष्ठमा पनि छ ।

२. सै छबिसि = एक सय, एक सय बीस । ३. चोटाहा = चोट लागेका = घाइते । ४. जीमिबरोबर = जमीनबराबर = सम्म । ५. दूनतर्फ = देहरादूनतर्फ । ६. श्रीकपतान = कप्तान बलभद्र कुँवर । ७. थातमा = ठाउँमा । ८. मङ्सीर १६ गते मङ्गलवार परेकोले १६ दिन जाँदा हुनुपर्छ । ९. नालनिसान = बन्दूक र झण्डा । १०. मुंड वतन्या = टाउको छेक्ने । ११. ऐतिकै = यत्तिकै ।

लायो. हांमिले पनि काढि तरवारसित सोहरा लाई[१] हानि आड मिचि श्रीकाजी अमृतसिंह थापाले[२] बनायाका षलंगाका[३] जगामा निस्कि बुधवार बिहांउंदो द्वारामा आईयो.

मुर्दा उसले माग्यो र दियाथ्यूं. हांमि पनि घायेत्या मांगउं. दियो भन्या संभार गरौंला भनि २ मानिस हरीपछेउ[४] पठाउंदा घायेल संभार हांमै करेंगे[५] भनेछ. सुबेदार दयाराम षड्कालाई तोपका छरा तिम्रामा लागी किलैमा रह्याका थिया. १८० घायेल कीलाका कठा[६] गरी वपंति गर्न लायो. हांमिलाई आवन दियेन भनि सुबेदार दयाराम षड्काले भनि पठाया. उ दिन द्वारैमा रऱ्युं.

मोलिपत्नट जगा हेरी ठाना बनाउं भनि जगा हेर्दा द्वारा बढिया ठहरेन. उत्तरतर्फबाट तोप ल्याउन-लाई हरिपलाई सजीलो पर्न्या जस्तो जगा देषियो. गोपिचन्दको डांडाका टीपामा बलियो गरी बस्न्या काम गरुंला भनि बृहस्पतिबार द्वारादेषि हिंड्यूं. षोलो तरी गोपिचंदको टीपा उक्लीन्न ४ पट्टि पठाऱ्यौं. गोपिचंदका टीपाका पुछारका षेतमा डेरा गरि बस्युं.

आधा रातमा बैरि आयेछ र बिकट[७] नजीकै बस्याका थिया. आयो भंन्या षबर पनि सुन्यौं. बैरीले पर्रा पनि लायो.

मेरो डेरा भयाको पाटो ठुलो थियो. उसैदेषि मुनीबाट कपतानका डेरा भयाका पाटामा बैरी आईं-पुगदा तरवार घालौं भनि नंगी तरवारसंग जाईलागदा चार पांच कदम पुगना नपाईं मेरा दाहिना पाषुरामा गोलि लाग्यो. वसै हाम्रो फौज सब उकाला लाग्यो. बिसाउनो १ उभोसम्म[८] मलाई मेरा ढाक्या ज्मादारले हतेरी[९] ल्यायो. म हिंड्न सक्तैन.[१०] मेरा निमित्तमा जो होला सो बिहोरुला भन्दा जामादारहरु पनि हिंड्या. हांम्रो फौज सबै हिंड्यो र म उसै जगामा रह्या.

मेरो ढालतरवार षुकुरी जामादारहेरुले ल्याईहाल्याथ्या. दुस्मनले फेला पारी लैजाला. मर्नो[११] भलो थियो. मरीयेन. बावां[१२] हात मेरो साबुत छ. ढुंगाले हानुला र मलाई पनि उसले हाणी[१३] मारला भनि ४ ढुंगा साथमा राषि पुरो रात म उसै जगामा रऱ्यां.

---

१. काढि तरवारसित सोहरा लाई = नंगा तरवार हातमा लिएर गर्जी। हातमा नङ्गा तरवार लिई किल्लाबाट निस्की बलभद्रले गर्जेको कुरा अंग्रेजहरूले पनि लेखेका छन्। (बालचन्द्र शर्माको "नेपालको ऐतिहासिक रूपरेखा" का २५६-२५७ पृष्ठ हेर्नुहोस्।) २. अमृतसिंह थापा (भीमसेन थापाका भाइ) । ("जनरल भीमसेन थापा र तत्कालीन नेपाल" को ३४ पृष्ठ हेर्नुहोस्।) ३. षलंगाका = किल्लाको । ४. हरीपछेउ = शत्रुकहाँ । ५. घायेल संभार हांमै करेंगे = घाइतेहरूको सम्भार हामी नै गर्नेछौं । अंग्रेजहरू नेपालीहरूसँग हिन्दी बोली काम चलाउँथे भन्ने कुराको यताबाट अडकल हुन्छ। ६. कठा = एकट्ठा । ७. बिकट = शत्रुहरूको चाल बुझ्न राति जागा रहेको पाले । ८. उकालो चढ्दा खरखरी हिंड्न मुश्किल पर्छ, यस कारण उकालो चढ्नेहरू केही बेर हिंडी बिसाउँछन् । बिसाउनो १ उभोसम्म भनेको उकालो चढ्दा एकचोटि थकाइ मर्ने ठाउँ= सम्मको बाटो हो । ९. हतेरी = हातले डोऱ्याई ?। १०. सक्तैन = सक्दिन । ११. मर्नो = मर्नु । १२. बावां = बायाँ (देब्रे) । १३. हाणी = हानी ।

बैरि आयेन तपनि रात ब्यांहादा[1] पाष्याले फेला पार्‍या पनि दुस्मनैछेउ पुर्‍यावला. तसऽर्थ मैले जथासक्ती[2] हिंड्न्या हो भनि हिंडीञ्युं. चौथो प्रहर लागदा[3] गोपिचन्दका डांडामा पुगदा फौज गोपिचन्दको टीपामा थामियाको रहेनछ. ३ घरी दिन बांकि रहंदा[4] जामादार बांकाबीर २ तिलंगा ४ पाष्या कपतानले मेरा षोज पठायाको भेट भयो र बोकि ल्याया. चमुंवांमा काजी रणदीपसिं कपतानसंग दाषि[5] भञ्यां. भोलिबेर काजी रैवंत कंवर सामिल भया.

बैद छैन. घाईत्या सबैलाई श्रीनगर पठाउन्या हो भनि मसमेत सबै घायेत्या जना ७५ लाई श्रीनगरलाई बिदा गर्‍या र आञ्युं.

वोषती गर्दा थोरै घाह[6] हो. न्यानीका[7] होंदै[8] लस्करमा पठाउंदै गर्छौं. म पनि निको भयापछि लस्करमा जान्या काम गरुंला. भयाको बिस्तार येहि हो.

गुहारलाई पठावनुभयाको फौज आईपुग्याका भया बल पोषत[9] रहंथ्यो. किला थामन्या फौजले किला थामि अरु फौजले बैरीलाई तोप उकाल्दा रस्तामा हानि तोप उकालन दिन्या थिञ्युंन.

पाहाडका लेषाले १ पलटन भन्याको ढेरै हो. कुईन्यासंगको लडाईमा भन्या १ पलटनले किला थामि बाहीर बैडाही हान्या बल केहि नपुगन्या. तेरमा पनि तोपका छर्रा बंम्बगोला रालगोलाले मरी घायेल भै मानिस ढेरै बिगार पारिदिंदा उतरपटि पूर्वपटी दुईतर्फको पर्षाल तोपले मैदान तुल्याउंदा हाम्रा ८ तोपमध्ये १ तोप फूटेथ्यो. ३ तोप पर्षालमा राष्याकामा पर्षाल भतकदा बाहिरतिर पर्न गया. ढोकामा राष्याका तोप पनि उसैका तोपको गोलाले षलबल्यायो. अरू अजोरी[10] केही थियेन.

३ बीतामा फेरो पुग्न्या गोला षान्या[11] ३ तोप ल्याई कांडका दर्‍यासको उत्तरतरफको थुमको र बजारबाट तोप लाई[12] परषाल मैदान गराउंदा पांचको[13] चित्त षलबलिन जांदा बिगरन गयो. ३ तोप पनि सबै वांही रह्या. २।३ मूरिको अंदाजा बारुद रह्याको हुंदो हो. त्यो पनि वाँही रह्यो.[14]

---

१. रात ब्यांहादा=रात बिहाउँदा=बिहान हुँदा। २. जथासक्ती=सके जति। ३. चौथो प्रहर लागदा=दिउँसो २॥ बजे। ४. ३ घरी दिन बांकि रहँदा=दिउँसो ४ वजे। ५. दाषि=दाखिल। ६. घाह=घाउ। ७. न्यानीका=निका। ८. होंदै=हुंदै। ९. पोषत=धेरै। १० अजोरी=जोडा लाग्न नसकिने। ११. ३ बीतामा फेरो पुग्न्या गोला षान्या=३ बित्ता घेरा भएको १ बित्ता व्यास भएको गोला फ्याँक्ने। १२. तोप लाई=तोपले हानी। १३. पांचको=पञ्च भलादमीको।

१४. "वीर बलभद्र" को ५५–५६ पृष्ठमा नालापानीको किल्लामा नेपालीहरुले छोडेका हातहतियारहरूको फेहरिस्त दिइएको छ। त्यो यस प्रकारको छ—

स्वदेशी तोप तान्ने गाडा— — — ८
स्वदेशी फलाम— — — — १६५ धार्नी
स्वदेशी बन्दूक — — — ७
३ पाउको गोला हान्ने पीतलको स्वदेशी तोप— — ३
२ पाउको गोला हान्ने पीतलको स्वदेशी तोप — — १
४॥ पाउको गोला हान्ने फलामको स्वदेशी तोप — १
स्वदेशी बारुद अन्दाजी — — ४०० धार्नी

("बीर बलभद्र" मा मन सेर पाउन्ड लेखिएको छ। यहाँ तिनलाई धार्नी पाउमा परिवर्तन गरिएको छ।)

श्रीकाजि रणदीपसिंलाई चमुं वांमा राषि श्रीकाजी रैनंत कंवर श्रीकपतान बलभद्र कंवर आफ्ना साथको गोलबल लि दूनपटिमा भद्राक्षगढि र — [२] — पारि बैराटगढिलाई[१] सकस लागन्या गरी[२] जगापारि जूनपूरमा — [२] — का तीर जौंटगढिमा[३] बस्याका छन्. पश्चिमको बिस्तार श्रीबुढाकाजीबाट[४] लेषि पठावनुभयाका चिठीले मालूम होला.

हामिहरु जो घायेल भयाका जति थ्यूं. श्रीनगरमा आईपुगदा श्रीकाजी बषतबारसिंह बस्न्यात-बाट[५] बैद्य लगाई सबै वोषदी[६] दी संभार गर्नुभयाको छ. १० कम्पनि तयार गरी[७] जगा-जगामा घाटाबाटाको चौक्सी[८] राषनुभयाको रहेछ.

मेरा अर्थ २ वर्षको ढाक्या बाली नपायाको ३ जामादार ६ सीपाहि १ भान्स्या साथमा थिया. १ जामादार ३ सिपाहि किलैमा ठहरै रह्या. १ जामादार ३ सिपाहि १भान्स्या घायेल भञ्युं. साबुत आयाको पारद थापा ज्मादारै मात्रै छ.

२ भाईलाई मिलाई सर्दारी मानको पगरी भीर्कोटको कम्पनि तैनाथ गराईबक्सनुभयाको छ. म पनि आउँछु भनि भाई जसमर्दन थापाले लेष्याको चिठि आयो. आफूहरुका मेहर[९] करुणाले भाइ-बरोबर मान सर्दारी पगरी बक्सनुभयाको कृत्यकृत्य षुसी भञ्युं.

— [३] — का निमिष सिरमा राषि लाग्यापरिआयाको टहल भरसक्य गरिआयाको पनि छ. गरीन्यै पनि छ.

---

[१] कालसीभन्दा माथि, नालापानीदेखि पश्चिमपट्टि बैराटगढी छ। [२]सकस लागन्या गरी = प्रभाव पर्ने गरी। [३] जौंटगढ गढवालको ५२ गढमध्ये एक हो। जौंटगढ जौनपुरमा पर्छ। नालापानीदेखि पूर्वपट्टि जौंटगढ छ। [४]श्रीबुढाकाजीबाट = अमरसिंह थापा (बडा) बाट। [५]काजी बखतबारसिंह बस्न्यातको परिचय "पूर्णिमा" २अङ्कका ७०-७३ पृष्ठमा हेर्नुहोस्। [६] वोषदी = औषधि। [७] काजी बखतबारसिंह बस्न्यातले अंग्रेजसँग लड्न कम्पनी तयार गरेका थिए भन्ने कुरा तलको पत्रले पनि देखाउँछ—

श्रीदुर्गा

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—

आगे सुबेदार भद्रसिं. इन्द्रसिं. किस्नारान मल्ल. रणसिं थापा. रामनाथ उपाध्या. बाजकर्न थापा. लोहाजित षत्री. भीमसेन बोगटी. जगदेउ थापा. अैमान अधिकारी. रामचन्द्र षत्रीप्रति

मुलुकमा कुइन्याले हंगामा[१] गर्दा काजि बषतवारसिं बस्न्यातमार्फत सुबेदारी दर्शन गरि कम्पनि षडा गरि गौडा घाटा रोकि किल्ला बनाइ आफ्नु मजबुति गर्न्या काम बढिया गर्‍याछौ. हाम्रा काजमा मिहीनत गर्न्यालाई मरमिहनतअनसार जागिरको ठेगाना गरिबकस्यौंला. षातिर्जम्मासंग[२] काजि बषतवारसिं बस्न्यातसंग सामेल भै परिआयाको काज गर.

इति सम्वत १८७१ साल मिति माघवदि ८ रोज ५ शुभम्.[३]

("इतिहास-प्रकाश" १ अङ्क २३ पृष्ठबाट)

[८] चौकसी = होशियारी। [९] मेहर = दया।

---

[१]हंगामा = उपद्रव। [२]खातिर्जम्मासंग = विश्वासपूर्वक। [३]"माघवदि ८ रोज५" भनी छापिए तापनि पात्रोसँग मिलाई हेर्दा माघवदि ६ को दिन मात्र रोज ५ परेकोले मूल पत्रमा ६ होला कि भन्ने संम्झी यस पत्रको मिति वि. सं. १८७१ माघवदि ६ रोज ५ तदनुसार वि. सं. १८७१ माघ २२ गते निश्चय गरिएको छ।

अति सिक्षा[1] मेहर राष्दै रह्या गढिया होला.

इति सम्बत् १८७१ साल मिति पौषबदि १२ रोज १[2] मुकाम श्रीनगर शुभम्[3]

नालापानीको लडाइँमा हारी पछि हटी घाइते भई श्रीनगर आइपुगेका रिपुमर्दन थापाले आफूले लडेको लडाइँको वर्णन लेखी राजधानीमा पठाएको यस पत्रले त्यतातिरका लड़ाइँका कुराको साथसाथै त्यतातिरको युद्धमा लडिरहेका सेनापतिको अवस्थालाई पनि प्रकट गर्छ।

प्रतिवर्ष भारादारहरूको पनि पजनी भइरहने हुँदा लडाइँमा हारी फर्केको खबर राजधानी पुगी आफूउपर नेपालसरकारको कुदृष्टि पर्ला कि भन्ने डर रिपुमर्दन थापालाई थियो भन्ने कुरा यस पत्रबाट बुझिन्छ। यस कारण मैले हुन्जेल डटेर अंग्रेजसँग मुकाबिला गरेको हुँ भन्ने कुरा यस पत्रमा उनले देखाउन खोजेका छन्।

जिलेस्पी मारिएपछि अंग्रेजहरूको जोश हराएको मौकामा हाम्रो मद्तको लागि पठाइएको फौज आइपुगेको भए अंग्रेजलाई अकस्मात् हमला गरी हामी भगाउन सक्थ्यौं। त्यसपछि पनि मदतको लागि पठाइएको फौज समयमै आइपुगेको भए केहीले किल्ला थामी अरूले नालापानीमा तोप उकाल्न लागेको अंग्रेजी पल्टनमाथि हमला गरी उसलाई पहाडमा तोप उकाल्न दिने थिएनौं भनी रिपुमर्दनले यस पत्रमा लेखेका छन्।

अंग्रेजहरू ३ वटा ठूलठूला तोप र २०।२५ अरू तोप ल्याई नालापानीमा लड्न आएका थिए। हामीसँग जम्मा ८ तोप थिए भनी यस पत्रमा लेखिएको छ।

नालापानीमा नेपालले हार्नाको कारण फौज र हातहतियारको कमी हो भनी रिपुमर्दनले यस पत्रमा लेखेका छन्। हुन पनि यो कुरा सत्य हो।

जगजीत पाँडे, अमरसिंह थापाहरूलाई नेपालसरकारले लेखेको पत्र प्रकाश भएको हुँदा वि. सं १८४९ मा भएको नेपाल–चीनयुद्धसम्बन्धी विस्तृत वर्णन थाहा पाइएको थियो। यसै गरी रिपुमर्दनले राजधानीमा पठाएको यो पत्रप्रकाशमा आउनाले नालापानीको युद्धलाई नेपाली दृष्टिबाट बुझ्न मदत दिनेछ भन्ने कुरा स्पष्ट छ।

---

१. सिक्षा = शिक्षा। २. यस पत्रमा "इति सम्बत् १८७१ साल मिति पौषबदि १२ रोज १" लेखिएको छ। परन्तु वि. सं. १८७१ को पात्रो हेर्दा भने पौषवदि १३ को दिन रोज १ पर्छ। यस कारण यो पत्र पौषवदि १३ रोज १ का दिन लेखिएको देखिन्छ। तदनुसार वि. सं. १८७१ पौष २७ गते यो पत्र लेखिएको ठहर्छ।

३. संशोधनमण्डललाई वीरपुस्तकालय राष्ट्रियपुस्तकालयमा रहेका लेखहरू निःशुल्क सार्न दिनू भन्ने कागत श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्व–विभागबाट वि. सं. २०२०।१२।१७ मा आएपछि हामीले वीरपुस्तकालय राष्ट्रिय पुस्तकालयमा गई आफूलाई चाहिने लेख सार्ने सुबिधा पायौं। यही सुबिधा पाइएकोले वीरपुस्तकालयमा रहेका चिठीपत्रहरू पनि हामीले हेर्‍यौं। नालापानीतिरको लड़ाइँको घटना लेखिएका यहाँ प्रकाश गरिएका ३ पत्र त्यहाँ देखेर हामीले सारेर ल्यायौं। सो पुस्तकालयका अध्यक्ष पं. बुद्धिसागर पराजुली तथा पुस्तकालयका अरू कर्मचारीहरूका सौजन्यपूर्ण व्यवहारले गर्दा हामीलाई वीरपुस्तकालयमा पढ्न निकै सुबिधा भएको छ।

# पृथ्वीपति शाहका समयका निश्चित संवत् र तिथिमितिहरू

—देवीप्रसाद भण्डारी

वि. सं. १७३४ पौष १६ गते शनैश्चरवारका दिन पृथ्वीपति शाहबाट ज्योतिषी विश्वेश्वरद्वारा लेखाइएको "बृहत्संहिता" सम्पूर्ण भयो ।

"श्रीशाके नवनंदबाणहिमगौ पौषे शनौ तोयभे
श्रीपृथ्वीपतिसाहभूपनृपतौ गोर्षाचलं शासति ।
वाराहीमलिखद् यथाप्रति शुभामेतां महासंहितां
श्रीविश्वेश्वरदैवविन्नरपतेराज्ञामवाप्योज्ज्वलां ॥ "

(दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको संग्रहमा रहेको बृहत्संहिताको अन्तिम पृष्ठबाट । यो पुस्तक मोहननाथ पाँडेको पुर्खौंली संग्रहको हो ।)

[ शकसंवत् १५६६ (वि. सं. १७३४) पौष महीना शनैश्चरवार पूर्वाषाढा नक्षत्रमा राजा पृथ्वीपति शाहले गोरखामा राज्य गरिरहनुभएको वेलामा राजाको आज्ञाअनुसार ज्योतिषी विश्वेश्वरले वराहमिहिरले बनाएको यो ठूलो संहिता (बृहत्संहिता) लाई मूल प्रतिअनुसार लेखे ।]

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ —

विक्रमसंवत् १७३४ शकसंवत् १५६६ पौषशुक्ल

| वार | तिथि | घडी | नक्षत्र | घडी | |
|---|---|---|---|---|---|
| शनि | प्रतिपदा | १७ | पूर्वाषाढा | १५ | पौष १६ गते |

( पात्रोबाट )

+ + +

वि. सं. १७३५ आश्विन १५ गते आदित्यवारका दिन पृथ्वीपति शाहले काठमाडौंका राजा नृपेन्द्र मल्लसँग मोहनचोकमा भेट गरी मीत लाए।

" सम्वत् ७९८ आश्विनशुक्ल दशमी । आदित्यवार ...थ्व कुन्हु चारण याय धुनकाओ मोहनचुकस श्रीश्रीजयनृपेन्द्र मल्ल महाराजा ओ गोरखाया प्रिथिपति साहि ओ मित्रसंबन्ध याङा त्वाच चिनका यँरया खप्या प्रमाणपनि दयकाओ त्वाच चिनका जुरो । "

( थ्यासफुबाट )

[ ने. सं. ७९८ (वि. सं. १७३५) आश्विनशुक्ल दशमी आदित्यवार... यस दिन चालन (खड्ग-चालन आदि विधान) सिद्ध्याइसकेपछि मोहनचोकमा श्रीश्रीजयनृपेन्द्र मल्ल महाराज र गोरखाका पृथ्वीपति शाहले ललितपुरका र भक्तपुरका समेत भारादारहरूको समक्ष मीत लाइयो । ]

( त्रिरत्न–सौन्दर्य–गाथा ६१ पृष्ठको टिप्पणीबाट )

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

विक्रमसंवत् १७३५ ने. सं. ७९८ आश्विनशुक्ल

| वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|
| आदित्य | दशमी | ५२ | ५९ | आश्विन १५ गते |

\+ \+ \+

**वि. सं. १७३७ आषाढ ६ गते शनैश्चरवारका दिन पृथ्वीपति शाहले गोरखा पोखरीथोकमा शिवालयअगाडि खम्बा खडा गरी आफ्नो सालिक स्थापना गरे।**

"थिन राजाले (पृथ्वीपति शाहले ) पोखरीथोकका शिवालयअगाडि आफ्नो मूर्ति सुनको बनाई खम्बा खडा गऱ्या । त्यस खम्बामा लेख्याको —

"श्रीविश्वेश्वरो जयति ॥ श्रीशाके १६०२ मासे ३ स्वस्ति श्री॥

उत्तराशासुनासीरो गोर्षाचलसुधानिधिः ।
पृथ्वीपतिर्विजयतां स्तंभारूढः शिवं भजन ॥१॥
पृथ्वीपतिर्जयति भक्तिमदद्वितीयःस्तंभं महान्तमधिरुह्य निरातपत्रः।
बद्धाञ्जलिः सविनयो निभृतेन्द्रियात्मा यः सेवते प्रतिमयापि महेश्वरांघ्रिं ॥२॥
श्रीशाकेद्विवियद्रसावनिमिते स्वब्दे प्रमोदेयने
सौम्ये ग्रीष्मशुचौ तमःफणितिथौ द्वंद्वार्क ऋक्षे वसौ ॥
श्रीपृथ्वीपतिभूभुजा पुरवरे गोर्षापुरे पुष्करे
भक्त्याधायि निजाकृतिः शिवपुरः सद्भोगमोक्षार्थिना ॥३॥
गोर्षाधीशमहाराजपृथ्वीपतिनृपाज्ञया।
वीरेश्वरेण विदुषा प्रसस्ती रचिता शुभा ॥४॥ शुभं ॥

(भाषावंशावलीबाट । इतिहास-प्रकाश १ अङ्कको ४०
पृष्ठमा पनि संपूर्ण यो अभिलेख प्रकाशित भएको छ ।)

[श्रीविश्वनाथ ठूला हुनुहुन्छ ॥ श्रीशकसंवत् १६०२ (विक्रमसंवत् १७३७) आषाढ महीनामा॥ कल्याण होस् ॥ उत्तर दिशाका इन्द्र जस्ता, गोरखाका चन्द्रमा जस्ता ( गोरखाका महाराज ) खम्बामा चढेर शिवजीको भजन गरिरहेका पृथ्वीपति शाहको जय होस् ॥१॥

भक्तहरूमध्ये अद्वितीय भएका, अग्लो खम्बामा चढेर छाता नओढी विनयपूर्वक हात जोडि रहेका, इन्द्रिय र मनलाई आफ्नो वशमा पारेका श्रीपृथ्वीपति शाह ठूला हुनुहुन्छ। जुन महाराज प्रतिमा ( सालिक )द्वारा पनि श्रीमहादेवका दुइ पाउको सेवा गर्नु हुन्छ ॥२॥

श्रीशकसंबत् १६०२ ( विक्रमसंबत् १७३७ ) प्रमोदसंवत्सरमा, उतरायण ग्रीष्म ऋतुमा, आषाढकृष्ण पञ्चमी धनिष्ठा नक्षत्र (सोमवार ) मा, मिथुन राशिमा सूर्य भएका वेलामा असल गोरखा शहरको पोखरीथोकमा सुख भोग र मोक्षको इच्छा लिने भएका महाराज पृथ्वीपति शाहले

भक्तिपूर्वक शिवजीको अगाडि आफ्नो सालिक स्थापना गर्नुभयो ॥३॥

गोरखाका महाराज पृथ्वीपति शाहका आज्ञाले विद्वान् वीरेश्वरले यो उत्तम प्रशस्ति बनाएका हुन् । ॥४॥ कल्याण होस् ।]

यसमा दिइएको संवत्सर र तिथिवारादिको गणना गर्दा आएको पञ्चाङ्ग तथा संवत्सर यस प्रकारको छ—

विक्रमसंवत् १७३७ शकसंवत् १६०२ आषाढकृष्ण अमान्तमानले ज्येष्ठकृष्ण

| वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | |
|---|---|---|---|---|---|---|---|
| सोम | पञ्चमी | १८ | ३६ | धनिष्ठा | १३ | २३ | आषाढ ६ गते |

यस वर्ष तेस्रो शुक्ल संवत्सर गएको र चौथो प्रमोद संवत्सर लागेको छ। त्यसको भुक्त मासादि ०।१३।४०।४८ भोग्य मासादि ११।१६।१६।१२ हुन्छ।

\+ \+ \+

**वि. सं. १७३८ मा पृथ्वीपति शाहको राज्यकालमा आश्विनमा अधिकमास पर्‍यो। मार्गको क्षय भयो। त्यस कारण भदौमा सोह्रश्राद्ध र कार्तिकमा दसैं भएको थियो।**

"श्रीपृथ्वीपतिसाहदेवनृपतौ शैलावनिं शासति
शाके व्यभ्रनृपैर्मितेऽधिक इषो मार्गक्षयश्चाभवत् ।
स्त्रीयक्षेत्रगतेऽथ सप्ततुरगे पित्र्यं कृतं कर्म तत्
स्वीयं नीचमुपाश्रिते दिनमणौ दुर्गोत्सवोऽभूत् तदा ॥"

(परिमाणकल्पको मुखपृष्ठमा लेखिएको श्लोक)

[राजा पृथ्वीपति शाहको पालामा शकसंवत् १६०३ (विक्रमसंवत् १७३८) मा आश्विन महीनामा अधिकमास पर्‍यो, मार्गको क्षय भयो, सिंह राशिमा सूर्य बसेको वेलामा (भदौ महीनामा) पितृकर्म (सोह्रश्राद्ध) भयो, तुला राशिमा सूर्य बसेको वेलामा (कार्तिक महीनामा) दुर्गोत्सव (दसैं) भयो।]

(विद्यारत्न १५ संख्याको ४३ पृष्ठबाट)

"सं. ८०२ मार्गशिरकृष्णः ॥ चतुर्दशी कुन्हु बालाचतुर्दशी याङा जुरो ॥ थ्वगुलि दॅन आश्विन व चैत्र ओ मरमास जुयाव आश्विन नष्टमास मयाङा। कार्तिकन महनि याङा जुरोम् वाराणसिसं तिरहुतिसं राजपुरस पर्व्वत सकलभनं आश्विन महनि याकजु॥ खप्वया यँया यँरया गोरखाया थ्वलेस जुको कार्तिक महनि याङा जुरो ॥"

(ठ्यासफुबाट)

[ने. सं. ८०२ (विक्रमसंवत् १७३८) मार्गकृष्ण चतुर्दशीमा बालाचतुर्दशी मनाइयो। यो वर्ष आश्विन र चैतमा अधिकमास परेका हुनाले आश्विन नष्ट नगरी (नबिगारी =नबढाई) चैत्रलाई मात्र मलमास गरियो (महीना बढाइयो)। कार्तिकमा दसैं गरियो। काशी, तिरहुत,

राजपुर, पर्वत आदि सबै ठाउँमा आश्विनमा दसैं भयो । भादगाउँ, काठमाडौं, पाटन, गोरखामा चाहिं कार्तिकमा दसैं गरियो । ]

( विद्यारत्न १५ संख्या ४३–४४ पृष्ठबाट )

+ + +

**वि. सं. १७३६ मार्ग १४ गते मङ्गलवारका दिन गोरखाली आदि मकवानपुरको सहायताको निमित्त लडाइँमा गएका थिए ।**

" सम्वत् ८०३ कार्तिककृष्ण : दशमी हस्त नक्षेत्र अङ्गारवार थ्व कुन्हुया वेला घटि ६ वेङाव घटि १० थ्वतेनन्हा बिष्टिसंखिबक्तान दिन बियात (?) मुकानपुलि हथार न्ह्याङा। यँया, यरया, खप्वया, गोरखारि, लन्त्रजुङ्या थ्वतेया राजा मुङाव हथार वङ जुरो ।। "

( ठ्यासफुबाट )

[ ने. सं. ८०३ (विक्रमसंवत् १७३६) कार्तिककृष्ण दशमी हस्त नक्षत्र मङ्गलवारका दिन ६ घडीदेखि १० घडीभित्र (को साइतमा) मकवानपुरमा लडाइं गर्न गए। बिष्टिसंखिवबक्ता (?) ले आक्रमण गरेकोले [?], कान्तिपुर, ललितपुर, भक्तपुर, गोरखा, लमजुङका राजाहरू मिली लडाइंमा गए। ]

( त्रिरत्नसौन्दर्यगाथाको ६३ पृष्ठको टिप्पणीबाट )

यहाँ दिइएका तिथिमितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

विक्रमसंवत् १७३६ ने. सं. ८०३ कार्तिककृष्ण ( पूर्णान्तमानले मार्गकृष्ण )

| वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | |
|---|---|---|---|---|---|---|---|
| मङ्गल | दशमी | १६ | १६ | उत्तरफाल्गुनी | ७ | १ | मार्ग १४ गते |

+ + +

**वि. सं. १७३६ फागुन २४ गते मङ्गलवारका दिन गोरखाली आदिले शत्रुलाई मकवानपुरबाट हटाई।**

" संवत् ८०३ फाल्गुणशुक्ल ।। चतुर्थी प्र पञ्चमी भरणी नक्षेत्र अङ्गारवार कुन्हुया रात्रीस मुकानपुलिं चार दिन ।। "

( ठ्यासफुबाट )

[ ने. सं. ८०३ (विक्रमसंवत् १७३६) फाल्गुनशुक्ल चतुर्थीउप्रान्त पञ्चमी भरणी नक्षत्र मङ्गलवारका दिन राति मकवानपुरबाट (शत्रु हटाई) बाटो खुलाए ।]

( त्रिरत्नसौन्दर्यगाथाको ६३ पृष्ठको टिप्पणीबाट )

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

विक्रमसंवत् १७३६ ने. सं. ८०३ फाल्गुनशुक्ल

| वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | |
|---|---|---|---|---|---|---|---|
| मङ्गल | चतुर्थी | ३८ | ३७ | अश्विनी | ४७ | २० | फागुन २४ गते |

+ + +

वि.सं. १७४२ माघ ८ गते बुधवारका दिन पृथ्वीपति शाहले काठमाडौंका राजा पार्थिवेन्द्र मल्ल र भक्तपुरका राजा जितामित्र मल्लसंग मोहनचोकमा भेट गरे।

"सं. ८०६ पौषकृष्ण सप्तमी बुधवार थ्व कुन्हु श्रीश्रीपार्थिवेन्द्र मल्ल खप्वया श्रीश्रीजयजितामित्र मल्ल नेह्म फुकिजं गोरखाया राजा पृथिपति साहि मोहनचुकस भेत जुव एलंयाकात"।

(थ्यासफुबाट)

[ने. सं. ८०६ (विक्रमसंवत् १७४२) पौषकृष्ण सप्तमी बुधवारका दिन श्रीश्रीपार्थिवेन्द्र मल्ल र भक्तपुरका श्रीश्रीजयजितामित्र मल्ल दुवै दाजुभाइले गोरखाका राजा पृथ्वीपति शाहसँग मोहनचोकमा भेट गरे। ललितपुर एक्लै पर्‍यो।

(त्रिरत्नसौन्दर्यगाथाको, ६१ पृष्ठको टिप्पणीबाट)

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

विक्रमसंवत् १७४२ ने. सं. ८०६ पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण)

| वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|
| बुध | सप्तमी | ४६ | ४७ | } माघ ८ गते |

\+ \+ \+

वि. सं. १७५८ मा गोरखा, ललितपुर, भक्तपुर, मकवानपुर, उपाध्या यी ५ देशका राजाहरूले एकानि शत्रु एकानि मित्र गरी सन्धि गरे

"... श्रीश्रीजयभूपतीन्द्र मल्लदेवस्त... श्रीश्रीवीरजययोगनरेन्द्र मल्लदेवसन तावापत्र चोस्यं प्रसन्न जुयास भाषा, थ्वते भाखा यल, खपो, गोर्षा, मोकांपुर, उपाध्या थ्व ङाम्ह संगुतान एकान मित्र एकान शत्रु याङाव चोस्यं तया भाषा, यलन खपो वःविनासाहुतिन यंव बोलय यातसा मोहोर टंका पियदोल ४०००० खपो गोर्षा मोकांपुर उपाध्या थ्व पेह्मस्यन यलस छेकय याङाओ कायजुरो। ...सम्वत् ८२२ मार्गशिरकृष्णनवम्यानतिथौ।"

(भक्तपुर मूलचोकको ताम्रपत्रबाट)

[श्रीश्रीजयभूपतीन्द्र मल्लदेवलाई श्रीश्रीवीरजययोगनरेन्द्र मल्लदेवले प्रसन्नतापूर्वक लेखि दिएको ताम्रपत्रको बेहोरा यस प्रकारको छ— ललितपुर, भक्तपुर, गोरखा, मकवानपुर, उपाध्या(?) यी ५ छिमेकी मित्र राज्यहरूले एकानि मित्र एकानि शत्रु गरी लेखिएको बेहोरा -

ललितपुरले भक्तपुरको सल्लाह नलिईकन कान्तिपुरसंग गुहार माग्यो भने ४०००० चालीस हजार रुपियाँ भक्तपुर, गोरखा, मकवानपुर, उपाध्या यी चार देशका राजाहरूले ललितपुरलाई अँठ्याई लिनू। ... ने. सं. ८२२ (विक्रमसंवत् १७५८) मार्गकृष्ण नवमी।]

(ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको ४०-४२ पृष्ठबाट)

\+ \+ \+

कृष्ण शाहको पालामा व्यास उपाध्यायलाई गरिदिएको ३२०/ रुपियाँको पुरानो स्याहामोहर वि. सं. १७७२ मा पृथ्वीपति शाहले फेरिदिए।

श्रीदुर्गा
भवानी

"(१) स्वस्तिश्रीगिरिराजचक्रचूडामनिनरना·
(२) रायनेत्यादिविविधविरुदावलिविरा-
(३) जमानमानोन्नतमहाराजाधिराजश्री-
(४) श्रीमत्पृथ्विपतिसाहदेवानां सदा स-
(५) मरविजइनां— — — —
(६) आगे व्यास उपाध्याक लिहल रुपै-
(७) या ३२०/ अछरेपि तिन सय बिस भा-
(८) षा सवाइ कृष्ण साहिका समयको पुरानु मो-
(९) होर थियो र फेरिदियाको हो. संव-
(१०) त् १७७२ भाद्रशुदि १० शुभं-

(यो पत्र ऐतिहासिक पत्रसंग्रहको दोस्रो भागको ५० पृष्ठमा प्रकाश भएको छ। )

\+ + +

वि. सं. १७७३ मा पृथ्वीपति शाहले मानिक घलेलाई अजितगढको जागिर दिए।

( श्रीदुर्गा सहायः १ )

" स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतमहाराजाधिराजश्रीश्रीमत्पृथ्विपतिसाहदेवानां सदा समरविजइनां
आगे मानिक घलेके अजित्गढ जागिर दिहल इति संवत् १७७३ शुभम्।"

(योगी नरहरिनाथ र कृष्णबहादुर गुरुङ्गद्वारा सम्पादितश्रीगुरुङ्गमगरवंशावलीको ५८ पृष्ठबाट।)

\+ + +

—०—

# दलजित् शाहको धर्मपत्र र त्यसको ऐतिहासिक व्याख्या

—दिनेशराज पन्त

श्री ५ दुर्गासहायः

१. स्वस्ति श्रीश्रीश्रीमहाराजा रणबहादुर्साहका र श्रीश्रीश्रीमहारानि रा-

२. जेंद्रलक्ष्मीदेविका हजूर. स्वस्ति श्रीदलजित साहले धर्मपत्र ले-

३. षि चह्राञाँ.........निमष् षान्ज्या यस् मूलुक्मांहां

४. बसंज्या दगाबाजि÷गरुँ त अबउप्रांत सुन्याको कुरा दबावनमा-

५. हा पसौ त श्री ५ पसूपति श्री ५ गुह्येश्वरि को कुदृष्टी. कुरा द-
बावनमांहां नपसौं

६. त दगाबाजि नगरुँ त श्री ५ पसूपति श्री ५ गुह्येश्वरि को सुदृष्टि.
ईति सम्बत् १८४१

७. साल मिति कार्तिकवदि १४ रोज ४ सुभम् "" "" "" ×

व्याख्या—

यो धर्मपत्र वि. सं. १८४१ मा पृथ्वीनारायण शाहका काहिंला भाइ दलजित् शाहले रणबहादुर शाह र राजेन्द्रलक्ष्मीलाई गरिदिएको हो। अबदेखि निमकको सोझो गर्नेछु, दगा गर्नेछैन, कसैले गुप्त कुरा गरी दाउपेच गरेको कुरा थाहा पाएँ भने जाहेर गर्नेछु भन्ने कुरा यस धर्मपत्रमा परेको छ। दलजित् शाहले नाती पर्ने रणबहादुर शाह र बुहारी पर्ने राजेन्द्रलक्ष्मीलाई यस्तो बेहोराको धर्मपत्र किन कुन अवस्थामा लेखिदिनु आवश्यक पर्‍यो भन्ने कुरा बुझ्नाको लागि यसभन्दा केही पहिलेदेखिका केही घटनामा विचार गर्नु आवश्यक छ।

पृथ्वीनारायण शाहको विजययात्रामा उनका भाइहरूले पनि सहायता गरेका थिए। परन्तु पछि आफूले मागेको कुरा (राज्य) नपाउँदा उनका भाइहरू पृथ्वीनारायणसंग झोकि-

÷ दगाबाजि = धोका दिने काम।

× यो पत्रको सक्कल मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहमा छ।

एका थिए, र राजधानीबाट बाहिरतिर यताउति गई बसेका थिए । पृथ्वीनारायण शाहका माहिला भाइ महोद्दामकीर्ति शाहले त तराईतिर विद्रोह मच्चाउन खोजेका र कास्की राज्यसित मिलेर पनि आफ्नो स्वार्थसिद्धि गर्न खोजेका थिए भन्ने कुरा तात्कालिक पत्रबाट देखिएको छ+ ।

वि. सं. १८३१मा पृथ्वीनारायण शाहको मृत्यु भएपछि उनका जेठा छोरा प्रतापसिंह राजगद्दीमा बसेका थिए । वि. सं. १८३४ मा छब्बीस वर्षको उमेरमा प्रतापसिंहको मृत्यु हुँदा उनका छोरा रणबहादुरको उमेर अढाई वर्षको थियो । अढाई वर्षको मानिसले राजकाज चलाउनु संभव कुरो थिएन। यस कारण त्यस वेला राजाको नामबाट अरू मानिसले काम चलाउनुपर्ने अवस्था आयो । त्यसैले त्यसताका राज्याधिकार आफ्नो हातमा पार्ने कुरामा प्रतापसिंहकी महारानी राजेन्द्रलक्ष्मी र प्रतापसिंहका भाइ बहादुर शाहको दाउपेच चल्यो । त्यो दाउपेचमा जसको पक्ष बलियो हुन्थ्यो, उसको हातमा राज्यशक्ति जान्थ्यो ।

यस पत्रबाट वि. सं. १८४१ कार्तिकमा शासनको बागडोर राजेन्द्रलक्ष्मीको हातमा भइरहेको र दलजित् शाहलाई अबउप्रान्त दगा गर्नेछैन आदि कुराको धर्मपत्र गराई राजेन्द्र-लक्ष्मीले आफ्नो पक्ष मजबूत पार्न कोशिश गरेको बुझिन्छ ।

यसताकाका प्रामाणिक कागतपत्रहरू प्रकाशमाकम आएका छन् । चलतीका भाषावंशावली-हरूमा पनि यसताकाका घटनाहरूको उल्लेख ठीक ठीक रूपमा परेको छैन । यस कारण यस वेलाको इतिहास तयार गर्न यस्तै प्रामाणिक कागतपत्रहरू खोजी खोजी प्रकाशमा ल्याउनु आवश्यक छ भन्ने कुरा स्पष्ट छ ।

—०—

+ "'ऐतिहासिक-पत्रसंग्रह (दोस्रो भाग)" को ८६-९० पृष्ठ हेर्नुहोस् ।

# त्रिकोणमिति (ज्योत्पत्ति)

[ क्रमागत ]


## पहिलो अध्याय

—नयराज पन्त

१४ प्रक्रम —

माथि ३ प्रक्रमको (२)मा "चापको एक प्रान्तबाट व्यासरेखा हली त्यसको उपरमा अर्को प्रान्तबाट गरेको लम्बरेखालाई त्यस चापको ज्या भन्दछन् ।" (४) मा "ज्याको मूल र केन्द्रको अन्तरलाई त्यस चापको कोटिज्या भन्दछन्" भनी लेखिएको छ। १२ प्रक्रममा चाहिं "पू च चापको ज्या चक तथा अ के दुवै हुन्छ, पू च चापको कोटिज्याचाहिं क के तथा च अ दुवै हुन्छ" भनी सिद्ध गरिएको छ। यताबाट चापको एक प्रान्तबाट पूर्वापरव्यास हाली सो व्यासको उपरमा लम्बरूप भएको याम्योत्तरव्यास हाल्नू र सो याम्योत्तरव्यासको उपरमा चापको अर्को प्रान्तबाट गरेको लम्ब सो चापको कोटिज्या हुन्छ तथा कोटिज्याको मूलबाट केन्द्रसम्म रहेको याम्योत्तरव्यासको टुक्रो सो चापको ज्या हुन्छ भन्ने पनि सिद्ध हुन्छ ।

जस्तै—पू च चाप छ। पू प पूर्वापरव्यास तथा उ द याम्योत्तरव्यास छन्। पू च चापको च प्रान्तबिन्दुबाट उ द याम्योत्तरव्यासमा गरेको लम्ब च अ सो पू च चापको कोटिज्या र अ के चाहिं सो पू च चापको ज्या हुन्छ ।




[ १३ चित्र ]

चापस्यान्यप्रान्ततः पात्यमानो लम्बो व्यासे याम्यसौम्याभिधाने ।
कोटिज्या स्यात् केन्द्रबिन्दुं च यावत् कोटिज्याया मूलतः शिञ्जिनी वा ॥१६॥

[ याम्योत्तरव्यासमा चापको अर्को प्रान्तबाट गरेको लम्ब सो चापको कोटिज्या हुन्छ। कोटिज्याको मूलबाट केन्द्रसम्म सो चापको ज्या रहेको हुन्छ भने पनि हुन्छ। ]

१५ प्रक्रम—

कोटिज्याको मूल बिन्दुबाट पहिलो पदको अन्त्य बिन्दुसम्म रहेको याम्योत्तरव्यासको टुक्रोलाई त्यस चापको कोत्क्रमज्या भन्दछन् ।

जस्तै—पू च चापको कोटिज्या च अ हुन्छ भनी गएको प्रक्रममा लेखिएको छ। यो च अ कोटिज्याको मूल अ बिन्दु छ। सो अ बिन्दुदेखि पहिलो पदको अन्त्य बिन्दु ( उ बिन्दु ) सम्म रहेको याम्योत्तरव्यासको टुक्रो अ उ रेखा पू च चापको कोट्युत्क्रमज्या हुन्छ।

त्रिज्याबाट ज्या घटाइदियो भने कोट्युत्क्रमज्या बाँकी रहन्छ।

पू च चापको कोट्युत्क्रमज्या=अ उ=उ के-अ के=त्रिज्या-पू च चापको ज्या

कोज्यामूलात् प्राक्पदस्यान्त्यबिन्दुं यावत् स्यात् तच्चापकोट्युत्क्रमज्या।
त्रिज्यामानं जीवया हीयमानं सिद्ध्येत् कोटिव्यस्तमौर्वीप्रमाणम् ॥१७॥

[कोटिज्याको मूल बिन्दुबाट पहिलो पदको अन्त्य बिन्दुसम्म रहेको रेखा (याम्योत्तरव्यासको टुक्रो) इष्ट चापको कोट्युत्क्रमज्या हुन्छ।

त्रिज्याबाट ज्या घटायो भने कोट्युत्क्रमज्या आउँछ। ]

उदाहरण—१२० त्रिज्या २ उत्क्रमज्या भए कोट्युत्क्रमज्या कति होला ?

कोटिज्या=त्रि—उत्क्रमज्या

=१२०—२=११८

ज्या= $\sqrt{\text{त्रि}^2 - \text{कोटिज्या}^2}$

$= \sqrt{(१२०)^2-(११८)^2} = \sqrt{४७६} = २१\cdot८१७$

∴ कोट्युत्क्रमज्या=त्रि–ज्या

=१२०-२१·८१७=९८·१८३

## ११–प्रश्नमाला

(१) १ त्रिज्या $\frac{३}{५}$ ज्या भए कोट्युत्क्रमज्या कति होला ?

(२) २४ त्रिज्या ९ ज्या भए कोट्युत्क्रमज्या कति होला ?

(३) ३२७० त्रिज्या ६० ज्या भए कोट्युत्क्रमज्या कति होला ?

(४) १२० त्रिज्या ४१ कोटिज्या भए कोट्युत्क्रमज्या कति होला ?

(५) ३४३८ त्रिज्या ४४९ कोटिज्या भए कोट्युत्क्रमज्या कति होला ?

(६) ३४३८ त्रिज्या २२६७ कोटिज्या भए कोट्युत्क्रमज्या कति होला ?

(७) ६० त्रिज्या ३० उत्क्रमज्या भए कोट्युत्क्रमज्या कति होला ?

(८) १२० त्रिज्या ७ उत्क्रमज्या भए कोट्युत्क्रमज्या कति होला ?

(९) १२० त्रिज्या १६ कोट्युत्क्रमज्या भए कोटिज्या कति होला ?

(१०) ३४३८ त्रिज्या १७१९ कोट्युत्क्रमज्या भए कोटिज्या कति होला ?

## उत्तर

[१] $\frac{१}{५}$ । [२] १५ [३] ३२१० [४] ७·२२?


[५] २९·४४६ [६] ८·१३·३२३ [७] ८·०३८ [८] ७९·६१४

[९] ५९·८६७ [१०] २९७७·३९५

१६ प्रक्रम—

चापको अर्को प्रान्तबाट (ज्याको शीर्षबिन्दुबाट) पहिलो पदको अन्त्य बिन्दुसम्म जाने वृत्तभित्र रहने रेखालाई त्यस चापको कोटिपूर्णज्या भन्दछन् ।

जस्तै— पू च चाप छ । यसका ज्या च क वा अ के, कोटिज्या के क वा अ च, उत्क्रमज्या क पू, कोत्क्रमज्या अ उ तथा पूर्णज्या पू च रेखा छन् । चापको पहिलो प्रान्त ( व्यासरेखा गरेको प्रान्त) पू हो । चापको अर्को प्रान्त ( च क ज्याको शीर्षबिन्दु) च हो । सो च बिन्दुबाट पहिलो पदको अन्त्य बिन्दु उ सम्म गरेको च उ रेखा पू च चापको, कोटिपूर्णज्या' हुन्छ ।




[ १४ चित्र ]

निर्गच्छन्ती कार्मुकस्यापरस्मात् प्रान्तात् प्राप्ता प्राक्पदस्यान्त्यबिन्दुम् ।
वृत्तान्तःस्था रेखिका या भवेत् सा कोटीपूर्णज्या भवेत् धन्वनोऽस्य ॥१८॥

[ चापको अर्को प्रान्तबाट पहिलो पदको अन्त्य बिन्दुसम्म जाने वृत्तभित्र रहने रेखालाई त्यस चापको 'कोटिपूर्णज्या' भन्दछन् । ]

## कोटिपूर्णज्या ल्याउने रीति

१४ चित्रमा अ च कोटिज्या, अ उ कोत्क्रमज्या तथा च उ कोटिपूर्णज्या छन् ।

च उ रेखाको वर्ग $=$ अच$^2$ $+$ अ उ$^2$

$\therefore$ कोटिपूर्णज्या$^2$ $=$ कोटिज्या$^2$ $+$ कोत्क्रमज्या$^2$

कोटिपूर्णज्या $= \sqrt{\text{कोटिज्या}^2 + \text{कोत्क्रमज्या}^2}$

यताबाट कोटिज्या र कोत्क्रमज्याको वर्गयोगको मूल कोटिपूर्णज्या हुन्छ भन्ने सिद्ध हुन्छ ।

कोटिज्यायामात्मना संगुणायां योज्या स्वघ्नी कोटिजातोत्क्रमज्या ।
अस्या युत्या आनयेद् वर्गमूलं सिद्ध्येत् कोटीपूर्णजीवाप्रमाणम् ॥१९॥

[कोटिज्याको वर्गमा कोत्क्रमज्याको वर्ग जोडी योगको मूल गर्नू, कोटिपूर्णज्या हुन्छ । ]

## १२—प्रश्नमाला

(१) ४ कोटिज्या ३ कोत्क्रमज्या भए कोटिपूर्णज्या कति होला ?

(२) ४१ कोटिज्या ७ कोत्क्रमज्या भए कोटिपूर्णज्या कति होला ?

(३) १३० कोटिज्या ७५ कोत्क्रमज्या भए कोटिपूर्णज्या कति होला ?

(४) १२० त्रिज्या १०४ कोटिज्या भए कोटिपूर्णज्या कति होला ?
(५) १५० त्रिज्या १४९ कोटिज्या भए कोटिपूर्णज्या कति होला ?
(६) $\frac{१}{२}$ ज्या $\frac{\sqrt{३}}{२}$ कोटिज्या भए कोटिपूर्णज्या कति होला ?
(७) ६० ज्या १२० कोटिज्या भए कोटिपूर्णज्या कति होला ?
(८) ३४३८ त्रिज्या १७१९ कोट्युत्क्रमज्या भए कोटिपूर्णज्या कति होला ?
(९) १०४ ज्या १६ कोट्युत्क्रमज्या भए कोटिपूर्णज्या कति होला ?
(१०) १३० कोटिज्या २० उत्क्रमज्या भए कोटिपूर्णज्या कति होला ?


## उत्तर

| | | |
|---|---|---|
| (१) ५ | (२) ४१·५६३ | (३) १५०·०८३ |
| (४) १२०·१३३ | (५) १८२·६७१ | (६) १ |
| (७) १३४·१६४ | (८) ३४३८ | (९) ६१·६६८ |
| (१०) १५०·१६७ | | |

१७ प्रक्रम—

अभीष्ट चापको ज्या र उत्क्रमज्या थाहा पाई त्यस चापको आधा चापको ज्या ल्याउने रीति।

पू क च चापको ज्या च अ तथा उत्क्रमज्या अ पू थाहा पाई पू क च चापको आधा पू क चापको ज्या थाहा पाउनुपरेको छ।




[ १५ चित्र ]

$$\text{पू च पूर्णज्या} = \sqrt{\text{च अ}^२ + \text{अ पू}^२}$$

$$= \sqrt{\text{ज्या}^२ + \text{उत्क्रमज्या}^२}$$

$$\therefore \text{पू क चापको ज्या} = \text{पू ग}$$

$$= \text{पू च पूर्णज्याको आधा}$$

[१० प्रक्रमबाट]

$$= \frac{\sqrt{\text{ज्या}^२ + \text{उत्क्रमज्या}^२}}{२}$$

$\therefore$ इष्ट चापको आधा चापको ज्या

$$= \frac{\sqrt{(\text{इष्ट चापको ज्या})^२ + (\text{इष्ट चापको उत्क्रमज्या})^२}}{२}$$

क्रमोत्क्रमज्याकृतियोगमूलाद्
दलं तदर्धांशकशिञ्जिनी स्यात् ॥१६३॥

(सिद्धान्तशिरोमणि छेद्यकाधिकार ४ श्लोक)

[इष्ट अंशको ज्या र उत्क्रमज्याको वर्गयोगको मूलको आधा गर्नू, इष्ट अंशको आधाको ज्या हुन्छ।]

उदाहरण—३० अंशको ज्या १७१९ भए १५ अंशको ज्या कति होला ?

$\text{त्रिज्या} = \text{३०°को ज्या} \times \text{२} = \text{१७१९} \times \text{२} = \text{३४३८}$

$\therefore$ ३०° को कोटिज्या $= \sqrt{\text{त्रि}^{\text{२}} - \text{३०° को ज्या}^{\text{२}}}$

$$= \sqrt{(\text{३४३८})^{\text{२}} - (\text{१७१९})^{\text{२}}}$$

$$= \sqrt{\text{११८१९८४४} - \text{२९५४९६१}}$$

$$= \sqrt{\text{८८६४८८३}}$$

$$= \text{२९७७.३९५}$$

३०° को उत्क्रमज्या $= \text{३४३८} - \text{२९७७.३९५} = \text{४६०.६०५}$

$$\therefore \text{१५° को ज्या} = \frac{\sqrt{(\text{३०° को ज्या})^{\text{२}} + (\text{३०° को उत्क्रमज्या})^{\text{२}}}}{\text{२}}$$

$$= \frac{\sqrt{(\text{१७१९})^{\text{२}} + (\text{४६०.६०५})^{\text{२}}}}{\text{२}}$$

$$= \frac{\sqrt{\text{२९५४९६१} + \text{२१२१५६.९६६०२५}}}{\text{२}}$$

$$= \frac{\sqrt{\text{३१६७११७.९६६०२५}}}{\text{२}} = \frac{\text{१७७९.६३९}}{\text{२}}$$

$$= \text{८८९.८२} \text{ (आसन्न)}$$

## १३—प्रश्नमाला

१५ अंश र ७ अंश ३० कलाका ज्या ल्याऊ

(१) १००० त्रिज्या भएमा

(२) ३२७० त्रिज्या भएमा

(३) ३४३८ त्रिज्या भएमा

(४) ३६०० त्रिज्या भएमा

(५) १०००० त्रिज्या भएमा

## उत्तर

(१) २५८८.८१९, १३०.५२६

(२) ८४६.३३८, ४२६.८२१

(३) ८८९.८२, ४४८.७४९

(४) ९३१.७४८, ४६९.८९४

(५) २५८८.१९, १३०५.२६२

—०—

१८ प्रक्रम—

अभीष्ट चापको उत्क्रमज्या र त्रिज्या थाहा पाई त्यस चापको आधा चापको ज्या ल्याउने रीति ।

इष्ट चापको आधा चापको ज्या

$$= \frac{\sqrt{\text{ज्या}^2 + \text{उत्क्रमज्या}^2}}{२} \quad [\text{१७ प्रक्रमबाट}]$$

$$= \frac{\sqrt{\text{ज्या}^2 + (\text{त्रि} - \text{कोटिज्या})^2}}{२}$$

$$= \frac{\sqrt{\text{ज्या}^2 + \text{त्रि}^2 - २\text{त्रि. कोटिज्या} + \text{कोटिज्या}^2}}{२}$$

$$= \frac{\sqrt{(\text{ज्या}^2 + \text{कोटिज्या}^2) + \text{त्रि}^2 - २\text{त्रि. कोटिज्या}}}{२}$$

$$= \frac{\sqrt{\text{त्रि}^2 + \text{त्रि}^2 - २\text{त्रि. कोटिज्या}}}{२}$$

$$= \frac{\sqrt{२\text{त्रि}^2 - २\text{त्रि. कोटिज्या}}}{२}$$

$$= \frac{\sqrt{२\text{त्रि}(\text{त्रि} - \text{कोटिज्या})}}{२}$$

$$= \sqrt{\frac{२\text{त्रि. उत्क्रमज्या}}{४}}$$

$$= \sqrt{\frac{\text{त्रि} \times \text{उत्क्रमज्या}}{२}}$$

त्रिज्योत्क्रमज्यानिहतेर्दलस्य
मूलं तदर्धांशकशिञ्जिनी वा ॥२०॥

(सिद्धान्तशिरोमणि छेद्यकाधिकार ४$\frac{१}{२}$ श्लोक)

[ अथवा इष्ट अंशको उत्क्रमज्या र त्रिज्याको गुणनफलको आधाको मूल गर्नू , इष्ट अंशको आधाको ज्या हुन्छ । ]

उदाहरण—३० अंशको ज्या १७१९ भए १५ अंशको ज्या कति होला ?

त्रिज्या = ° को ज्या × २ = १७१९×२ = ३४३८

३०°को उत्क्रमज्या = ४६०·६०५

[ १७ प्रक्रमको उदाहरणबाट ]

$$\therefore \text{१५°को ज्या} = \sqrt{\frac{\text{त्रि} \times \text{३०° को उत्क्रमज्या}}{२}}$$

$$= \sqrt{\frac{३४३८ \times ४६०\cdot६०५}{२}}$$

$$= \sqrt{१७१९ \times ४६०\cdot६०५}$$

$$= \sqrt{७९१७७९\cdot९९५}$$

$$= ८८९\cdot८२$$

## १४—प्रश्नमाला

२२ अंश ३० कला र ११ अंश १५ कलाका ज्या ल्याऊ।

(१) २४ त्रिज्या भएमा
(२) १२० त्रिज्या भएमा
(३) १९१ त्रिज्या भएमा
(४) ३४१५ त्रिज्या भएमा
(५) १०००० त्रिज्या भएमा

## उत्तर

(१) ९·१८४, ४·६८२
(२) ४५·९२२, २३·४११
(३) ७३·०९३, ३७·२६२
(४) १३०६·८६४, ६६६·२३३
(५) ३८२६·८३४, १९५०·९०३

**१६ प्रक्रम— ६० अंशको ज्या**

३० अंशको ज्या त्रिज्याको आधा $\left(\frac{\text{त्रि}}{२}\right)$ हुन्छ भनी माथि १० प्रक्रममा लेखिएको छ। ३० अंशको कोटिज्या ६० अंशको ज्या हुन्छ भनी १२ प्रक्रममा लेखिएको छ।

$$\text{३०°को कोटिज्या} = \sqrt{\text{त्रि}^२ - \left(\frac{\text{त्रि}}{२}\right)^२}$$

$$= \sqrt{\frac{४\text{त्रि}^२ - \text{त्रि}^२}{४}}$$

$$= \frac{\sqrt{३\text{त्रि}}}{२}$$

$$\therefore \text{६०°को ज्या} = \frac{\sqrt{३\text{त्रि}^२}}{२}$$

त्रिज्यावर्गात् त्र्याहतादाप्तमूलं
द्वाभ्यां भक्तं स्यात् खषड्भागजीवा ॥२०३॥

[ त्रिज्याको वर्गलाई ३ ले गुनी गुणनफलको मूल लिनू, आएको मूललाई २ ले भाग लिनू, ६० अंशको ज्या हुन्छ । ]

**१५ अंशको ज्या**

$$१५^\circ\text{को ज्या} = \sqrt{\frac{\text{त्रि}\times ३०^\circ\text{को उत्क्रमज्या}}{२}}$$ [१८ प्रक्रमबाट ]

$$३०^\circ\text{को उत्क्रमज्या} = \text{त्रि} - ३०^\circ\text{को कोटिज्या}$$ [ ५ प्रक्रमबाट ]

$$= \text{त्रि} - \frac{\sqrt{३\text{त्रि}^२}}{२}$$

$$\therefore १५^\circ\text{को ज्या} = \sqrt{\tfrac{१}{२}\text{त्रि}\times\left(\text{त्रि} - \frac{\sqrt{३\text{त्रि}^२}}{२}\right)}$$

$$= \sqrt{\tfrac{१}{२}\text{त्रि}\times\text{त्रि}\left(१ - \frac{\sqrt{३}}{२}\right)}$$

$$= \sqrt{\tfrac{१}{४}\text{त्रि}^२(२-\sqrt{३})}$$

$$= \tfrac{१}{२}\text{त्रि}\sqrt{२-\sqrt{३}}$$

$$= \tfrac{१}{२}\text{त्रि}\left(\frac{\sqrt{३}-१}{\sqrt{२}}\right)^*$$

$$= \frac{\text{त्रि}\sqrt{३}-\text{त्रि}}{२\sqrt{२}} = \frac{\sqrt{३\text{त्रि}^२}-\text{त्रि}}{२\sqrt{२}} = \frac{\sqrt{३\text{त्रि}^२}-\text{त्रि}}{\sqrt{८}}$$

---

* वर्गे करण्या यदि वा करण्योस्तुल्यानि रूपान्यथवा बहूनाम् ।
विशोधयेद् रूपकृतेः पदेन शेषस्य रूपाणि युतोनितानि ॥ १७ ॥
पृथक् तदर्धे करणीद्वयं स्यात् मूले ... ... ... ... ।
ऋणात्मिका चेत् करणीकृतौ स्याद् धनात्मिकां तां परिकल्प्य साध्ये ।
मूले करण्यावनयोरभीष्टा क्षयात्मिकैका सुधियाऽवगम्या ॥१९॥

( भास्करीय बीजगणित, करणीषड्विध )

[ अकरणीगत राशिसहित भएको करणीगत राशिरूप द्वियुक्पद*को मूल ल्याउनुपर्दा अकरणीगत राशिको वर्गबाट करणीगत राशिलाई घटाउनू र शेषको मूल लिनू । आएको मूललाई अकरणीगत राशिमा जोडी आधा गर्नू, आएकै मूललाई अकरणीगत राशिबाट घटाएर पनि आधा गर्नू । आएका यी दुइ पद करणीरूप भई अभीष्ट द्वियुक्पदका वर्गमूल हुन्छन् ।

*भास्करको यस सूत्रमा अकरणीगत राशिसहित भएको करणीगत राशिरूप बहुयुक्पदको मूल ल्याउने रीति पनि परेको छ । तर यहाँ त्यसको प्रयोजन नहुँदा यसको व्याख्यान अहिले यहाँ गरिएको छैन । पछि प्रसङ्ग मिलाई सो व्याख्यान गरिनेछ ।

त्रिज्याकृत्या वह्निभिः संगुणाया मूलात् त्रिज्यां शोधयित्वाऽऽप्तशेषः ॥२१॥
भाज्योऽष्टानां वर्गमूलेन लब्धिः सिद्धयेज् जीवा पञ्चचन्द्रांशकानाम् ॥२१½॥

[त्रिज्याको वर्गलाई ३ ले गुनी गुणनफलको मूल लिनू, आएको मूलबाट त्रिज्या घटाउनू, आएको शेषलाई आठको मूल ( $\sqrt{८}$ ) ले भाग लिनू, १५ अंशको ज्या हुन्छ। ]

## ७५ अंशको ज्या

$$१५^\circ \text{ को कोटिज्या} = \sqrt{त्रि^२ - \left(\frac{\sqrt{३त्रि^२}-त्रि}{२\sqrt{२}}\right)^२}$$

$$= \sqrt{त्रि^२ - \frac{३त्रि^२ - २त्रि\sqrt{३त्रि^२}+त्रि^२}{४\times२}}$$

$$= \sqrt{त्रि^२ - \frac{४त्रि^२ - २\sqrt{३}त्रि^२}{४\times२}}$$

$$= \sqrt{त्रि^२ - \frac{२त्रि^२ - \sqrt{३}त्रि^२}{४}}$$

$$= \sqrt{\frac{२त्रि^२+\sqrt{३}त्रि^२}{४}}$$

---

अभीष्ट द्वियुक्पदमा करणीगत पद ऋणात्मक छ भने क्रिया गर्दा सो ऋण चिह्नको ख्याल राख्नुपर्दैन। आएको मूलमा भने एउटा करणीगत पद ऋणात्मक हुन्छ। ]

जस्तै— $२+\sqrt{३}$ यस द्वियुक्पदको वर्गमूल ल्याउँदा

$$\sqrt{२^२-३}=१। \quad \frac{२+१}{२}=\frac{३}{२}। \quad \frac{२-१}{२}=\frac{१}{२}$$

यस कारण अभीष्ट मूलका करणीगत पद $\frac{३}{२}$ तथा $\frac{१}{२}$ भए।

$$\therefore \sqrt{२+\sqrt{३}} = \sqrt{\tfrac{३}{२}}+\sqrt{\tfrac{१}{२}} = \frac{\sqrt{३}+१}{\sqrt{२}}$$

यसै गरी $२-\sqrt{३}$ को वर्गमूल ल्याउँदा

$$\sqrt{२^२-३}=१। \quad \frac{२+१}{२}=\frac{३}{२}। \quad \frac{२-१}{२}=\frac{१}{२}$$

अभीष्ट द्वियुक्पदको करणीगत पद ऋणात्मक भएकोले आएको मूलमा एउटा करणीगत पद ऋणात्मक हुन्छ।

$$\therefore \sqrt{२-\sqrt{३}} = \sqrt{\tfrac{३}{२}}-\sqrt{\tfrac{१}{२}} = \frac{\sqrt{३}-१}{\sqrt{२}}$$

यहाँ धनात्मक मूल अपेक्षित हुँदा सानो पदलाई ऋणात्मक मानिएको हो।

पृ. १२

$$= \frac{त्रि}{२}\sqrt{२+\sqrt{३}} = \frac{त्रि}{२}\left(\frac{\sqrt{३}+१}{\sqrt{२}}\right)$$

$$= \frac{\sqrt{३त्रि^२} + त्रि}{२\sqrt{२}} = \frac{\sqrt{३त्रि^२} + त्रि}{\sqrt{८}}$$

७५° को ज्या = **१५°को** कोटिज्या

$$= \frac{\sqrt{३त्रि^२} + त्रि}{२\sqrt{२}} = \frac{\sqrt{३त्रि^२} + त्रि}{\sqrt{८}}$$

त्रिज्याकृत्या वह्निभिः संगुणाया मूले त्रिज्यां योजयित्वाप्तयोगः ॥२२॥
भाज्योऽष्टानां वर्गमूलेन लब्धिः सिद्ध्येज्जीवा पञ्चशैलांशकानाम् ॥२२½॥


[ त्रिज्याको वर्गलाई ३ ले गुनी गुणनफलको मूल लिनू, आएको मूलमा त्रिज्या जोड्नू, योगफललाई आठको मूल( $\sqrt{८}$ ) ले भाग लिनू, ७५ अंशको ज्या हुन्छ । ]

$$७५°को\ कोटिज्या = १५°\ को\ ज्या = \frac{\sqrt{३त्रि^२}\ \ त्रि}{२\sqrt{२}}$$

$$= \frac{\sqrt{३त्रि^२} - त्रि}{\sqrt{८}}$$

## शून्य र ९० अंशका ज्या

पू प पूर्वापरव्यास तथा उ द याम्योत्तरव्यास छन् । यहाँ चाप शून्य अंश मात्र भएमा चापको आदि तथा अन्त्य बिन्दु पू नै हुन्छ । यस कारण चापको अन्त्य बिन्दु नै पू प रेखामा भएकोले सो बिन्दुबाट पू प रेखामा लम्ब गर्न सकिंदैन अर्थात् लम्ब शून्य हुन्छ । यस कारण शून्य अंशको ज्या शून्य हुन्छ ।



[ १६ चित्र ]

पू उ तुल्य चाप भएमा अर्थात् चाप ट्वाक्क ९० अंश भएमा चापको आदि (पू) बिन्दुबाट गरेको पू प पूर्वापरव्यासको उपरमा चापको अन्त्य (उ) बिन्दुबाट गरेको लम्ब उ के हुन्छ। सो उ के, पू उ प द वृत्तको त्रिज्या (अर्धव्यास) हो । यस कारण ९० अशको ज्या त्रिज्याले बराबर हुन्छ भन्ने सिद्ध हुन्छ ।

शून्या जीवा शून्यभागस्य सिद्ध्येत्
खाङ्कांशानां शिञ्जिनी स्यात् त्रिभज्या ॥२३॥

[ शून्य अंशको ज्या शून्य हुन्छ । ९० अंशको ज्या त्रिज्या हुन्छ । ÷ ]

ज्याको मूलबाट केन्द्रसम्म कोटिज्या रहने हुनाले शून्य अंशको कोटिज्या पू के अर्थात् त्रिज्या हुन्छ । ९० अंशको कोटिज्याचाहिं शून्य हुन्छ, किनभने यहाँ ज्याको मूल केन्द्रमा नै परेको छ ।

**२० प्रक्रम—**

पन्ध्र पन्ध्र अंश फरक पारी शून्य अंशदेखि ९० अंशसम्मका माथि ल्याइएका ज्या तथा कोटिज्या क्रमैसंग तल दिइन्छन् ।❁

**१ सारणी**

| अंश | ०° | १५ | ३०° | ४५° | ६०° | ७५° | ९०° |
|---|---|---|---|---|---|---|---|
| ज्या | ० | $\frac{\sqrt{\text{३त्रि}^{\text{२}}}-\text{त्रि}}{\sqrt{\text{८}}}$ | $\frac{\text{त्रि}}{\text{२}}$ | $\sqrt{\frac{\text{त्रि}^{\text{२}}}{\text{२}}}$ | $\frac{\sqrt{\text{३त्रि}^{\text{२}}}}{\text{२}}$ | $\frac{\sqrt{\text{३त्रि}^{\text{२}}}+\text{त्रि}}{\text{८}}$ | त्रि |
| कोटिज्या | त्रि | $\frac{\sqrt{\text{३त्रि}^{\text{२}}}+\text{त्रि}}{\sqrt{\text{८}}}$ | $\frac{\sqrt{\text{३त्रि}^{\text{२}}}}{\text{२}}$ | $\frac{\text{त्रि}^{\text{२}}}{\sqrt{\text{२}}}$ | $\frac{\text{त्रि}}{\sqrt{\text{२}}}$ | $\frac{\sqrt{\text{३त्रि}^{\text{२}}}-\text{त्रि}}{\sqrt{\text{८}}}$ | ० |

१ त्रिज्या मानी काम गर्दा लाघव हुन्छ । यस कारण आजभोलिका गणितज्ञहरू प्राय: १ त्रिज्या मानी त्रिकोणमितिहरूमा काम गर्छन् । तर १ त्रिज्या मान्दा करणीगत रूपमा आएका ज्या-कोटिज्या-हरूबाट व्यवहार चल्दैन । यस कारण व्यवहारमा करणीगत संख्याको दशमलवरूप बनाई आएका ज्या–कोटिज्याहरूलाई इष्ट त्रिज्याले गुनी इष्ट ज्याहरू ल्याई व्यवहार गर्ने गर्छन् ।

१ सारणीमा आएका ज्या-कोटिज्यालाई अब १ त्रिज्यामा परिणत गरी भिन्न तथा करणीगत रूपमा तल लेखिन्छ ।

---

÷ ९० अंश अर्थात् ३ राशि (त्रिभ= त्रि) को ज्या अर्धव्यासले बराबर हुन्छ । त्रि (३ राशि)-को ज्या हुने भएकोले नै अर्धव्यासको नाम त्रिज्या हुन गएको हो ।

❁ ० अंशको ज्या—**शून्या जीवा शून्यभागस्य सिद्ध्येत् ।**

१५ अंशको ज्या—**त्रिज्याकृत्या वह्निभिः संगुणाया मूलात् त्रिज्यां शोधयित्वाऽऽप्तशेषः।**
**भाज्योऽष्टानां वर्गमूलेन लब्धिः सिद्ध्येज्जीवा पञ्चचन्द्रांशकनाम् ।**

३० अंशको ज्या—**संपद्येताऽऽकाशवह्न्यंशकानां जीवा तुल्या त्रिज्यकाया दलेन ।**

४५ अंशको ज्या—**त्रिज्याकृत्या द्व्याहृतायास्तु मूलं सिद्ध्येज् जीवा पञ्चवेदांशकानाम् ।**

६० अंशको ज्या—**त्रिज्यावर्गात् त्र्याहताद्‌आप्तमूलं द्वाभ्यां भक्तं स्यात् खषड्भागजीवा ।**

७५ अंशको ज्या—**त्रिज्याकृत्या वह्निभिः संगुणाया मूले त्रिज्यां योजयित्वाऽऽप्तयोगः ।**
**भाज्योऽष्टानां वर्गमूलेन लब्धः सिद्ध्येज् जीवा पञ्चशैलांशकानाम् ।**

९० अंशको ज्या– **खाङ्कांशानां शिञ्जिनी स्यात् त्रिभज्या ।**

## २ सारणी

| अंश | ०° | १५° | ३०° | ४५° | ६०° | ७५° | ९०° |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| ज्या | ० | $\frac{\sqrt{३}-१}{२\sqrt{२}}$ | $\frac{१}{२}$ | $\frac{१}{\sqrt{२}}$ | $\frac{\sqrt{३}}{२}$ | $\frac{\sqrt{३}+१}{२\sqrt{२}}$ | १ |
| कोटिज्या | १ | $\frac{\sqrt{३}+१}{२\sqrt{२}}$ | $\frac{\sqrt{३}}{२}$ | $\frac{१}{\sqrt{२}}$ | $\frac{१}{२}$ | $\frac{\sqrt{३}-१}{२\sqrt{२}}$ | ० |

२ सारणीलाई दशमलवमा रूपान्तर गर्दा—

## ३ सारणी

| अंश | ०° | १५° | ३०° | ४५° | ६०° | ७५° | ९०° |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| ज्या | ० | ·२५८८२ | ·५ | ·७०७११ | ·८६६०३ | ·९६५९३ | १ |
| कोटिज्या | १ | ·९६५९३ | ·८६६०३ | ·७०७११ | ·५ | ·२५८८२ | ० |

उदाहरण— ३४३८ त्रिज्या भएमा १५ अंशको ज्या ल्याऊ ।

१ त्रिज्या भएमा १५° को ज्या ·२५८८२ हुन्छ ।

∴ अभीष्ट ज्या = ·२५८८२ × ३४३८

= ८८९ ·८२३ (आसन्न)

## १५—प्रश्नमाला

तलका त्रिज्या भएमा १५, ३०, ४५, ६०, ७५ अंशका ज्या दशमलव तीन स्थानसम्म ल्याऊ ।

(१) २४ त्रिज्या भएमा। (२) १५० त्रिज्या भएमा

## उत्तर

(१) ६·२१२, १२, १६·९७१, २०·७८५, २३·१८२ ।

(२) ३८·८२३, ७५, १०६·०६६, १२९·९०४, १४४·८८६।

२१ प्रक्रम—

**४ सारणी**

| चापको अंश | २४ त्रिज्या | | चापको अंश | १५० त्रिज्या | |
|---|---|---|---|---|---|
| | ज्या | ज्याखण्ड (अन्तर) | | ज्या | ज्याखण्ड (अन्तर) |
| ०° | ० | | ०° | ० | |
| १५° | ६ | ६ | १५° | ३९ | ३९ |
| ३०° | १२ | ६ | ३०° | ७५ | ३६ |
| ४५° | १७ | ५ | ४५° | १०६ | ३१ |
| ६०° | २१ | ४ | ६०° | १३० | २४ |
| ७५° | २३ | २ | ७५° | १४५ | १५ |
| ९०° | २४ | १ | ९०° | १५० | ५ |

दशमलवरूपमा आएका ज्यामा "अर्धाधिके रूपं ग्राह्यम्, अर्धाल्पे रूपं त्याज्यम्" (आधाभन्दा बढ्ता भए १ लिनू, आधाभन्दा कम भए १ छोड्नू=दुइ दामभन्दा बढ्ता भए १ पैसा लिनू, दुइ दामभन्दा कम भए छोड्नू) भन्ने नियमको अनुसरण गरी दशमलव भाग छोडी पूर्णाङ्क मात्र लिई यस सारणीमा ज्याका मान दिइएका छन्।

०अंशको ज्या ० हुन्छ। १५ अंशको ज्या ६ हुन्छ। ६ बाट ० घटाउँदा ६ बाँकी रहन्छ। यो पहिलो ज्याखण्ड (ज्यान्तर) हुन्छ। ३० अंशको ज्या १२ हुन्छ, यसबाट १५ अंशको ज्या ६ घटाउँदा ६ नै बाँकी रहन्छ। यो दोस्रो ज्याखण्ड हुन्छ। यसै गरी ४५ अंशको ज्याबाट ३० अंशको ज्या घटाई बाँकी रहेको ५ तेस्रो ज्याखण्ड हुन्छ। यसै गरी अरू ज्याखण्ड ल्याउनुपर्छ। २४ त्रिज्या भएमा यो उदाहरण दिइएको छ। अरू त्रिज्या भएमा पनि यसै गरी ज्याखण्ड ल्याउनुपर्छ।

यहाँ २४ त्रिज्या हुँदा आएका ज्याका अन्तरलाई वि. सं. १५७७ मा बनेको ग्रहलाघवमा गणेश दैवज्ञले दिएका छन्। जस्तै—

षट्षडिषूदधिद्विकुभि ६।६।५।४।२।१ रवैः
खेटभुजांशदिनांशमितैक्यम्।

(त्रिप्रश्नाधिकार ११½ श्लोक)

[ ६, ६, ५, ४, २, १ यी खण्ड हुन् । ग्रहको भुजांश (चापको अंश) लाई १५ ले भाग लिनू, आएको लब्धितुल्य संख्याका खण्डको योग गर्नू ( ज्या हुन्छ )। ] *

त्रिज्या १५० हुँदा आएका ज्याका अन्तरलाई वि. सं. ७२२ मा बनेको खण्डखाद्यकमा ब्रह्मगुप्तले दिएका छन् । जस्तै—

**त्रिशत्सनवरसेन्दुजिनतिथिविषया ३६।३६।३१।२४।१५।५ गृहार्द्धचापानाम् ।**

**अर्धज्याखण्डानि ज्याभुक्तैक्यं·· ··· ··· ।**

( त्रिप्रश्नाधिकार ७ श्लोक )

[ राशिका आधा (१५।१५ अंश) तुल्य चापका ज्याका खण्ड (अन्तर) ३६, ३६, ३१, २४, १५, ५ हुन्छन् । भुक्तखण्ड (गएका अन्तर) को योग गर्नू, ज्या हुन्छ । ]

गणेश तथा ब्रह्मगुप्तले क्रमैले २४ तथा १५० त्रिज्या मानी ज्याखण्ड दिएका छन् । ती ज्याखण्डबाट ज्या ल्याउनुपर्दा अंशको संख्यालाई १५ ले भाग लिई लब्धिको संख्यातुल्य गतखण्डको योग गरी ज्या ल्याउनुपर्छ ।

१ उदाहरण — २४ त्रिज्यामा ४५ अंशको ज्या ल्याउँदा ४५ लाई १५ ले भाग लिंदा ३ लब्धि आउँछ । यस कारण तीनवटा ज्याखण्डको योग गरी इष्ट ज्या ल्याउनुपर्छ।

∴ ४५° को ज्या = ६ + ६ + ५ = १७ [ २४ त्रिज्या भएमा ]

२ उदाहरण—१५० त्रिज्यामा ७५ अंशको ज्या ल्याउँदा ७५ ÷ १५ = ५

∴ ७५° को ज्या = ३६ + ३६ + ३१ + २४ + १५

= १४५ [ १५० त्रिज्या भएमा ]

[क्रमशः]

[ मेरो साथ रही मेरो विचारअनुसार यस निबन्धलाई तयार गरिदिएकोमा नानी मङ्गलदास प्रधानाङ्ग धन्यवादका पात्र छन् । ]

—०—

* गणेश दैवज्ञले ज्यालाई क्रान्ति भन्ने नाम दिएका छन् । सूर्यको भुजांश १५ अंश हुंदा सूर्यको स्थूल (मोटामोटी) क्रान्ति ६ अंश हुन्छ । २४ त्रिज्या हुंदा १५ अंशको स्थूल ज्या ६ हुन्छ। यस कारण दुवैतिर मिल्ने गरी गणेश दैवज्ञले यस्तो बोलेका हुन् ।

भुजांशको विशेष चर्चा पछि यही त्रिकोणमितिमा र क्रान्तिको विशेष चर्चा चापीयत्रिकोणमितिमा गरिनेछ ।

# हाम्रो वक्तव्य

यस प्रकरणमा हाम्रो उद्देश्य र कार्यप्रणाली, हाम्रो कामको नतीजा, हामीउपर अरूले लिएको नीति, अरूसँग भएको हाम्रो संघर्ष आदि विषयमा पाठकहरूलाई अलिअलि परिचय गराउँदै जाने विचार हामीले गरेका छौं। यसो भए हामीहरूको विषयमा विचार गर्न पाठकहरूलाई सजिलो होला भन्ने हामीलाई लागेको छ।

आफ्नो गच्छे हेरी हामीले राख्न निश्चय गरेको पत्रसंख्याभन्दा बढी पत्र पर्न आएका हुँदा 'पूर्णिमा' को दोस्रो अङ्कमा 'हाम्रो वक्तव्य' यस प्रकरणलाई नै छोड्नुपरेको थियो। यसमा केही पाठकबाट गुनासो आयो। हामीलाई पनि यसो गर्नुपरेकोमा अलि खल्लो नै लागेको थियो। यसैले पूर्वनिश्चित पत्रभन्दा केही बढी हुन आए तापनि 'हाम्रो वक्तव्य' प्रकरणलाई कायम गरेका छौं।

यस अङ्कमा हाम्रो कामप्रति केही शिक्षित वर्गले लिएको विचित्र नीतिको एक झलक पाठकको सामुन्ने राख्न लागेका छौं। हुनत कतिको दृष्टिमा यो अनावश्यक गन्थन ठहरिएला तापनि हाम्रो लागि यो होश राख्नुपर्ने विषय बनेको छ तथा यसबाट हाम्रा विद्वद्वर्गको मनःस्थितिको अलिकता झलक देखापर्ने हुँदा यो कुरा उठाउनु आवश्यक ठानेका हौं।

अरू धेरैले आँखा चिम्लेर हिंडेको बाटोबाट नहिंडी हामी अलि अर्कै बाटोबाट हिंडेका छौं÷। यसो हुँदा अरू शिक्षित वर्गभन्दा हामी केही अलग्गिएका छौं। विद्याको क्षेत्रमा खुला रूपमा मुकाबिला गर्ने हाम्रो पद्धतिदेखि केही विद्वान् प्रसन्न छैनन्। यस कारण उनीहरू यसलाई अगाड़ि बढ्न दिन चाहँदैनन्। कामको बदला कामको रूपमा सोझै हामीलाई जवाफ दिन नसक्दा वा किन हो, भिन्नभिन्नबाट विचित्र ढङ्गले यसलाई होच्याउने प्रयास भइरहन्छन्। यसका केही उदाउरण यहाँ दिइन्छन्—

राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले बनाएको 'जयरत्नाकर' नामक संस्कृत नाटकको नेपाली अनुवाद र विस्तृत उपोद्घातसहितको पुस्तक १ तथा ऐतिहासिक-पत्रसंग्रह (पहिलो भाग) को पुस्तक १ समेत हाम्रा दुइटा पुस्तक वि. सं. २०१४ को उठानमा नेपाल सांस्कृतिक परिषद्बाट प्रकाशित भए। त्यसपछि चित्तरञ्जन नेपालीले उदयानन्द र शक्तिवल्लभका कवितासम्बन्धी निबन्ध प्रगति १३ पूर्णाङ्कमा प्रकाशित गराउनुभयो। त्यहाँ शक्तिवल्लभको चर्चा गर्दा "शक्तिवल्लभ श्री ५ पृथ्वीनारायण शाहका पण्डित थिए, र उनको संस्कृत भाषाका नाटक अझ पनि दरबार (वीर) लाइब्रेरीमा सुरक्षित छ। (२-३ पृ.)...उनको संस्कृत नाटक अझ पनि दरवार (वीर) लाईब्रेरीमा सुरक्षित छ भन्ने कुरा माथि नै बताइएको छ।" (११ पृ.) भनी उहाँले लेख्नुभएको छ। परन्तु वीरपुस्तकालयमा शक्तिवल्लभको संस्कृतनाटक (जयरत्नाकर) को सम्पूर्ण प्रति छँदैछैन। खाली त्यसका ३ पत्र मात्र छन्। (वीरपुस्तकालयको बृहत्सूचीपत्र तेस्रो भागको २१ पृ. हेर्नुहोस्)। यसरी

÷हाम्रो शिक्षापद्धतिबारेमा पछि अरू अङ्कमा लेख्नेछौं।

हामीले सम्पादन गरी प्रकाशित गरेको जयरत्नाकर नाटकको नामोल्लेख गर्नुपर्ला भनी वीरपुस्तकालयमा सो नाटक छ भनी चित्तरञ्जनजीले आफ्नो चित्त बुझाउनुभएको छ।

वि. सं. २०१८ मा जगदम्बाप्रकाशनतर्फबाट हाम्रो 'गह्लीमा फ्याँकिएका कर्सिगर' छापियो। त्यसपछि वि. सं. २०२० मा साहित्य–संस्थानद्वारा दिइएको नेपाली साहित्यको विवरणमा सो पुस्तक जनकलाल ढकालको नाउँमा दर्ता गरिएको छ। (सो विवरण हिमानी १ वर्ष ४ अङ्कको ३६ पृ. मा प्रकाशित भएको छ।)

अर्काको किताप पनि आफ्नो नाउँमा पारिदिएको खुशियालीमा होला, फेरि जनकलाल ढकालले पनि हाम्रो 'ऐतिहासिकपत्रसंग्रह' लाई ईश्वर बरालको नाउँमा दर्ता गरिदिनुभएको छ। (जनकलाल ढकालको 'जोसमनी सन्तपरम्परा र साहित्य' को ५६० पृष्ठ हेर्नुहोस्।)

यस्ता उदाहरण अरू पनि धेरै दिन सकिन्छन्। अरू अरू अङ्कमा यस विषयमा हामी लेख्नेछौं। हाम्रो नामोल्लेख नगरीकन इतिहास--संशोधन आदिबाट सार झिकी आफ्नो नाउँमा दर्ता गर्ने प्रयास पनि त्यत्तिकै भएको छ। फेरि हाम्रो नाउँ लिनुपर्ला भनी नेपालको इतिहासमा प्रकाशमा आएका कति नयाँ कुरा आफ्नो पुस्तकमा नपारी चूप लागी बस्न सक्ने ठूलठूला इतिहासकार पनि हाम्रो यहाँ नभएका होइनन्।

यति भन्नाको तात्पर्य हामी यस्ता कुराबाट हतोत्साह भएका छौं भन्ने होइन। हाम्रो यहाँका विद्वान्‌को हृदय त्यति माझिएको छैन, जति विद्वान्‌को हृदय माझिनुपर्दथ्यो भन्ने देखाउनु हो। हामीहरूले त जति कष्ट सहनुपरे पनि आफ्नो कामलाई अगाडि बढाउँदै लानेछौं छौं, यसमा शङ्का छैन। परन्तु पानी कम भएको टारमा कुलो खनी वा अरू उपायले खेती सपार्न धेरै काल लागे झैं गुणग्राहक विद्वान्‌को कमी भएको देशमा शुद्ध विद्याको परम्परा चलाउन धेरै कालसम्म धेरै संघर्ष गर्नुपर्दो रहेछ भन्ने आफ्नो यो अनुभव पाठकवर्गलाई सुनाउन यति लेख्नुपरेको हो।

—०—

## शुद्धिपत्र

पूर्णिमाको पहिलो अङ्कमा—

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ६४ | २ | = | २रा = |
| ६७ | २६ | ज्या | ५ ज्या |
| ६८ | १४ | V$\overline{१\tfrac{२}{१}(-\tfrac{१}{२})}$ | V$\overline{१^{२}-(\tfrac{१}{२})}^{२}$ |
| ७० | ७ चित्र पूर्वाभिमुख छापिनुपर्नेमा उत्तराभिमुख छापिएको छ। | | |
| ७० | १८ | सिद्धेत् | सिद्ध्येत् |

दोस्रो अङ्कमा—

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ८१ | ६ | ६ प्र. | ५ प्र. |

(छापाखानामा मूल चिह्नको कमी भएकोले V¯ यी दुइ चिह्न जोडी काम चलाइएको छ।)

का. मे. अ. द. नं १५५ / २४६

कार्यालय --
संशोधन—मण्डल
१० / ४५२ महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२१ कार्तिक-संक्रान्ति

वार्षिक मूल्य- मो. रु ५।
(डाँकखर्च अलग)
यस अङ्कको मूल्य मो.रु. २।

मुद्रक—
जोरगणेश प्रेस प्रा० लि०
काठमाडौं, नेपाल